खुला सिकाइ शिक्षा

नेपाली

आधारभूत तह

कक्षा ६ – ८ सरह

तह २

नेपाल सरकार
शिक्षा मन्त्रालय
अनौपचारिक शिक्षा केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : **नेपाल सरकार**
शिक्षा मन्त्रालय
अनौपचारिक शिक्षा केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०६५

दोस्रो संस्करण : वि.सं. २०६६ (परिमार्जित)

तेस्रो परिमार्जित संस्करण : वि.सं. २०७३

मुद्रक :

हाम्रो भनाइ

शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो। यद्यपि विभिन्न कारणले सबैले शिक्षाको पहुँच पाएका छैनन्। अझै पनि आधारभूत तह कक्षा १-५ पुरा गरी पढाइ छाड्नेहरूको सङ्ख्या ठुलै छ । उक्त शिक्षा पुरा गरी घरायसी समस्याका कारण पढ्न नपाएकाहरूलाई लक्षित गरी अनौपचारिक शिक्षा केन्द्रले आधारभूत तह कक्षा ६-८ को औपचारिक शिक्षाको पाठ्यक्रमलाई संश्लेषण गरी खुला सिकाइका रूपमा पहिलो र दोस्रो तहका कक्षा सञ्चालन गरिएको छ । उमेर र समयको बन्देज नगरी स्थानीय समुदाय र सिकारुको उपयुक्त समयमा कक्षा सञ्चालन गरी दुई वर्षको अवधिमा कक्षा ६-८ सर हको शिक्षा दिने उद्देश्यले खुला सिकाइ अन्तर्गत दोस्रो तहमा पठन पाठन गराउन यो पुस्तक तयार पारिएको हो ।

खुला सिकाइ अन्तर्गत सिकारुले पनि आधारभूत तहको अन्त्यमा लिइने जिल्ला स्तरीय परीक्षामा सहभागी हुनुपर्ने भएकाले मूलत: यसमा पनि औपचारिक पाठ्यक्रमकै विषयवस्तु समेटिएका छन् । यद्यपि यसमा पाठ्यांशको प्रस्तुतीकरण, अभ्यास संयोजन र सिकारुका रुचि, क्षमता र चाहनालाई यथासम्भव समेटी सरलीकरण गरिएको छ । खुला सिकाइको मर्मअनुसार यसमा सिकारुले आफ्नो क्षमता तिखार्ने, व्यावहारिक ज्ञानलाई सैद्धान्तिक बनाउने, अन्तरक्रिया र छलफल गर्ने तथा पढेर र गरेर सिक्ने प्रशस्त अवसर पाउने छन् । यस पुस्तकको शिक्षण सिकाइमा सिकारु सक्रिय लाभक र शिक्षक सहजकर्ताका रूपमा रहने छन् । सिकारुले ज्ञानलाई व्यावहारिक रूपमा आत्मसात् गरी तिनको स्तरीकरण, वर्गीकरण र विशिष्टीकरण गर्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत पुस्तकको मस्यौदा लेखन शिवप्रसाद उप्रेती, गणेशप्रसाद भट्टराई र विष्णुप्रसाद अधिकारीले गर्नुभएको हो भने पुस्तकलाई यस रूपमा ल्याउने क्रममा प्रा. डा. विद्यानाथ कोइराला, सुशील पाण्डेय र पूर्णबहादुर श्रेष्ठको विशेष योगदान थियो । खुला सिकाइ शिक्षाको पाठ्यक्रममा आएको परिवर्तनसँगै पूर्व लिखित पुस्तकलाई पाठ्यक्रम अनुकूल परिमार्जन गर्ने कार्य दिवाकर ढुङ्गेल, बालकृष्ण गैरे, द्रोण दाहाल, महेशप्रसाद भट्ट, सूर्यबहादुर कार्की र रुद्रप्रसाद भट्टराई रहेको समितिले र मूल्याङ्कन कार्य रजनी धिमालले गर्नु भएको छ। यस संस्करणको सम्पादन कार्य रुद्रप्रसाद भट्टराईले, टाइप सेटिङ विनीता कार्की, मीरा मैनाली, कृष्णगोपाल हायजुले र लेआउट डिजाइन जयराम कुइँकेलले गर्नु भएको हुँदा उहाँहरू लगायत पुस्तकलाई यस रूपमा ल्याइपुऱ्याउन सहयोग गर्नुहुने सम्बद्ध सबैलाई केन्द्र धन्यवाद प्रदान गर्दछ ।

यस पुस्तकलाई सकेसम्म त्रुटिरहित बनाउने प्रयास गरिएको छ, तथापि यसमा भाषाशैली, प्रस्तुतीकरण जस्ता पक्षमा अझै कमीकमजोरी हुन सक्छन्। यसको सुधारका लागि सिकारु, शिक्षक र सम्बद्ध सरोकारवालाबाट प्राप्त हुने रचनात्मक सुझावको केन्द्र सधैँ अपेक्षा गर्दछ ।

अनौपचारिक शिक्षा केन्द्र

विषय सूची

क्र.स.	पाठ शीर्षक	विधा	पृष्ठ
१.	प्रश्नोत्तर	कविता	१
२.	खसीको तौल	कथा	७
३.	सबैको रक्षक कानुन	प्रबन्ध	१४
४.	महाकवि कालिदास	जीवनी	२१
५.	किसान	कविता	२९
६.	समावेशी शिक्षा	संवाद	३४
७.	उपमन्युको परीक्षा	कथा	४४
८.	समाज सेवाका बाटामा	चिठी	५३
९.	चार्ल्स डार्विन	जीवनी	५८
१०.	दिलमाया	कथा	६४
११.	वन्यजन्तु र तिनको सुरक्षा	निबन्ध	७१
१२.	फ्लोरन्स नाइटिङ्गेल	जीवनी	७९
१३.	धनभन्दा विद्या ठुलो	रूपक	८६
१४.	ओखलढुङ्गा	कविता	९५
१५.	छिमेकी	कथा	१०१
१६.	अन्तरिक्ष यान	निबन्ध	१०८
१७.	दरबार	कथा	११५
१८.	नुनको सोझो	कथा	१२४
१९.	काठमाडौँको मन दुख्यो कि दुखेन ?	कविता	१३४
२०.	प्रधानाध्यापकलाई निवेदन	चिठी	१३९
२१.	सङ्घर्ष	कथा	१४२

पाठ १

प्रश्नोत्तर

- लक्ष्मीप्रसाद देवाकोटा

के हो अहो अमृत त्यो सुरदेव पान ?
सच्चा कमाइ गरिखानु भनेर जान
खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?
आफु मिटाई अरूलाई दिनू जहाँ छ ।

पाइन्न शान्ति किन हो कुन ठाउँ मिल्छ ?
तर्किन्छ त्यो रुखमुनी जुन साथ मिल्छ ।
देखिन्छ ईश कुन मन्दिरमा पसेर ?
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर

यस्तो रहस्यमय जीवन बुझ्नलाई
जानू कहाँ पढ्नु के, गुरु को बनाई ?
खुल्दो गुलाबबिच ज्ञान अनेक फुल्छन्
उद्यानमा बस गई सब तत्त्व खुल्छन् ।

कर्तव्य के छ जनको, यति छन् विरोध ?
नक्षत्र हेर नभमा दिलसाथ सोध
के हो ठुलो जगतमा ? पसिना विवेक
उद्देश्य के लिनु उडी छुनु चन्द्र एक

शब्द र अर्थ

अमृत	:	खाँदा अमर हुने पदार्थ
सुरदेव	:	देवता, पूज्यनीय व्यक्ति

ईश	:	ईश्वर
आसन	:	बस्ने ठाउँ
रहस्यमय	:	सजिलैसँग बुझ्न नसकिने
गुरु	:	अशल शिक्षा दिने व्यक्ति
उद्यान	:	बगैंचा
तत्त्व	:	मुख्य कुरा, पदार्थ
नक्षत्र	:	तारा
दिल	:	चित्त, मन
विवेक	:	असल खराब छुट्याउन सक्ने गुण
नभ	:	आकाश

अभ्यास

सुनाइ र बोलाइ

१. 'प्रश्नोत्तर' कविताको पहिलो र दोस्रो श्लोक सहजकर्ताबाट सुन्नुहोस् र तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :

(क) देवताले पिउने अमृत के हो ?

(ख) सुख कहाँ पाइन्छ ?

(ग) शान्ति कुन ठाउँमा मिल्छ ?

(घ) ईश्वर कुन मन्दिरमा देखिन्छन् ?

(ङ) 'अमृत' र 'मिटाई' शब्दको अर्थ के हो ?

२. कविताको तेस्रो र चौथो श्लोक सहजकर्ताले वाचन गरेको सुन्नुहोस् र तपाईं पनि त्यसरी नै वाचन गर्नुहोस् ?

३. तलका शब्दहरूलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

अमृत, खोज्छन्, तर्किन्छ, हाँस्छ, उद्यान, नक्षत्र, उद्देश्य ।

४. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :

क) 'प्रश्नोत्तर' कविताका लेखक को हुन् ?

ख) 'प्रश्नोत्तर' कवितामा कति ओटा श्लोक छन् ?

ग) मानिसले कस्तो उद्देश्य लिनु पर्दछ ?

घ) रहस्यमय जीवन बुझ्न कहाँ गई पढ्नुपर्छ ?

ङ) तत्त्व खुल्ने ठाउँ कुन हो ?

च) ईश्वर कहाँ भेटिन्छन् ?

५. 'उडी छुनु चन्द्र एक' भनेको के हो ? कक्षामा छलफल गर्नुहोस् ।

पढाइ :

१. 'प्रश्नोत्तर' कविताको तेस्रो र चौथो श्लोक पढ्नुहोस् र तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

क) मानिसको रहस्यमय जीवन बुझ्न कहाँ जानुपर्छ ?

ख) विद्यार्थीका कर्तव्य के के हुन् ?

ग) गुलाब, तत्त्व, नभ र विवेक शब्दको अर्थ लेख्नुहोस् ?

घ) फुल्छन्, खुल्छन्, विवेक र एक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

२. 'प्रश्नोत्तर' कविता कक्षामा पालै पालो वाचन गर्नुहोस् ।

३. 'प्रश्नोत्तर' कवितामा प्रयोग भएका पान, जान जस्ता अनुप्रासयुक्त शब्दहरू टिप्नुहोस् र ती शब्दको अर्थबारे साथीसँग छलफल गर्नुहोस् ।

४. कविताका आधारमा खाली ठाउँ भर्नुहोस् :

यस्तो ..... जीवन .....

जानु ..... बनाई ?

..... ज्ञान ..... फुल्छन्

..... बस ..... तत्त्व ..... ।

लेखाइ :

१. कविताका आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) ईश्वर कुन मन्दिरमा पाइन्छन् ?

ख) मानिसलाई कसरी सुख मिल्छ ?

ग) शुद्ध मनमा केको बास हुन्छ ?

घ) गुरुबाट कस्तो ज्ञान मिल्छ ?

ङ) मानिसले कस्तो लक्ष्य लिनु पर्छ ?

च) कुन काम अमृत सरह ठानिन्छ ?

छ) कस्तो काम गर्नु मानिसको कर्तव्य हो ?

२. तल दिइएको श्लोकको भाव स्पष्ट पार्नुहोस् :

के हो ठुलो जगतमा ? पसिना विवेक

उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ।

३. दिइएका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

ज्ञान, उद्यान, आकाश, विरोध, विवेक, कर्तव्य ।

४. 'प्रश्नोत्तर' कविताको मुख्य भाव लेख्नुहोस् ।

५. 'प्रश्नोत्तर' कवितामा उल्लेख गरिएका विषय तपाईं हाम्रो जीवनमा के कति उपयोगी छन् ? एक अनुच्छेदमा लेख्नुहोस् ?

शब्दभण्डार :

१. तलका शब्दको विपरीतार्थ शब्द लेख्नुहोस् :

शब्द	**विपरीतार्थक शब्द**
अमृत	विष
सच्चा	
शान्ति	
विरोध	
शुद्ध	
ज्ञानी	

२. तलका शब्दको पर्यायवाची शब्द लेख्नुहोस् :

शब्द	पर्यायवाची शब्द
ईश	ईश्वर, भगवान्
सुख	
जगत्	
रहस्य	
उधान	
नभ	

कार्यमूलक व्याकरण :

१. **दिइएको तालिका पढ्नुहोस् :**

क्र.स.	**शब्दार्थ**	**उदाहरण**
१.	नाम	देवता, गुरु, उधान, नक्षत्र
२.	सर्वनाम	त्यो, आफु, म, हामी, तिमी
३.	विशेषण	असर, शुद्ध, रहस्यमय, ठुलो
४.	क्रिया	मिल्छ, दिन्छ, खुल्छन्, बनाई

२. 'प्रश्नोत्तर' कवितामा प्रयोग भएका दुई दुई ओटा नाम, सर्वनाम, विशेषण र क्रियापद टिप्नुहोस् ।

३. तलका शब्दहरूलाई नाम, सर्वनाम, विशेषण र क्रियाका समूहमा राख्नुहोस् :

सुन्दर, केटी, जान्छ, गयो, ऊ, तिनी, बालक, रुख, नक्षत्र, दियो, नयाँ, फुलेको, भन्छ, सोझो, जो, हामी ।

नाम	सर्वनाम	विशेषण	क्रिया
१.	१.	१.	१.
२.	२.	२.	२.
३.	३.	३.	३.
४.	४.	४.	४.

४. तिन तिन ओटा नाम, सर्वनाम, विशेषण र क्रियापद प्रयोग गरी आफ्नो कक्षाकोठाको वर्णन गर्नुहोस् ।

५. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

नेपाल, नेपाली, असल, कान्छी, तिम्रो, दियो, गरेको छ, उनको, मोबाइल, कालो, ल्यापटप

६. तलका अनुप्रासयुक्त शब्द जोडालाई प्रष्टसँग उच्चारण गर्नुहोस् :

कर-खर	कनी-खनी	चना-जना	चरा-जरा
चार-छार	तर-दर	तान-थान	

परियोजना कार्य :

१. ‘ प्रश्नोत्तर’ कविताकै शैलीमा ‘उपदेश’ शीर्षक राखी एउटा कविता लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

पाठ २

खसीको तौल

धेरै धेरै वर्ष अगाडिको कुरा हो । एकजना धनी व्यापारी व्यापारको सिलसिलामा आफ्नो गाउँभन्दा निकै टाढा पुगेर घर फर्किंदै थिए । फर्किंदा बाटामा एउटा घना जङ्गल फेला पऱ्यो । जङ्गलको मुखमा एउटा ठुलो पीपलको फेदमा छाता ओडेर एउटा खाइलाग्दो युवक बसेको रहेछ । त्यसलाई देखेर व्यापारीले चकित हुँदै मनमनै कुरा खेलाए । "यो युवकले आखिर किन छाता ओडेको होला ? ओतका लागि भनौँ भने पानी परेको छैन । छायाका लागि भनौँ भने रूखको छाया छँदै छ । पक्कै पनि यसरी बस्ने मानिसको दिमागी सन्तुलन बिग्रेको हुनुर्पछ ।" यस्तै विभिन्न तर्कना गर्दा गर्दै उनी त्यो युवक बसेकै ठाउँमा आइपुगे । युवकले उनलाई जङ्गलको बाटो साथै जाने आग्रह गऱ्यो । जङ्गल निकै ठुलो भएकाले एक्लै छिचोल्न हिंसक जनावरहरूको डर हुन्थ्यो । बुढा व्यापारीले पनि मन्जुरी दिए । उनीहरू सँगै जाँदै थिए, बाटामा खोलो तर्नुपर्ने भयो । व्यापारीले जुत्ता, सुरुवाल फुकालेर खोलो तरे भने युवकले जुत्ता लगाएर नै पार गऱ्यो । यो देखेर बुढा व्यापारी झन् चकित भए ।

जङ्गल सकिएपछि अलिक पर एउटा गाउँ आयो । व्यापारी र युवक दुबै जनालाई भोक लागेको थियो । अहिले जस्तो ठाउँ ठाउँमा होटल पसल त्यतिखेर थिएनन् । त्यसैले उनीहरू हुनेखाने जस्तो एउटा घरमा गएर सोध्न थाले । "यहाँ केही खाने कुरा पाइन्छ कि ?"

घरधनीले पुरा कुरासमेत नसुनी 'चिन्नु न जान्नु घचेटी माग्नु' भन्दै ढोका पो लगायो । उनीहरू अरू घरमा पनि गए । तर उनीहरूलाई गाउँलेहरूले यसरी नै हप्काएर पठाए । यस्तो व्यवहार देखेर युवकले "यो गाउँ त निर्जन पो रहेछ" भन्दै बुढासँग गुनासो पोख्यो । बुढाव्यापारी युवकका कुरा सुनेर फेरि पनि चकित भए । तर उनले कुनै प्रतिक्रिया जनाएनन् ।

हिँड्दाहिँड्दा उनीहरू बुढाव्यापारीको गाउँ नजिकै आइपुगे । बुढाव्यापारी युवकलाई त्यहीँ छाडी उसलाई मानिस लिन पठाउने आश्वासन दिएर आफु मात्र घर गए । बुढाकी जहान पहिले नै परलोक भइसकेकी र सन्तानका नाउँमा एउटै छोरी मात्र थिइन् । उनै छोरी र नोकरचाकर मात्र घरमा थिए । बुढाले बाटामा घटेका सबै घटना छोरीलाई सुनाए । छोरी निकै बाठी रहिछन् । छोरीले आफ्नो बाबुको कुरा सुनेर भनिन् "युवकले रूखमुनि बसेर छाता ओडेको ठीकै त हो । छाताको काम घाम, पानी छल्ने मात्र कहाँ हो त ? रूखका फेदमा बस्दा रूखका सानातिना सुकेका हाँगा खस्न सक्छन् । रूखमा बसेका चराहरूले बिस्ट्याउन सक्छन् । त्यस्ता कुरा छल्न पनि छाता ओड्नुपर्छ । फेरि बाटो हिँड्दा गाई, भैँसी धपाउन र लौरो टेक्न पनि छाताले काम दिन्छ ।" बुढाव्यापारीले आफ्नी छोरीको कुरामा चाख लिँदै सोधे "अनि खोलो तर्दा जुत्ता नफुकाली तरेको किन ?' छोरीले भनिन्, 'त्यो पनि ठिकै त हो । आफुले थाहा नपाएको, नजानेको खोलामा त्यसै पस्नु हुँदैन ! सिसाका टुक्रा, काँटी बिझ्न सक्छन् । विषालु जनावरले डस्न सक्छन् ।"

बुढाले छोरीको कुरा सुनेर मक्ख पर्दै फेरि सोधे' गाउँलाई उसले किन निर्जन ठानेको त ?" छोरीले भनिन् 'अब रह्यो गाउँभरि मानिस देख्ता देख्तै निर्जन किन भन्यो भन्ने कुरा। घरगृहस्थी भएपछि भोका, नाङ्गा, वृद्ध, असहाय, बालक, दु:ख पाएकालाई यथाशक्य मदत गर्नु मानिसको कर्तव्य हो । समर्थ भइकन पनि आशा लिएर आएका मानिसलाई निराश बनाइन्छ भने त्यो गाउँलाई निर्जन नभनेर के भन्ने त ? ... तर पख्नोस् अझै म उनको परीक्षा लिन्छु" यति भनी नोकर्नीको छेवैमा गई उनले कानमा फुसुफुसु गरेर केही कुरा भनिन् । अनि नोकरहरूलाई चाहिँ इनारबाट पानी ओसारी आँगनमा चारैतिर हिलो बनाउन अह्राइन् ।

व्यापारीकी छोरीले भने बमोजिम नोकर्नी युवककहाँ पुगी र उसले युवकलाई भनी, "मलाई मालिकले तपाईंलाई लिएर आउन पठाएको तर मलाई अन्यत्र पनि जानु छ। तपाईं एक्लै पनि जान सकिहाल्नुहुन्छ। ऊ... त्यो प ... र ... देखिएको घर त हो नि" यति भनेर नोकर्नी मन्दिरतिर लागी । जाँदा जाँदै उसले हातका दुई ओटा औँला कानकै छेउमा लगेर पड्काई पनि । युवक एकैछिन रनभुल्लमा पऱ्यो । कुन घरमा जाने, जाने ? यत्तिकैमा उसलाई नोकर्नीले जाँदाजाँदै कानका छेवैमा लगेर दुई ओटा औँला पड्काएको सम्झना भयो । बल्ल उसले लख काट्यो "कानको आकारसँग मिल्दाजुज्दा नै ताडका पङ्खा पनि हुन्छन् भने पक्का पनि उसले ताडको रूख भएको घर भनेर सङ्केत गरेकी होली ।" यही सो चेर ऊ ताडको रूख भएको घर खोज्दै पुग्यो । नभन्दै बुढाको घर त्यही रहेछ । तर घरभित्र कसरी जाने भन्ने कुराले उसलाई फसाद पाऱ्यो । आँगनमा जतातत्तै हिलैहिलो थियो । युवक जुत्ता र सुरुवाल फुकाली हिलै टिकेर घरको सिकुवासम्म पुग्यो । पेटीमा एक लोहोटा पानी राखिएको रहेछ। त्यति पानीले सबै हिलो पखाल्न नपुग्ने भएकाले उसले पहिले पुरानो झुत्रो कपडा मगाएर दुइटै गोडामा लागेको हिलो पुछ्यो। त्यसपछि लोहोटाको पानीले हिलो पखाल्यो ।

यी सबै कुरा बुढाकी छोरीले झ्यालबाट चियाएर हेरिरहेकी थिई । उसले ठानी "मौका पर्दा धेरै चिजबाट धेरै काम लिन सक्ने यी युवक वास्तवमा बुद्धिमान् रहेछन् ।" युवकप्रति उसको मनको कुनामा कताकता प्रेम टुसायो । युवक केही दिन त्यहीँ बस्यो । सँगै बस्दा युवक पनि बुढाकी छोरीप्रति बिस्तारै आकर्षित हुन थाल्यो । दुवैका मनमा एक अर्काप्रति प्रेम बढ्न थाल्यो । केही समयपछि दुवैको विवाह पनि भयो ।

एक दिन युवक बगैँचामा एक्लै डुल्दै थियो । उसलाई धेरै समयदेखि खोज्दै हिँडेका मानिसहरू आइपुगे । त्यो युवक छिमेकी देशका धनीमानी जमिनदारको एक मात्र सन्तान रहेछ । बाबु छोराको केही कुरामा मतभेद भई रिसाएर बाबुले छोरालाई मौजाबाट निकाला गरेका रहेछन्। खोज्दै हिँडेका मानिसहरूबाट उसले बाबु बिरामी भएको र नबाँच्ने अवस्थामा पुगेको कुरा थाहा पायो। उसले समाचार लिएर आउने मानिसहरूलाई एकछिन पर्खिन भन्यो र आफुचाहिँ घरभित्र पस्यो। आफ्नी जहान र सुरालाई उसले घरमा बा बिरामी भएको खबर पाएको कुरा

सुनायो र तत्काल घर जाने कुरा गऱ्यो । उसले जहानलाई छिट्टै फर्किने विश्वास पनि दिलायो । त्यसपछि जहान र ससुरासँग बिदा भएर युवक आफ्ना घरतिर लाग्यो ।

उता युवक घर पुग्नासाथ उसका बाबुको स्वर्गवास भयो । बाबुको शेषपछि ऊ नै नयाँ जमिनदार भयो । नयाँ भएकाले उसलाई जमिनदारीको त्यति अनुभव थिएन । यही मौका छोपी छिमेकीहरूले लेनदेनमा जग्गाका सिमानामा किचलो झिकेर उसलाई दुःख दिन थाले । ऊ त्यसैमा अल्झिनुपऱ्यो र उसले जहानतिर ध्यान दिन पाएन ।

यता बुढाकी छोरी गर्भवती रहिछन् । केही समयपछि उनले छोरी जन्माइन् । युवक गएको धेरै समयसम्म केही खबर आएन । उसले आफ्नो पुरा परिचय रठेगानापनि छोडेको थिएन । बुढापहिला जस्तो काम गर्न सक्दैनथे । व्यापार पनि बिस्तारै बिस्तारै बिग्रिसेको थियो । त्यसैले उनीहरू दिक्क भएर त्यो गाउँ छाडी अन्यत्र बसाईं सरे ।

युवकलाई पनि धेरै समय झमेलामा व्यस्त हुनुपऱ्यो । त्यसबाट बल्लतल्ल फुर्सद भएपछि जहानको सम्झना भयो । उसले आफ्ना केही मानिसहरू उनीहरूलाई लिन त्यस गाउँमा पठायो तर उनीहरूले बुढाव्यापारी र उनकी छोरी बसाइँ सरिसकेकाले फेला परेनन् भन्ने खबर ल्याए । यो खबरले उसलाई स्तब्ध तुल्यो । आफ्नी त्यस्ती बाठी श्रीमती कहाँ होली भन्ने चिन्ताले ऊ चौबिसै घण्टा भुटभुटिन थाल्यो । अनि उसले देश विदेशका कुना काप्चासम्म पनि पुग्ने गरी एउटा सूचना प्रचारप्रसार गरायो । सूचनामा भनियो "इच्छुक व्यक्तिलाई एउटा बलियो खसी पाल्न दिइने छ । जुन व्यक्तिले दुई महिनासम्म त्यो खसीको तौल यथावत् राख्ने गरी पाल्न सक्छ, त्यसलाई ठुलो इनाम दिइने छ ।"

यो सूचना एक कान दुई कान मैदान हुँदै ती बुढा व्यापारीहरू बसेका गाउँमा पनि आइपुग्यो । त्यस गाउँको मुखियाले पनि यो कुरा सुन्यो । "हाम्रो गाउँमा कसैले यो काम गर्न सक्ने भए त मैले पनि इनाम पाउने थिएँ ।" मुखियाले यो कुरा यत्रतत्र भन्दै हिँड्न थाल्यो । मुखियाको यो कुरा एकदिन बुढाकी छोरीले पनि सुनिन् । उनले मुखियासित गएर कोसिस गर्ने आग्रह गर्दै तौल यथावत् राख्ने तरिका पनि बताइदिइन् ।

मुखियाले गएर त्यो युवकलाई भेट्यो । उसले आफुले युवकले भनेको काम फत्ते गर्न सक्ने कुरा बतायो र खसी पनि सँगै लिएर आयो । बुढाकी छोरीले बताए अनुसार मुखियाले नजिक नजिकै दुई ओटा जनावर राख्ने खोर बनाउन लगायो । एउटामा नापजोख गरेर खसी बाँध्यो र अर्कामा जङ्गलबाट ब्वाँसो ल्याएर थुन्यो । खसीलाई मिठो मिठो घाँस दिन थालियो । ब्वाँसोलाई भने भोक तिर्खाले धेरै बेरसम्म तड्पाएर मात्र खाने कुरा दिइन्थ्यो । ब्वाँसो रिसाएर सधैँ खाउँला जस्तो गरेर ड्वारड्वार गर्दै खसीतिर झम्टिन्थ्यो । मिठो मिठो घाँस खाए पनि खसीको आङमा डरले गर्दा मासु, बोसो केही बढ्न सकेन । दुई महिनापछि जोख्ता पनि खसीको तौल पूर्ववत् नै पाइयो ।

यो देखेर युवकले मुखियालाई भने "मुखिया दाइ तिम्रो बुद्धिले यो काम पक्कै गरेको होइन। तिमीलाई यस्तो काम गर्न सिकाउने को हो भन त।" पहिला मुखियाले साँचो कुरा खोलेन। आफ्नै बुद्धिले गरेको दाबी गऱ्यो तर युवकले ऱ्याखऱ्याख पारेपछि मुखियाले अर्कै गाउँबाट बसाइँ सरेर आएका एक जना बुढाकी छोरीले सिकाए अनुसार गरेको स्वीकार गऱ्यो। युवकले मुखियाका कुरा सुन्नासाथ बुढाकी छोरी अरू कोही नभएर आफ्नै जहान हुनुपर्छ भन्ने ठानी उनसले त्यो सबै परिवारलाई आफ्नो गाउँमा झिकायो। नभन्दै उसकै जहान र ससुरा रहेछन्। यसरी युवकको आफ्ना ससुरा र जहानसँग फेरि भेट भयो र उनीहरू सपरिवार खुसी साथ रहन थाले।

शब्दार्थ :

सन्तुलन	:	समान रूपमा मिलाउनु
हिंस्रक	:	हिंसा गर्ने वा मार्ने, डरलाग्दो जनावर
निर्जन	:	एकान्त
यथाशक्य	:	सकेसम्म
सिकुवा	:	परम्परागत घरहरूमा मूल ढोकासँगै रहेको बस्न मिल्ने ठाउँ
किचलो	:	निहुँ
यथावत्	:	पहिलेको जस्तै
पत्ते गर्नु	:	सम्पन्न गर्नु
ऱ्याखऱ्याख पार्नु	:	हकार्नु

अभ्यास

सुनाइ र बोलाइ

१. तल दिइएका शब्दहरूलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

छिचोल्नु, जुत्ता, आश्वासन, फुसफुस, नोकर्नी, मिल्दाजुल्दा, लोहोटा, आकर्षित, जहान, गर्भवती, फुर्सद, इच्छुक, यथावत्।

२. 'खसीको तौल' कथाको अन्तिम अनुच्छेद सहजकर्ताले भन्ने र तपाईंले लेख्ने गर्नुहोस्।

३. 'खसीको तौल' कथा पढी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

क) यात्रीहरूले घरमा गएर के सोधे ?

ख) बुढा व्यापारी किन चकित परे ?

ग) बुढा व्यापारी किन मक्ख परे ?

घ) युवक कसको सन्तान रहेछ ?

ङ) छिमेकीहरूले युवकलाई कसरी दुःख दिए ?

च) 'खसीको तौल' कसरी यथावत् रह्यो ?

छ) युवकले आफ्नी जहानलाई कसरी भेटायो ?

४. निम्न लिखित उखान र टुक्काबारे कक्षामा छलफल गर्नुहोस् :

क) चिन्नु न जान्नु घचेटी माग्नु

ख) फत्ते गर्नु

ग) च्याख च्याख पार्नु ।

पढाइ :

१. 'खसीको तौल' कथा सहजकर्ताको निर्देशन अनुसार पालै पालो वाचन गर्नुहोस् ।

२. तलका घटनाहरूलाई क्रमैसँग मिलाएर लेख्नुहोस् :

- खसी ब्वासोका डरले मोटाउन सकने ।
- बुढा व्यापार बिग्रेकाले छोरीसहित बसाइँ सरे ।
- युवक र बुढाकी छोरीबिच प्रेम बढ्दै गई विवाहसमेत भयो ।
- गाउँले दुष्ट भएकाले व्यापारी र युवकले बास पाएनन् ।
- युवक छाता ओढेर रूखमुनि बसेका बेलामा बुढो व्यापारीसँग भेट भयो ।
- नोकर्नी युवकलाई लिन गई ।
- युवक आफ्नो परिवारसँग खुसी मानेर बस्न थाल्यो ।
- बुढाले बाटामा घटेका सबै घटना छोरीलाई सुनाए ।

३. पाठका आधारमा तलको खाली ठाउँ भर्नुहोस् :

क) यो देखेर बुढा व्यापारी झन् ..... भए ।

ख) छोरी निकै ..... रहिछन् ।

ग) युवक ..... एक्लै डुल्दै थियो ।

घ) बुढाकी छोरी ..... रहिछन् ।

ङ) एउटामा ..... गरेर खसी बाँच्यो ।

च) उनीहरू सपरिवार ..... रहन थाले ।

४. 'खसीको तौल' कथाको चौथो अनुच्छेद पढेर तलका प्रश्नको उत्तर दिनुहोस् :

क) बुढाव्यापारीका कती जना सन्तान दिए ?

ख) बुढाले छोरीलाई के सुनाए ?

ग) बुढाकी छोरीले गाउँलाई किन निर्जन भनिन् ?

घ) छोरीले नोकरहरूलाई के बनाउन अह्राइन् ?

ङ) 'असहाय' र 'निर्जन' को अर्थ के हो ?

लेखाइ :

१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) युवकको कुन कार्यले व्यापारी छक्क परे ?

ख) व्यापारीकी छोरी साँच्चै बाठी थिई ? कसरी ?

ग) युवकले किन घर छाडेको थियो ?

घ) छिमेकीले नयाँ जमिनदारसँग कस्तो व्यवहार गरे ?

ङ) खसीको तौल उति नै राख्न व्यापारीकी छोरीले कस्तो जुक्ति सिकाई ?

च) युवकले कसरी आफ्नो परिवार भेट्यो ?

२. 'खसीको तौल' कथामा खसीको तौल यथावत् राख्न नसकेको भए के हुन्थ्यो होला कल्पना गरेर अर्को कथा लेख्नुहोस् ।

३. घर गृहस्थी भएपछि भोका, नाङ्गा, वृद्ध, असहाय, बालक, दुःख पाएकालाई यथाशक्य मदत गर्नु मानिसको कर्तव्य हो भन्ने भनाइको भाव स्पष्ट पार्नुहोस् ।

४. तल दिइएका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :
मन्जुरी, बिस्ट्याउन, बालक, भोको, इनार, अन्यत्र, लोहोटा, प्रेम, जहान, बाठी, इनाम, मुखिया ।

५. तल दिइएका शब्दहरूलाई शुद्ध पारेर टिप्नुहोस् :
मञ्जुरी, ईनार, बुडा, ब्यापारि, सुचना, भैषी, पानि, शिमाना, उनिहरु ।

६. 'खसीको तौल' कथाको छैटौं अनुच्छेदको मुख्य भाव लेख्नुहोस् ।

कार्यमूलक व्याकरण :

१. **तल दिइएको तालिका पढ्नुहोस् :**

समूह क	**समूह ख**
♦ निहिता घरमा छिन् ।	♦ निलम घरमा थिइन् ।
♦ अनिल निबन्ध लेख्छ ।	♦ अनिता निबन्ध लेख्थिन् ।
♦ राकेश विज्ञान पढ्छ ।	♦ रमितले विज्ञान पढ्यो ।
♦ आलम क्रिकेट खेल्छ ।	♦ आलम फुटबल खेल्थ्यो ।
♦ पाल्देन उकालो लाग्छ ।	♦ पामिर बजार झऱ्यो ।

माथि समूह 'क' मा दिइएका वाक्यहरूले वर्तमान समयमा भइरहेको कार्यव्यापारलाई जनाएका छन् । त्यसैले यी वाक्यहरू वर्तमान कालका वाक्य हुन् । त्यसैगरी समूह 'ख' मा

दिइएका वाक्यहरूले वितेको समयमा भएका कार्यव्यापार जनाएका छन् । त्यसैले यी वाक्यहरू भूतकालका वाक्य हुन् ।

२. 'खसीको तौल' कथामा प्रयोग भएका चार चार ओटा वर्तमान र भूतकालका वाक्यहरू टिप्नुहोस् ।

३. वर्तमान कालको प्रयोग गरी आफ्नो कक्षाकोठ बारे एउटा अनुच्छेद तयार पार्नुहोस् ।

४. पहिलो तहमा आफुले पढेका पाँच ओटा चाखलाग्दा विषय समेटी एउटा अनुच्छेद लेख्नुहोस् ।

५. तल दिइएका वाक्यहरूमा कुन कालको प्रयोग भएको छ ? छुट्याउनुहोस् :

क) उनी गृहकार्य गर्छिन् ।

ख) रमा पढ्न बसी ।

ग) हरिले चिया पियो ।

घ) बुहारी घुम्न हिँडी ।

ङ) केटो घर गयो ।

च) नानीहरूको नाच सुन्दर थियो ।

छ) मैले चिया पिएँ ।

ज) अमर विद्यालय गयो ।

झ) राधाले कलम किन्छिन् ।

६. तल दिइएका क्रियापद प्रयोग गरी वाक्य बनाउनुहोस् :

थियो, छ, रहेछ, हुन्छ, जान्छ, गयो, डुल्यो, डुल्छ, निस्कन्छ, हरायो, पाइयो, गर्छ, भन्छ ।

परियोजना कार्य :

१. तपाईंले सुनेको कुनै लोक कथा लेखेर कक्षामा साथीलाई सुनाउनुहोस् ।

२. खसीको तौल कथामा प्रयोग भएका मुख्य मुख्य घटनाका सम्बन्धमा साथीहरूको समूह बनाएर छलफल गर्नुहोस् ।

३. 'खसीको तौल' कथा पढ्दा तपाईंलाई सबैभन्दा मन परेको घटना कुन हो ? कक्षामा सुनाउनुहोस् ।

पाठ ३

सबैको रक्षक कानुन

व्यक्ति, समाज र सरकार सबैलाई अधिकार र कर्तव्यको **सीमा**मा बाँध्ने नियमलाई कानुन भनिन्छ । कानुनले सबैलाई रक्षा गर्छ र कानुनको पालना सबैले गर्नुपर्छ । यसको पालना नगर्दा व्यक्ति, समाज र राष्ट्रको कुनै इज्जत रहन्न । कानुनका दृष्टिमा कोही पनि साना ठुला हुँदैनन् । त्यसैले कानुनका दृष्टिमा सबै बराबर भन्ने भनाइ प्रचलित छ ।

कानुन व्यावहारिक ज्ञानका लागि आवश्यक विषय हो । यसले व्यक्तिलाई ज्ञानी र **सहनशील** बन्न **प्रोत्साहित** गर्छ । कानुनको अभावमा विभिन्न किसिमका समस्याहरू आइपर्छन् र तिनको समाधान गर्न सकिँदैन । मानिसका निम्ति व्यवहार चलाउन कानुन नभइकन नहुने कुरो हो । देशको मूल कानुनलाई संविधान भन्छन् । संविधानको भावनाअनुसार ऐन कानुनको **तर्जु**मा गरिएको हुन्छ । तिनलाई व्यवहारमा उतार्न नियम विनियमहरू बनाइएका हुन्छन् । यी सबैको उद्देश्य देशमा शान्ति-सुरक्षा कायम गर्नु, जनधनको रक्षा गर्नु, व्यक्ति, समाज र राष्ट्रलाई अहित हुने कामहरू कतै कसैबाट हुन नदिनु हो । यसै गरी मानिसका बोल्ने, लेख्ने, प्रकाशन गर्ने र उद्यम गर्ने जस्ता विभिन्न स्वतन्त्रताहरूको संरक्षण गर्नु पनि हो । अपराध गर्नेलाई तोके अनुसारको दण्ड सजाय गर्ने र कहीँ कतैबाट मनोमानी हुन नदिने असल मनसायले नै कानुन निर्माण गरिएको हुन्छ ।

कानुनका आधारमा चल्ने राज्य व्यवस्थालाई नै **कानुनी राज** भनिन्छ । कुनै पनि व्यक्ति, समाज र राष्ट्रको आफ्नै किसिमको **मर्यादा** हुन्छ । त्यस्तै मर्यादाको रक्षाका निम्ति कानुनको खाँचो पर्छ । सबै मानिसहरू आ-आफ्ना मर्यादामा चल्ने हो भने सायद कानुनको काम पनि कम हुँदो हो ! तर आजको **अस्तव्यस्त** समाजमा त्यसो हुनु सम्भव छैन । त्यसैले कानुनको आवश्यकता झन् झन् बढ्न थालेको पाइन्छ ।

मानिस विवेकशील प्राणी मानिए तापनि उसको **आहारिसे** बानी कत्ति पनि कम भएको छैन । अर्कालाई कुल्चेर, मिचेर र उछिनेर ऊ आफु अघि बढ्न चाहन्छ । पक्कै पनि बढी पाउन खोज्नु मानिसको स्वभाव हो तर सबैको भाग **हडप्नु**चाहिँ उसका लागि नसुहाउने कुरा हो ।

केही कुरा पाउन केही गुमाउनुपर्छ । अधिकार मात्र खोज्ने तर कर्तव्य चाहिँ भुसुक्कै बिर्सिने कमजोरी प्राय: मानिसमा देखिन्छ तर अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन् भन्ने कुरा पनि त उसले बिर्सन हुँदैन । अधिकार र कर्तव्यका बिच सन्तुलन राख्न पनि कानुनको आवश्यता पर्छ ।

धेरैजसो मानिसहरू अर्काका **बहकाउ** वा लहैलहैमा लागेर कानुन विरुद्धका कामहरू गर्न पुग्छन् । कहीँकतै आपसमा झगडा भएको रहेछ भने एकापट्टि लागेर अर्कोमाथि त्यसै खनिँदा दुर्घटना हुन सक्छ । **बेफ्वाँक**मा आफु कानुनको फन्दामा परिन्छ । कतै भिडभाडमा रमाइलो मानेर आफु पनि उत्ताउला काम गर्न थालियो भने त्यसको सिकार आफैँ हुनुपर्छ । यस्ता घटनाहरूमा **जानी नजानी** धेरै मानिसहरू फसेका हुन्छन् र त्यसको परिणाम भोग्नु पर्दा आफुले आफैँलाई धिक्कार्ने गर्छन् । तसर्थ यस्ता मामिलामा आफु **सुरिएर** अघि सर्नुभन्दा **संयमित** भएर विवेक प्रयोग गर्नु उचित हुन्छ ।

कानुनको उद्देश्य असल र फराकिलो हुन्छ । दोषीलाई सजाय दिन मात्र कानुनको सहायता लिइन्न । अन्यायमा परेकालाई उकास्न पनि कानुनकै सहयोग चाहिन्छ तर कहिले काहीँ कानुनको प्रयोग पनि व्यक्तिबाट गलत ढङ्गले हुन सक्छ । त्यसमा व्यक्ति आफैँ **चनाखो** हुनुपर्छ । कानुनको विशेषता भन्ने कि कमजोरी प्रमाण बिना कानुनले कसैलाई छुँदैन । त्यसै ले त अपराध गर्नेहरू कहिलेकाहीँ **सबुत प्रमाण** लुकाएर पानी माथिको ओभानु हुन खोज्छन् तर "पाप धुरीबाट कराउँछ" भने झैँ एक न एक दिन तिनीहरूको पोल नखुलिछाड्दैन ।

हामीले कानुको सम्मान गरी त्यसलाई शक्तिशाली बनाएर आफ्नो सभ्यताको परिचय दिन्छौँ । कानुनी राजमा कानुन शक्तिशाली भएन भने मनपरी चल्छ, भाँडभैलो हुन्छ । खराब प्रवृत्तिका मानिसहरूले समाजलाई बिगार्छन् र मानिसको आदर्श भन्ने कुरा नै समाप्त हुन्छ । वास्तवमा मानिस भन्नु एउटा आदर्शको **पुञ्ज** पनि हो । त्यसैले विचार, व्यवहार र उद्देश्यमा उसको आदर्श झल्किनुपर्छ । सबैमा यस्तो आदर्श नपाइने हुनाले नै समाजमा आदर्श मानिसको ठुलो सम्मान हुने गर्छ । एक प्रकारले मानिसको आदर्श बचाउने काममा कानुनले पनि निकै ठुलो सहयोग पुऱ्याएको हुन्छ ।

समाजका जोकोही मानिसलाई कानुनी निर्णय दिने अधिकार हुँदैन । तसर्थ कानुनी प्रश्न गाँसिएका विषयहरूको **छिनोफानो** सम्बन्धित निकायबाटै हुनुपर्दछ । व्यक्ति व्यक्तिले कानुनलाई आफ्नो हातमा लिन र जोसुकैले कानुनको प्रयोग गर्न पनि पाउँदैन । चोरी डकैती, कुटपिट वा हुल हुज्जत, लागु पदार्थको प्रयोग वा कारोबार, सार्वजनिक सम्पत्तिको विनाश र यस्तै अनैतिक क्रियाकलापसँग सम्बन्धित मुद्दाहरू हामीले सम्बन्धित **निकाय**मै

पुऱ्याउनुपर्छ। अन्य सानातिना घर घरायसी कुलोपैनी, लेनदेन र टोल छिमेकका साधारण समस्याहरू समाजमा बसेर नै छिनोफानो गर्नु जाती हुन्छ । यसो गर्नाले कानुनको सम्मान पनि हुन्छ र सानातिना समस्या समाज मै सुल्झाउने सामाजिक **दायित्व** पनि बढ्छ । यसरी हामी सबैले कानुनको सम्मान गर्ने र त्यसलाई शक्तिशाली बनाएर नै आफ्नो सभ्यताको परिचय दिन सक्छौँ । वास्तवमा कानुनी राजमा सबैको एक मात्र भरपर्दो **रक्षक** कानुन मात्र हुन सक्छ ।

शब्द र अर्थ :

सहनशील	:	आपत विपत् सहन सक्ने
प्रोत्साहित	:	हौसला, उत्साहित
कानुनी राज	:	कानुन पालन गर्ने व्यवस्था
मर्यादा	:	आचरण वा व्यवहारको सीमा
अस्तव्यस्त	:	गञ्जागोल
आहारिसे	:	अर्काको उन्नति सहन नसक्ने
हडप्नु	:	खोस्नु, जफत गर्नु
तर्जुमा	:	निर्माण
बेफ्वाँक	:	व्यर्थ, बेमतलब
संयमित	:	नियन्त्रित, मर्यादित, अनुशासित
सुरिएर	:	अप्ठ्यारो परेर
सबुत	:	प्रमाण
निकाय	:	विभाग

अभ्यास

सुनाइ र बोलाइ :

१. निबन्धको दोस्रो अनुच्छेद सुनेर तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

क) कानुनले व्यक्तिलाई कस्तो बनाउँछ ?

ख) कानुन केका लागि आवश्यक पर्छ ?

ग) कानुनको तर्जुमा कसरी गरिन्छ ?

घ) नियमहरूको उद्देश्य के हो ?

ङ) प्रोत्साहितको अर्थ के हो ?

२. ठिक बेठिक छुट्याउनुहोस् :

क) कानुन अनुसार चल्ने प्रणाली कानुनी राज हो ।

ख) मानिसको डाहा गर्ने बानी कम भएको छैन ।

ग) अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटा होइनन् ।

घ) कानुनको उद्देश्य फराकिलो हुनु हुँदैन ।

ङ) समाजका मानिसले निर्णय दिनु राम्रो मानिदैन ।

३. तलका शब्दहरूको शुद्धसँग उच्चारण गर्नुहोस् :

दृष्टि, राष्ट्र, दोषी, मुद्दा, रक्षक, प्रोत्साहित, सहनशील, अस्तव्यस्त, सन्तुलन, संयमित, सुरिएर, निकाय, ओभानु, सबुत ।

४. तल दिइएका विषयका सम्बन्धमा कक्षामा छलफल गर्नुहोस् :

- कानुनी राज
- छिनोफानो गर्नु
- समता मूलक समाज

पढाइ :

१. प्रबन्ध पढेर तलका प्रश्नको उत्तर दिनुहोस् :

क) कानुन भनेको के हो ?

ख) कानुन किन आवश्यक पर्छ ?

ग) कानुन किन बनाइन्छ ?

घ) कानुन शक्तिशाली भएन भने के हुन्छ ?

ङ) कानुनको सम्मान कसरी गर्न सकिन्छ ?

२. प्रबन्ध पढेर तलका कथनको आशय बताउनुहोस् :

- कानुनले प्रमाण बिना कसैलाई छुँदैन ।
- कानुनले मानिसका अधिकार र कर्तव्यबिच संन्तुलन कायम गर्छ ।
- समाजमा सबैलाई कानुनी निर्णय दिने अधिकार हुँदैन ।

३. 'सबैको रक्षक कानुन' प्रबन्ध पालैपालो पढ्नुहोस् ।

लेखाइ :

१. तपाईंको समुदायमा कानुन नमान्ने मानिस पनि होलान् । तिनका व्यवहारले समाजमा कस्तो असर परेको छ ? पाँच वाक्य लेख्नुहोस् ।

२. कानुनको पालना गर्दा हुने फाइदा र पालना नगर्दा हुने बेफाइदाका सम्बन्धमा तपाईंका साथी, सहजकर्ता र परिवारका सदस्यसँग छलफल गर्नुहोस् र लेख्नुहोस् ।

कानुन पालन गर्दा हुने फाइदा	कानुन पालन नगर्दा हुने बेफाइदा
१.	१.
२.	२.
३.	३.
४.	४.
५.	५.

३. नेपाललाई कानुनी राज्य कसले बनाउन सक्छ ? तपाईंको विचार लेखेर सहजकर्तालाई देखाउनुहोस् ।

४. के हाम्रो घरमा पनि कानुनको प्रयोग हुन्छ ? हुन्छ भने कसरी हुन्छ ? दुई उदाहरण लेख्नुहोस् ।

५. कानुनको महत्त्व सम्बन्धमा तपाईंले सुनेका/पढेका कुरा टिप्नुहोस् र त्यसकै आधारमा तलका बुँदाहरू समेटी एउटा निबन्ध लेख्नुहोस् :

- कानुन सबैतिर हुँदो रहेछ ।
- सबैले कानुन मान्नुपर्दो रहेछ ।
- नमाने दण्डित हुनुपर्ने रहेछ ।
- माने स्याबासी पाइने रहेछ ।

६. **जोडा मिलाउनुहोस् :**

खण्ड (क)	खण्ड (ख)
तर्जुमा	संस्था, कार्यालय
मामिला	तयारी, व्यवस्था
दायित्व	सम्मान, सीमा
निकाय	जिम्मेवारी
मर्यादा	विषय, मुद्दा

७. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

कानुनी राज, तर्जुमा, सबुत, छिनोफानो, दण्ड सजाय, संबिधान, मौलिक हक ।

कार्यमूलक व्याकरण :

१. **तल दिइएका वाक्यहरू पढ्नुहोस् :**

- म घर गएको थिए । - म घर गएकी थिए ।
- गोरु आयो । - गोरुहरू आए ।
- मित्रहरू आए । - मित्र आए ।
- कालो केटो गयो । - काली केटी गई ।
- ऊ जान्छ । - उनीहरू जान्छन् ।

२. निम्नलिखित वाक्यहरूको सङ्गति मिलाउनुहोस् :

क) मेरो भाइ गइन् ।
.....

ख) साथीहरू राम्रो पढ्छ ।
.....

ग) म मन्दिर जान्छ ।
.....

घ) भाइ खेल्न जान्छे ।
.....

ङ) बुबाले कलम दिएकी छिन् ।
.....

च) हामी मन्दिर गयो ।
.....

छ) साथीहरू घर गयो ।
.....

३. तल दिइएका क्रियापदहरू प्रयोग गरी एक एक वाक्य बनाउनुहोस् :

- गयो - गए
- फर्कन्छिन् - फर्कन्छन्
- आयो - आइन्
- डुल्छ - डुल्छन्
- भन्यो - भनी
- चर्छ - चर्छन्

४. पद सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

क) मैले न्युटनको जीवनी पढ्यो ।

ख) हामीले पानी घट्ट देख्यो ।

ग) साथीहरू घडी देखेर हाँसेछ ।

घ) मेरो बहिनी टेलिस्कोप हेर्छ ।

ङ) आमाले कम्प्युटर किनेको थियो ।

च) तिनीहरू निकै प्रतिभाशाली थियो ।

छ) उनले गणित विषयमा निकै ठुलो दक्षता देखायो ।

ज) मेरो साथीहरू अनुसन्धान गर्दै छ ।

झ) तिमी टेलिस्कोप हेर्नुहुन्छ ।

ञ) ऊ अनुसन्धामा तल्लीन थिए ।

५. तलका शब्द जोडीहरूलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

गर-घर	जञ्जिर-झञ्झट	दपेटी-धपेटी
बल-भल	ठमठम-दमदम	छेउ-झेउ
घर-जर	दर-घर	

परियोजना कार्य :

१. आफुले देखेको वा सुनेको कुनै दरबारबारे समूह समूहमा छलफल गर्नुहोस् र छोटो अनुच्छेद लेखी सहजकर्तालाई लेखाउनुहोस् ।

पाठ ४

महाकवि कालिदास

संस्कृत साहित्य एक महासागर हो जहाँ अनेक रत्नहरू पाइन्छन् । ती रत्नहरू मध्ये महाकवि कालिदासको विशिष्ट स्थान छ। उनलाई संस्कृत साहित्यको पर्यायका रूपमा पनि लिने गरिन्छ । संस्कृत साहित्यका महान् प्रतिभा आदिकवि वाल्मीकिले जुन रूपमा सफलता पाएका छन् त्यही सफलता महाकवि कालिदासले पनि पाएका छन् ।

कालिदासको जन्म लगभग २०५० वर्ष अगाडि भारतको उज्जैनमा भएको हो भन्ने विश्वास गरिएको छ । कालिदासको पारिवारिक परिचय पाउन सकिएको छैन । उनी महामूर्ख थिए भन्ने किंवदन्ती प्रचलित भएको पाइन्छ । सामान्य परिवारमा जन्मिएका, लेख-पढको वातावरण नपाएका कारणबाटै उनलाई महामूर्ख भनिएको हुन सक्छ ।

उनी कतिसम्म महामूर्ख थिए रे भने रूखका हाँगाका टुप्पातिर आफु बसेर फेदतिर काटी त्यसलाई ढाल्नेसम्म गर्थे । त्यसबेला कसैले पनि यस्तो मूर्ख बालक पछि गएर संस्कृत साहित्यको महाकवि भएर संसारमा प्रख्यात हो ला भनेर कल्पनासम्म पनि गर्न सक्नै नथ्यो । 'हुनेहार दैव नटार' उनका जीवनमा चरितार्थ भएको पाइन्छ । कुरा के हो भने, विद्योत्तमा नामकी एउटी राजकुमारी अत्यन्त विदुषी थिइन् । उनको सेखी झार्न मन्त्रीहरूले उनको विवाह महामूर्ख कालिदाससँग गराइदिए । त्यही घटनाले कालिदासको जीवनमा परिवर्तन ल्यायो ।

पत्नी विद्योत्तमासँगको वार्तालापमा उनले 'उष्ट्र' शब्दको उच्चारण गर्न नजानेर बारम्बार 'उट्र उट्र' भन्ने अशुद्ध उच्चारण गरेकै आधारमा अपमानित हुनुपरेको थियो । उनलाई पत्नीको यस प्रकारको तिरस्कारले प्रेरणाको काम गऱ्यो । उनी विद्याको भोकले भौँतारिए र कालीका असाध्यै भक्त भए । आफुप्रति यति अर्पित् भएको देखेर काली प्रसन्न भई उनलाई विद्याको वरदान दिइन् । कालीका दास भएका आधारमा नै उनको नाम कालिदास रह्यो । कालिदास नामले नै उनले संस्कृत भाषामा अनमोल साहित्यिक कृतिहरूको रचना गरे ।

सम्पूर्ण संस्कृत वाङ्मयमा दक्षता हासिल गर्ने महाकवि कालिदास साहित्यकार मात्र नभएर संस्कृतका विद्वान् पनि थिए । उनी भ्रमणमा निकै अभिरुचि राख्थे । उनले भारतका विभिन्न स्थानहरूको भ्रमण गरेको कुरा उनका साहित्यिक कृतिहरूमा गरिएको विभिन्न स्थानको भौगोलिक वर्णनबाट पनि प्रमाणित हुन्छ ।

महाकवि कालिदासको ख्याति नेपाल र भारतमा मात्र होइन विश्वमा नै फैलिएको छ । विश्वका विशिष्ट साहित्यकार मध्ये उनको नाम अग्रपङ्क्तिमा उल्लेख गरिन्छ । श्रव्य काव्य र दृश्य काव्य गरी काव्यका दुई भेद मानिन्छन् । श्रव्य काव्यमा कविता वा काव्यहरू पर्दछन् भने दृश्य काव्यमा नाटक पर्दछ । महाकवि कालिदासले श्रव्य काव्य र दृश्य काव्य दुवैमा समान रूपले सफलता हासिल गरेका छन् । 'कुमारसम्भव', 'रघुवंश', 'ऋतुसंहार', 'शृङ्गार तिलक', 'मेघदूत' महाकवि कालिदासका प्रसिद्ध श्रव्य काव्य हुन् भने 'विक्रमोर्वशीय', 'मालविकाग्निमित्र' र 'अभिज्ञान शाकुन्तलम्' उनका दृश्य काव्य हुन् । उनका श्रव्य काव्यहरूलाई पनि महाकाव्य र खण्ड काव्यका रूपमा वर्गीकरण गर्न सकिन्छ । 'कुमारसम्भव' र 'रघुवंश' महाकाव्य अनि 'ऋतुसंहार', 'शृङ्गारतिलक' र 'मेघदूत' खण्डकाव्य हुन् । महाकवि कालिदासका खण्ड काव्यहरूलाई गीति काव्यका रूपमा पनि लिन सकिन्छ ।

कालिदासका यी कृतिहरूमा मानवीय जीवनको यथार्थको वर्णन छ । उनका कृतिहरूमा मानवीय मूल्य र जीवनका शाश्वत पक्षहरूको चित्रण छ । यिनमा मान्छेको उज्यालो पक्षको कामना गरिएको छ । यस्ता वर्णनमा उनको कला अत्यन्त तिक्खर बन्न पुगेको छ । शैलीगत माधुर्यका दृष्टिले उनी अत्यन्त सम्मानयोग्य कविका रूपमा स्थापित हुन पुगेका छन् ।

यस दृष्टिले महाकवि कालिदासका रचनाहरूमा "सत्यम्, शिवम्, सुन्दरम्"को भावना पाइन्छ । उनका साहित्यिक रचनामा मनोविज्ञानको पनि प्रयोग भएको पाइन्छ । उनी प्रकृतिप्रेम र शृङ्गा रसलाई साहित्यको विषयवस्तु बनाएर अभिव्यक्त गर्नमा असाध्यै सिपालु थिए । महाकवि कालिदासले उनका प्रत्येक साहित्यिक कृतिहरूमा उपमा अलङ्कारलाई सफल रूपमा प्रयोग गरेका छन् । त्यसैले नै "उपमा कालिदासस्य" भन्ने भनाइ प्रसिद्ध रहेको छ ।

महाकवि कालिदासका कृतिहरू आज विश्वका प्रमुख भाषामा अनुवाद गरिएका छन् । उनका साहि(त्यिक रचनाहरू विश्व साहित्यका अनमोल कृति मानिन्छन् । साहित्यका अध्येताहरू उनीप्रति सम्मान गर्दै उनका कृतिहरूको सगौरव अध्ययन गर्दछन् । यही नै महाकवि कालिदासप्रति पाठकहरूबाट गरिएको ठुलो सम्मान हो ।

शब्दार्थ

शब्द	**अर्थ**
रत्न -	मणि, बहुमूल्य वस्तु
पर्याय -	समान अर्थ बुझाउने शब्द
प्रख्यात -	ख्याति प्राप्त
चरितार्थ -	लक्ष्य हासिल गरेको, सफल, अभीष्ट पुरा गरेको
विदुषी -	विद्वान् नारी
उष्ट्र -	ऊँट
तिरस्कार -	घृणा, अपमान
उद्यत -	तयार भएको, तत्पर
अनमोल -	मोल नभएको, बहुमूल्य
श्रव्यकाव्य -	पढेर, सुनेर आनन्द प्राप्त हुने काव्य
दृश्यकाव्य -	दृश्यका रूपमा हेरेर आनन्द लिइने काव्य
शाश्वत -	कहिल्यै ननासिने
माधुर्य -	मधुर, मीठोपन
अलङ्कार -	गहना, आभूषण, काव्यको चमत्कारपूर्ण वर्णन
अध्येता -	अध्ययन गर्ने, पढ्नमा रुचि राख्ने

अभ्यास

सुनाइ र बोलाइ

१. तल दिइएका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

संस्कृत, विशिष्ट, पर्याय, बाल्मीकि, विश्वकवि, उज्जैन, किंवदन्ती, मुर्ख्याईं, मन्त्री, उष्ट्र, भौंतारिनु, वरदान, कृति, श्रव्यकाव्य, दृश्यकाव्य, ऋतुसंहार, विक्रमोर्वशीय, अभिज्ञान शाकुन्तलम्, शृङ्गारतिलक, खण्डकाव्य, वर्णन, शाश्वत, चित्रण, तिक्खर, माधुर्य, सम्मानयोग्य, विद्योत्तम, प्रमाणित ।

२. तलका शब्दहरू साथीबाट सुनेर टिप्नुहोस् :

पारिवारिक, उज्जैन, मुर्ख्याइँ, मनोविज्ञान, माधुर्य, अलङ्कार, विद्योत्तमा, चरितार्थ, प्रेरणा ।

३. तलका प्रश्नहरूको एक वाक्यमा मौखिक उत्तर दिनुहोस् :

(क) कालिदासलाई संस्कृत साहित्यका कस्ता व्यक्तिका रूपमा लिन सकिन्छ ?

(ख) कालिदास कस्तो परिवारमा जन्मे हुर्केका थिए ?

(ग) कालिदासको विवाह कोसँग भयो ?

(घ) कालिदासका प्रसिद्ध श्रव्य काव्य के के हुन् ?

(ङ) कालिदासका कृतिहरूमा के के को वर्णन पाइन्छ ?

(च) कालिदासका बारेमा कस्तो भनाइ प्रसिद्ध छ ?

४. जीवनीको पहिलो अनुच्छेद सहजकर्ताबाट सुन्दै लेख्नुहोस् ।

पढाइ :

१. **जोडा मिलाऊ :**

समूह क	**समूह ख**
मेघदूत	विद्योत्तमा
रघुबंश	कालिदास
महाकवि	वाल्मीकि
विदुषी	खण्डकाव्य
आदिकवि	महाकाव्य

२. जीवनीको पाँचौं अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

३. तलका शब्दहरूको अर्थ भन्नुहोस् :

महामूर्ख, विदुषी, अर्पण, तिक्खर, सम्मान

४. जीवनीको दोस्रो र तेस्रो अनुच्छेद पढेर तलका प्रश्नको उत्तर दिनुहोस् :

क) कालिदासको जन्म कहिले भएको थियो ?

ख) कालिदासप्रति कस्तो किंवदन्ती पाइन्छ ?

ग) उनलाई किन महामूर्ख भनिएको होला ?

घ) कालिदासको विवाह कोसँग भयो ?

ङ. 'हुनेहार दैब नटार' भनेको के हो ?

लेखाइ :

१. महाकावि कालिदासको जीवनी पढेर उनेको जीवनका मुख्य कुरा टिप्नुहोस् :

क) जन्म :

ख) पारिवारिक परिचय :

ग) बाल्यकालका विशेषता :

घ) महामूर्ख भनिनुको कारण :

ङ) महाकवि हुनुपछाडिको कारण :

च) दि्योत्तमासँग बिहे हुनुको कारण :

छ) पत्नीबाट अपमानित हुनुको कारण :

ज) कालिदास नरम हुनुको कारण :

झ) प्रमुख कृतिहरू :

२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

क) कालिदासलाई किन महामूर्ख भनिन्थ्यो ?

ख) कालिदासले पत्नीबाट किन अपमानित हुनुपरेको थियो ?

ग) कालिदासका प्रमुख कृतिहरू के के हुन् ?

घ) कालिदालाई किन महाकवि भनिन्छ ?

ङ) 'हुने हार दैव नटार' भनेको के हो ?

च) महाकवि कालिदासका जीवनीबाट हामीले के प्रेरणा पाउँछौँ ?

३. **शुद्ध पारेर सार्नुहोस् :**

महाकवी कालीदाशको विवाह विद्योतमानामकि राजकुमारीसँग भएको थीए ।

४. भाव स्पष्ट पार्नुहोस् :

क) महाकवि कालिदासका रचनाहरूमा 'सत्यम् शिवम् सुन्दरम्' को भावना पाइन्छ ।

ख) महाकवि कालिदास विश्वकविका रूपमा प्रख्यात छन् ।

५. तल दिइएका शब्दहरू वाक्यमा प्रयोग गर्नुहोस् :

विशिष्ट, अध्येता, भौतारिनु, थालनी, अनुवाद, अग्रपङ्क्ति, वरदान, कृति, पर्याय ।

६. महाकवि कालिदासको जीवनी आफ्नै शब्दमा लेख्नुहोस् ।

कार्यमूलक व्याकरण :

कर्तृ, कर्म र भाव वाच्य

कर्तृवाच्य	कर्मवाच्य
हामी पाटीपौवा बनाउँछौँ ।	हामीद्वारा पाटीपौवा बनाइन्छन् ।
हामी धर्मका नाममा झगडा गर्दैनौँ ।	हामीद्वारा धर्मका नाममा झगडा गरिँदैन ।
साथीहरूले होली मनाएका छन् ।	साथीहरूद्वारा होली मनाइएको छ ।
म रामायण पढ्ने छु ।	मद्वारा रामायण पढिने छ ।
सीताले छठ पर्व मनाइन् ।	सीताद्वारा छठ पर्व मनाइयो ।
विश्वासले लाखे नाच देखाएका छन् ।	विश्वासद्वारा लाखे नाच देखाइएको छ ।
तिमी भाइलाई बोलाउँदै छौ ।	तिमीद्वारा भाइ बोलाइँदै छ ।

माथिको तालिकामा बायाँतर्फ रहेका वाक्य कर्तृवाच्य हुन् । कर्तृवाच्यमा कर्ता पदको प्रधानता हुन्छ । वाक्यमा कर्ता पदको लिङ्ग, वचन र आदरअनुसार क्रियापदको प्रयोग गरिन्छ । कर्तृवाच्यमा सकर्मक र अकर्मक दुवै क्रियाको प्रयोग हुन्छ ।

माथिको तालिकामा दायाँतर्फ दिइएका वाक्य कर्मवाच्य हुन् । कर्मवाच्यमा कर्मपदको प्रधानता हुन्छ । वाक्यमा कर्मपदको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापदको प्रयोग गरिन्छ । कर्मवाच्य सकर्मक क्रियाबाट मात्र बन्छ । कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

- प्रश्नमा दिइएको कर्तापदमा बाट/द्वारा थप्नुपर्छ ।
- आवश्यकता अनुसार कर्म पदमा रहेको 'लाई' विभक्ति हटाउनुपर्छ ।

- क्रियापदको धातुमा 'इ' प्रत्यय जोड्नुपर्छ ।
- कर्मपदको लिङ्ग, वचन, पुरुष र आदरअनुसारको क्रियापद प्रयोग गर्नुपर्छ ।

कर्तृवाच्य	भाववाच्य
म त नेपाली संस्कृतिमा रमाएँ ।	आफु त नेपाली संस्कृतिमा रमाइयो ।
उनी नेपाली संस्कृतिमा रमाइन् ।	(उनीद्वारा) नेपाली संस्कृतिमा रमाइयो ।
उनीहरू नेपाली संस्कृतिमा रमाए ।	(उनीहरूद्वारा) नेपाली संस्कृतिमा रमाइयो ।
बहिनी होलीमा हाँस्छे ।	होलीमा हाँसिन्छ

माथि बायाँतर्फ रहेका वाक्य कर्तृवाच्य हुन् तर दायाँतर्फ रहेका वाक्य भने भाववाच्य हुन् । भाववाच्यमा क्रियाको भाव वा अर्थ मुख्य हुन्छ र क्रिया सधैँ तृतीय पुरुष, एक वचन, अनादर, पुलिङ्गमा रहन्छ । अकर्मक क्रियाबाट मात्र भाववाच्य वाक्य बन्छ । कर्तृवाच्यलाई भाववाच्यमा परिवर्तन गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

- यदि दिइएको प्रश्नमा 'म' कर्तापद छ भने 'आफु' बनाइन्छ ।
- 'म' बाहेक अन्य कर्तापद भएमा 'द्वारा/बाट' थपेर कोष्ठमा राखिन्छ वा कर्तापद नै हटाइन्छ ।
- क्रियापदको धातुमा 'इ' प्रत्यय जोडिन्छ ।

कर्म वा भाववाच्य	कर्तृवाच्य
अग्ला डाँडापाखा देखिए ।	रमेशले अग्ला डाँडापाखा देख्यो ।
आफु त नाचियो ।	म त नाँचे ।
लाखे नाच हेरिँदै छ ।	उनीहरू लाखे नाच हेर्दै छन्
तिमीद्वारा राम्रा कविता लेखिन्थे ।	तिमी राम्रा कविता लेख्थ्यौ ।
मामाद्वारा म बोलाइएको छु ।	मामाले मलाई बोलाउनुभएको छ ।

कर्म वा भाव वाच्यलाई कर्तृवाच्यमा बदल्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

- दिइएको प्रश्नमा कर्तापद छैन भने आफैँले कर्ता पद थप्नुपर्छ ।
- आवश्यक परेमा कर्मपदमा 'लाई' विभक्ति जोड्नुपर्छ ।
- दिइएको प्रश्नमा कर्तापद छ भने त्यसमा लागेको 'द्वारा, बाट' विभक्ति हटाउनुपर्छ ।

- दिइएको प्रश्नमा आफु कर्तापद छ भने 'म' मा परिवर्तन गर्नुपर्छ ।
- कर्तापदको लिङ्ग, वचन, पुरुष र आदर अनुसारको क्रियापद बनाउनुपर्छ ।

१. कोष्ठमा दिइएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :

क) उनीहरू नेपाली संस्कृतिको अध्ययन गर्दै छन् । (कर्मवाच्य)

ख) नेपालमा धेरै पर्वहरू मनाइन्छन् । (कर्तृवाच्य)

ग) धान नाचमा खुब रमाइयो । (कर्तृवाच्य)

घ) म त नाँचे । (भाववाच्य)

ङ) हामी चाडपर्वमा रमाइलो गर्ने छौँ । (कर्मवाच्य)

च) सद्भावलाई नेपाली संस्कृतिको जग मानिन्छ । (कर्तृवाच्य)

छ) तिमीहरू रमाइला पर्वहरू मनाउँदै थियौ । (कर्मवाच्य)

ज) भाइ लाखे नाच हेरेर हास्थ्यो । (भाववाच्य)

झ) आमाले छठ पर्वमा बहिनीलाई बोलाउनुहुने छ । (कर्मवाच्य)

ञ) रोहन चाडपर्वमा खुब रमाउँछन् । (भाववाच्य)

परियोजना कार्य :

१. कालिदास जस्तै तपाईंको घर परिवार, छिमेक वा समुदायमा प्रतिष्ठित भएका वा महत्त्वपूर्ण योगदान पुऱ्याउने कुनै व्यक्ति हुन सक्छन् । उनको जीवनी तयार गरी कक्षामा सुनाउनुहोस् ।

पाठ ५

किसान

– दैवज्ञराज न्यौपाने

आकाश गड्गडाएर जब बर्सन्छ झर्झर ।
म किसान हलो बोकी निस्कन्छु अनि बाहिर ॥
जलको पहिलो स्पर्श मट्टीमा हर्हराउँछ ।
मेरो अन्तरको स्वप्ना बाली भै लहराउँछ ।
म नौलो सपना देख्छु अन्न ऐश्वर्य ल्याउने ।
आफु बाँचेर धर्तीमा अर्कालाई बचाउने ॥

श्रमको पसिना दाना दिव्य दाना जुटाउँछ ।
बीजको एक मानाले लाखौँ लाख तुल्याउँछ ॥
माटामा पसिना पोखी माटामै फुल्छ जीवन ।
विश्वको वीरका निम्ति धर्तीको पहिलो धन ।

हलो, कुटो र कोदाली, कोदालो हातमा लिई ।
पृथ्वी जुझ्न म चाहान्छु बनी कर्मठ पौरखी ॥
श्रमको फल हो राम्रो श्रम हुन्छ रमाइलो ।
केहो दु:ख भने हुन्छ काम गर्दा रमाइलो ॥

जसै सिर्जनका नौला रूप देख्न म पाउँछु ।
आफैँ गद्गद् भई आफैँ आफैँभित्र रमाउँछु ॥
म यौटा गीत हुँ, यस्तै कर्मयोग सिकाउने ।
सधैँ आषाढमा गाई सधैँ मङ्सिर ल्याउने ॥

शब्द र अर्थ :

स्पर्श : छुनु

ऐश्वर्य : श्रीसम्पत्ति

श्रम : परिश्रम, मिहिनेत

वीर : बहादुर, पौरखी

पृथ्वी : धर्ती

दिव्य : सुन्दर, अलौकिक

बीज : बिऊ

कर्मयोग : सफलता र असफलतामा एकै विचार राखेर गरिने शुभकार्य

अभ्यास

सुनाइ र बोलाइ :

१. 'किसान' कविता सहजकर्ताबाट सुनी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

क) किसान कुन समयमा हलो बोकी निस्कन्छ ?

ख) किसानले कस्तो सपना देख्छ ?

ग) श्रमको पसिनाले के जुटाउँछ ?

घ) धर्तीको पहिलो धन के हो ?

ङ) केको फल मिठो हुन्छ ?

च) किसानलाई के गर्दा रमाइलो हुन्छ ?

छ) किसान कहिले रमाउँछ ?

ज) किसालने कस्तो गीत गाउँछ ?

२. 'किसान' कविताको पहिलो श्लोक सहजकर्ताबाट सुन्दै लेख्नुहोस् ।

३. तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

गड्गडाएर, स्पर्श, ऐश्वर्य, लाखौँ, धर्ती, कर्मठ, पृथ्वी, सिर्जना, कर्मयोग, मङ्सिर ।

४. 'किसान' कवितालाई गति, यति र लयसहित वाचन गरेर कक्षामा सुनाउनुहोस् ।

पढाइ :

१. कविता पढेर तलको श्लोक पुरा गर्नुहोस् :

श्रमको पसिना ..... ।

..... एक ..... लाख ..... ॥

माटामा ..... जीवन ।

..... धन ॥

२. तलका भनाइ ठिक भए (✔) र बेठिक भए (✘) चिह्न लगाउनुहोस् :

क) किसान हलो बोकेर निस्कन्छ । ( )

ख) किसानले पुरानो सपना देख्छ । ( )

ग) किसानको जीवन माटोमै फुल्छ । ( )

घ) श्रमको फल खराब हुन्छ । ( )

ङ) किसानले कर्मयोग सिकाउँछ । ( )

च) किसान आफैँभित्र रमाउँछ । ( )

३. 'किसान' कविताको पहिलो श्लोक पढेर मुख्य भाव कक्षामा सुनाउनुहोस् ।

लेखाइ :

१. तलका शब्दहरूको अर्थ लेख्नुहोस् :

झर्झर, भट्टी, कर्मठ, कर्मयोग, श्रम

२. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

किसान, सपना, गीत, कोदालो, पसिना

३. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) किसानले कुन बेला कस्तो सपना देखेको हुन्छ ?

ख) पृथ्वीलाई पहिलो धन किन भनिएको हो ?

ग) किसान कुन बखतमा आफ्नो दुःख बिर्सन्छ ?

घ) 'किसान' कवितामा किसानको महिमा कसरी गाइएको छ ?

४. 'किसान' कविताका मुख्य मुख्य कुराहरू आफ्नै शब्दमा लेख्नुहोस् ।

५. व्याख्या गर्नुहोस् :

माटामा पसिना पोखी माटामै फुल्छ जीवन ।
विश्वको वीरका निम्ति धर्तीको पहिलो धन ॥

६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

म यौटा गीत हुँ, यस्तै कर्मयोग सिकाउने ।
सधैँ आषाढमा गाई सधैँ मङ्सिर ल्याउने ॥

७. माथिको कविता पढ्दा तपाईंलाई सबभन्दा मन परेको पङ्क्ति कुन हो ? किन मन पऱ्यो ? स्पष्ट पारेर लेख्नुहोस् ।

८. किसान कविताको भाव आफ्नै शब्दमा लेखेर साथीहरूबिच तुलना गर्नुहोस् ।

कार्यमूलक व्याकरण :

१. तल दिइएका वाक्यहरू पढ्नुहोस् :

क) म पसल जान्छु र कलम किन्छु ।

ख) जब सहजकर्ता आउनुभयो तब हाम्रो कक्षा सुरु भयो ।

ग) पानी पऱ्यो तर घाम लागेन ।

घ) तिमी आऊ अनि काम गर ।

ङ) राम जाऊ नत्र हरि आफै जान्छ ।

माथिका वाक्यहरूमा प्रयोग गरिएका र, जब, तब, तर, अनि र नत्र शब्दले दुई ओटा वाक्यलाई जोडेर एउटै वाक्य बनाएका छन् । त्यसैले यिनीहरू संयोजक हुन् ।

२. तल दिइएका संयोजकहरू प्रयोग गरी एक एक वाक्य बनाउनुहोस् :

यदि, भनेर, र, अनि, किन्तु, तैपनि, तथापि, किनकि ।

३. तल दिइएका वाक्यहरू पढ्नुहोस् :

वाक्य	**भाव**
क) आहा ! साह्रै मिठो खाना रहेछ ।	खुसी
ख) आत्था ! आगोले पोलेछ ।	पीडा

ग) खै ! मेरो साथी त आएन ? प्रश्न

घ) ल ! तिमीले गृहकार्य गरेनौ । आश्चर्य

ङ) हवस् ! गएर आउँछु । स्वीकार

माथि दिइएका वाक्यहरूमा प्रयोग भएका आहा !, आत्था !, खै !, ल !, हवस् ! जस्ता शब्द मानव मनका खुसी, पीडा, प्रश्न, आश्चर्य, स्वीकार जस्ता भाव जनाएका छन् । यस्ता विस्मात, हर्ष, शोक, घृणा, तिरस्कार, आश्चर्य, प्रशंसा, निन्दा जस्ता भाव जनाउने शब्द विस्मयादिबोधक शब्द हुन् ।

४. तल दिइएका विस्मयादिबोधकहरू प्रयोग गरी वाक्य बनाउनुहोस् :

ओहो !, वाह !, ला !, आम्मै !, धत्तेरी !, मरेनि !, विचरा !, हुर्रे !, हजुर !

५. तल दिइएका वाक्यहरू पढ्नुहोस् :

क) ऊ त हिजै गयो ।

ख) तिमी तबला बजाऊ है ।

ग) ल म भनेपछि जान्छु ।

घ) अँह म अरुलाई धोका दिन्न ।

ङ) मलाई दश रुपैयाँ देऊ त ।

माथिका वाक्यमा रेखाङ्कन गरिएका शब्दहरूले कुनै खास शब्द तथा सिङ्गो वाक्यलाई जोड दिएका छन् । यस्ता विशेष शब्द वा वाक्यलाई जोड दिने पद निपात हुन् । निपातहरू बोलिचालीका क्रममा थेगो (चैने, माने, क्या रे, चाइन्जो) का रूपमा पनि प्रयोग हुन्छन् ।

६. तल दिइएका निपातहरू प्रयोग गरी वाक्य बनाउनुहोस् :

आ, लु, ल, पो, खै, क्यारे, नि, त, ऐ ।

७. संयोजक, बिस्मयादिबोधक र निपात शब्दहरू प्रयोग गरिएका तिन ओटा वाक्य बनाउनुहोस् ।

८. तलका शब्दहरू उच्चारण गर्नुहोस् :

तातो-टाटो, ठाम-थाम, डर-दर, जन-धन, गुन-गुण, सत्य, कन्या, आकाश, महत्त्व, दाम-घाम ।

परियोजना कार्य :

१. आफ्नो स्थानीय परिवेशमा गाइने एउटा गीत लेखेर कक्षामा सुनाउनुहोस् ।

पाठ ६

समावेशी शिक्षा

(सामुदायिक अध्ययन केन्द्र जिज्ञासुहरूका लागि अध्ययन गर्ने स्थल हो । त्यस्तै अनुभवीहरूका लागि अनुभव आदान प्रदान गर्ने सार्वजनिक मञ्च पनि हो । आर्या, आस्था र अलका पनि बेला बेलामा यहाँ आउँछन् र आपसमा कुराकानी गर्छन् । आज भने उनीहरू यहीँ बसेर समावेशी शिक्षाका सम्बन्धमा कुराकानी गरिरहेका छन् ।)

आर्या : आस्था, तिमी 'समावेशी शिक्षाका बारेमा के कति जान्दछ्यौ ?'

आस्था : यस बारेमा मलाई कमै जानकारी छ, आर्या !

अलका : आज समावेशी शिक्षाका सम्बन्धमा नै कुरा गरौँ । के हुन्न ?

आर्या : हुन्छ, किन नहुनु ।

आस्था : आर्या, कुराकानी गर्न तिमी नै सुरु गर न त ।

आर्या : सिकाइ सम्बन्धी विशेष व्यवस्था मिलाउनु पर्ने बाल बालिकाहरूलाई पनि नियमित शिक्षा पद्धति अन्तर्गत नै शिक्षा दिनु समावेशी शिक्षा हो ।

आस्था : अलका, समावेशी शिक्षाका बारेमा आर्याले कति राम्रोसँग बताइन् ।

अलका : उनीलाई हामीभन्दा बढी जानकारी छ ।

आस्था : समावेशी शिक्षाका बारेमा कानुनी प्रावधान पनि त होला । होइन र ?

आर्या : शिक्षा ऐन, २०२८ (आठौँ संशोधन) मा समावेशी शिक्षाको परिभाषा पनि उल्लेख छ ।

अलका : आर्या, त्यो परिभाषा बताऊ न, हामी पनि जानौँ ।

आर्या : त्यहाँ दुई ओटा बुँदा छन् । ती बुँदाहरू म पढ्छु है त ।

आस्था : हुन्छ ।

अलका : त्यो त झन् राम्रो ।

आर्या : दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक वा शारीरिक अपाङ्ग वा अन्य अपाङ्गता भएका बाल बालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा समावेशी शिक्षा हो ।

आस्था : यसरी नै अब अर्को बुँदा पनि सुनाऊ न ।

आर्या : सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिहरूलाई विभेद रहित वातावरणमा दिइने शिक्षा पनि समावेशी शिक्षा हो ।

अलका : हो, औसत रूपमा यस किसिमका विद्यार्थीहरू सिकाइमा कमजोर हुन्छन् ।

आस्था : आर्या, निम्न स्तरका बाल बालिकाहरू शिक्षामा पछाडि पारिएका हुन्, होइन त ?

आर्या : आस्था, तिमीलाई कस्तो लाग्छ ?

आस्था : सामाजिक, आर्थिक वा भौगोलिक समस्याग्रस्त बाल बालिकाहरू सिकाइमा कमजोर हुनुको कारण उनीहरू स्वयम् होइनन् । यसैले उनीहरू शिक्षामा पछाडि पारिएका बाल बालिका हुन् ।

अलका : कतिपय बाल बालिकाहरू पर्याप्त अवसर पाएर पनि शिक्षामा पछि परेका छन् । अभिरुचि नराख्नाले नै उनीहरू पछि परेका होइनन् र !

आर्या : तपाईंहरू, दुवैको विचारप्रति मेरो सहमति छ ।

आस्था : समावेशी शिक्षा अपाङ्गता र वर्ग विभेद दुवैसँग सम्बन्धित रहेछ ।

अलका : समावेशी शिक्षाभित्र विशेष शिक्षा र समाहित शिक्षा दुवैलाई समेट्न सकिने रहेछ ।

आर्या : तिमीहरूले अब त समावेशी शिक्षाको अवधारणा जान्यौ जस्तो लाग्यो ।

अलका : यसै सन्दर्भमा तिमीलाई अर्को प्रश्न सोधौँ है , आर्या !

आर्या : सोधन ।

अलका : अपाङ्गता सम्बन्धी विद्यार्थीहरूका लागि त सिकाइ सम्बन्धी विशेष व्यवस्थाहरू आवश्यक पर्छन् । सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट सिकाइमा पछि परेका बाल बालिकाहरूका लागि समोवेशी शिक्षामा समावेश गर्न कस्तो व्यवस्था मिलाउनुपर्छ । त्यो पनि बताऊ न ।

आर्या : कक्षा व्यवस्थापन गर्दा यसका लागि विशेष ध्यान दिनुपर्छ ।

आस्था : भन्नाले ।

आर्या : कक्षा व्यवस्थापन गर्दा निम्न लिखित कुराहरूमा विशेष ध्यान दिनुपर्छ :

- शिक्षक र विद्यार्थीहरूका बिचको आत्मीय सम्बन्ध

- वैयक्तिक विभिन्नताका आधारमा सम्बन्ध स्थापित
- विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको प्रयोग
- शैक्षिक सामग्रीहरूको यथोचित प्रयोग
- विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन र शिक्षण सिकाइमा सुधार
- सहपाठी सिकाइ वातावरणको सिर्जना
- अभिभावकहरूसँगको सम्पर्क र गृहकार्यको योजना तथा कार्यान्वयन
- कक्षामा आवश्यकता अनुसार बहुभाषाको प्रयोग
- विद्यार्थी मैत्री कक्षा वातावरण

अलका : समावेशी शिक्षामा त शिक्षाप्रतिको पहुँच, समता, गुणस्तर तथा सन्दर्भ समेतका दृष्टिले ख्याल गर्नुपर्छ । होइन त !

आर्या : अलका, तिमीले भनेको शतप्रतिशत साँचो हो ।

आस्था : आज हामीले समावेशी शिक्षाका बारेमा निकै महत्त्वपूर्ण कुराहरू थाहा पायौँ ।

अलका : आर्या, समावेशी शिक्षा अन्तर्गत ख्याल गर्नुपर्ने लक्षित समुदाय पनि भन न ।

आर्या : यअपाङ्गता भएको विद्यार्थी तथा दलित, अल्पसङ्ख्यक समूह, सीमान्तकृत वर्ग र लोपोन्मुख समुदायका बाल बालिकाहरू समावेशी शिक्षाका लक्षित समूह हुन् ।

आस्था : शिक्षामा पछि परेका बाल बालिकालाई शिक्षाको मूल धारमा ल्याउन थप सिकाइको व्यवस्था गर्नु सकारात्मक विभेद हो । होइन त ?

आर्या : ठिक हो, आस्था !

अलका : समावेशी शिक्षालाई सार्थक बनाउन अन्य प्रयासहरू पनि त भएका होलान् नि ?

आर्या : समावेशी शिक्षालाई सार्थक बनाउन प्रशस्तै प्रयासहरू भएका छन् । यस्ता प्रयासहरूमा अनौपचारिक शिक्षा र खुला विद्यालयहरू पनि पर्न आउँछन् ।

आस्था : त्यसो त अनौपचारिक शिक्षाका नीतिहरूमा समावेशी शिक्षासँग सम्बन्धित नीति तथा कार्यनीतिहरूको पनि त उल्लेख गरिएको छ ।

अलका : आस्था, तिमी पनि समावेशी शिक्षाका बारेमा धेरै कुरा जान्दछ्यौ । अनौपचारिक

शिक्षाले अवलम्बन गरेको समावेशी शिक्षासँग सम्बन्धित नीति हामीलाई पनि बताउन न ।

आस्था : म पढेर नै सुनाऊ है त ।

आर्या : हुन्छ ।

आस्था : शिक्षामा समान पहुँच सुनिश्चित गर्न, गुणस्तरीय शिक्षा लागु गर्न तथा शिक्षामा सह-अस्तित्वका सिद्धान्त अवलम्बन गर्न शिक्षामा पनि अन्य क्षेत्रहरूमा जस्तै समावेशी नीतिहरू अपनाइने छ ।

अलका : आस्था, त्यसै गरी कार्यनीतिहरू पनि पढेर सुनाऊ त ।

आस्था : ल सुन है त ।

आर्या : हुन्छ ।

आस्था : अनौपचारिक शिक्षा नीति अन्तर्गत समावेशी शिक्षासँग सम्बन्धित केही कार्य नितिहरूको पनि उल्लेख छ । जस्तै :

- जातीय, लैङ्गिक, भाषिक र अपाङ्गताका आधारमा गरिने विभेद अन्त गर्नका लागि विशेष शैक्षिक वातावरण तयार गरिने छ ।
- विविध खाले अपाङ्गतालाई गुणस्तरीय शिक्षामा पहुँच दिलाउन विशेष व्यवस्था मिलाइने छ ।
- सूचना प्रविधिको माध्यमबाट समावेशी शिक्षालाई सार्थक बनाउन अनौपचारिक शिक्षाको पहुँच व्यापक बनाइने छ ।

आर्या : आस्था, कुराकानीको बिट अब हामी यहीँ मारौँ । हुन्छ ।

अलका : आर्या, यसै सन्दर्भमा तिमीलाई म अन्तिम प्रश्न सोध्छु । हुन्छ ।

आर्या : सोधन त ।

अलका : समावेशी शिक्षाको महत्त्व एकदमै सङ्क्षेपमा बताऊ न ।

आर्या : एकाइसौं शताब्दीको शिक्षा पद्धतिको आदर्श भनेको सबैका लागि शिक्षा हो । आजभोलि शिक्षा आधारभूत आवश्यकताभित्र पर्छ । शिक्षा मानव अधिकार र संवैधानिक हक अन्तर्गत पनि आउँछ । समावेशी शिक्षाको सार्थकताको अभावमा यी सबै सम्भावनाहरू अधुरा नै हुन्छन् । त्यस्तै समावेशिताको अभावमा शिक्षाको

उज्यालो घामबाट असङ्ख्य बाल बालिकाहरू वञ्चित हुनुपर्छ ।

आस्था : धन्यवाद, आर्या ।

अलका : आर्या, तिमीलाई मेरो पनि धन्यवाद ।

आर्या : आस्था र आर्या, तपाईंहरूलाई मेरो पनि धन्यवाद ।

(साँझ पर्न लागि सकेको थियो । तिनै जना आ-आफ्नो घरतर्फ लाग्छन्)

शब्दार्थ :

समावेशी	:	सामेल गर्ने गराउनेसँग सम्बन्धित
शिक्षा	:	ज्ञान, सिप तथा प्रवृत्तिको सङ्ग्रह
जिज्ञासु	:	जिज्ञासा राख्ने
मञ्च	:	विशेष क्रियाकलाप गर्न बनाएको उच्च मण्डप
कानुनी	:	कानुनसँग सम्बन्ध भएको
प्रावधान	:	व्यवस्था
परिभाषा	:	व्याख्यात्मक अर्थ
ऐन	:	कानुन
अटिज्म	:	पछौटेपन
अपाङ्ग	:	विकलाङ्ग
पद्धति	:	प्रणाली, परिपाटी
न्यून	:	कम वा घटी
सुस्त श्रवण	:	कम सुनाइ
अधीन	:	वशमा भएको, आश्रित
औसत	:	सरदर वा सालाखाला
अवसर	:	मौका
व्यवस्थापन	:	प्रबन्ध मिलाउने काम

आत्मीय	:	आत्मासँग सम्बन्धित
वातावरण	:	भौगोलिक वा ऐतिहासिक अवस्था
योजना	:	कुनै कामका लागि बनाइएको रुपरेखा
निरन्तर	:	लगातार
समता	:	समभाव, समानता
अतिरिक्त	:	बाहेक
समुदाय	:	विशेष किसिमको समूह
लोपोन्मुख	:	लोप हुन लागेको
अल्पसङ्ख्यक	:	थोरै सङ्ख्या भएको
सीमान्तकृत	:	नाजुक अवस्थामा रहेको
सार्थक	:	अर्थपूर्ण, अर्थ सहितको
नीति	:	कार्य सञ्चालन गर्ने पद्धति
अनौपचारिक	:	औपचारिकता बिनाको
प्रविधि	:	काम गर्ने वैज्ञानिक ढङ्ग
सम्भावना	:	भविष्यमा घट्न सक्ने स्थिति
वञ्चित	:	अलग्ग गरिएको वा भएको

अभ्यास :

सुनाइ र बोलाइ :

१. तलका शब्दहरू सहजकर्ताको निर्देशनमा शुद्धसँग उच्चारण गर्नुहोस् :

सार्वजनिक, अन्तर्गत, बुँदा, दृष्टि, अपाङ्गता, विद्यार्थी, मूल्याङ्कन

२. पाठको पृष्ठभूमिमा भएको विवरण सहजकर्ताले पढ्ने र तपाईंले लेख्ने गर्नुहोस् ।

३. समावेशी शिक्षाका सन्दर्भमा 'सहशिक्षा' का सम्बन्धमा छलफल गर्नुहोस् ।

४. सहजकर्ताले समावेशी शिक्षाका सम्बन्धमा बताएका कुराहरू ध्यानपूर्वक सुन्नुहोस् र मुख्य मुख्य चाहिँ कापीमा लेख्नुहोस् ।

५. शिक्षा हासिल गर्ने सम्बन्धमा अपाङ्गता भएका बाल बालिकासँग सम्बन्धित समस्याहरू अनुमान गर्नुहोस् र सँगैको साथीसँग कुराकानी गर्नुहोस् ।

पढाइ :

१. सहजकर्ताको निर्देशनमा पाठको सुरुको अंश सस्वर वाचन गर्नुहोस् ।

२. कक्षाका साथीहरू मिलेर उक्त पाठ अभिनय पूर्वक वाचन गर्नुहोस् ।

३. समावेशी शिक्षा पाठ मनमनै पढ्नेहोस् र त्यसका आधारमा तलका भनाइ कसले कसलाई भनेका हुन्, बताउनुहोस् ।

- बाल कालिकाहरू सिकाइमा कमजोर हुनुको कारण उनीहरू स्वयम् होइनन् ।
- कतिपय बाल बालिका पर्याप्त अवसर पाएर पनि शिक्षामा पछि परेका छन् ।
- अनौपचारिक शिक्षा र खुला विद्यालय पनि समावेशी शिक्षालाई सार्थक बनाउने प्रयास हुन् ।

४. पाठमा भएका तलका शब्दको अर्थ बताउनुहोस् :

बहिरो, स्वयम्, पर्याप्त, समाहित, विधि, अभिभावक, व्यवस्था ।

५. पाठका आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) 'शिक्षा ऐन' अनुसार समावेशी शिक्षा भनेको के हो ?

(ख) 'समावेशी शिक्षा' अन्तर्गत कक्षा व्यवस्थापन गर्न के कस्ता कुरामा ध्यान दिनुपर्छ ?

(ग) समावेशी शिक्षाका आवश्यकताहरू के हुन् ?

(घ) अनौपचारिक शिक्षा नीति अन्तर्गत समावेशी शिक्षाका कार्यनीति कुन रूपमा उल्लेख छन् ?

६. 'समावेशी शिक्षा' पाठको सारांश लेख्नुहोस् ।

७. 'समावेशी शिक्षाको अभावमा असङ्ख्य बाल बालिका शिक्षाबाट बञ्चित हुन्छन् ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

८. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

शिक्षा, प्रयास, अधिकार, आदर्श, अभाव, आधारभूत ।

कार्यमूलक व्याकरण :

क्रियायोगी र नामयोगी

क) क्रियायोगी

१. तलका रेखाङ्कित शब्द क्रियायोगी हुन्, तिनलाई कापीमा सार्नुहोस् ।

- ऊ ढिलो बोल्छ ।
- हरि हाँसेर बोल्छ ।
- भाइ टुप्लुक्क आयो ।
- दिदी दौडेर आइन् ।
- भानिज राम्ररी लेख्छन् ।
- श्याम अहिले आउँछ ।
- तिमी कहिले जान्छौ ?
- पार्वती पर पुगी ।
- रमेश सुत्न आँट्यो ।
- तिमी यसरी सधैँ नसुत ।

२. तलका क्रियायोगी शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

क) क्रिया विशेषण : राम्ररी, विस्तारै, फटाफट, सलल

ख) क्रियान्वयी : तर, पर, नजिक, टाढा, अहिले, उहिले, आज, भोलि, बारम्बार, लगातार

३. सहजकर्तासँग सोधेर जोडा मिलाउनुहोस् :

समूह क	समूह ख
काल बोधक	बोलाउँदा
स्थान बोधक	पढ्न
परिमाण बोधक	अहिले
रीति बोधक	वर
आवृत्ति बोधक	निकै
प्रयोजनक बोधक	भुर्र
परिस्थिति बोधक	पटक
तुलना बोधक	जस्तै

४. पाठमा भएका क्रियायोगी शब्दहरू सङ्कलन गरेर सहजकर्तालाई देखाउनुहोस् ।

५. क्रियायोगीसँग सम्बन्धित तलको विवरण पढ्नुहोस् र समूहमा छलफल गर्नुहोस् :

- क्रियाको विशेषता तथा परिवेश जनाउ शब्द क्रियायोगी हुन् ।
- क्रियायोगी शब्दहरू क्रियासँग आबद्ध वा अधीनस्थ हुन्छन् ।
- क्रियायोगी शब्दहरू अनेक प्रकारका हुन्छन् ।
- क्रियायोगीको काम गर्ने शब्दहरू क्रियायोगिक कहलाउँछन् ।
- क्रियायोगिकहरू कर्ता, कर्म तथा पूरक जस्तै अनिवार्य घटक होइनन् ।

ख) नामयोगी

१. तलका रेखाङ्कित शब्द नामयोगी हुन्, तिनलाई कापीमा सार्नुहोस् :

- ऊ खोलातिर गयो ।
- तिमी मसँग आऊ ।
- श्याम कृष्णभन्दा कालो छ ।
- हरि अहिलेसम्म यहीं थियो ।
- ईश्वरप्रति ध्यान देऊ ।
- तिमीबिना मेरो कोही छैन ।
- छात्रामध्ये सीता चलाख छिन् ।

२. तलका नामयोगी शब्दलाई वाकयमा प्रयोग गर्नुहोस् :

तर्फ, तिर, सम्म, सँग, बाहेक, समेत ।

३. पाठमा भएका नामयोगी शब्दहरू सङ्कलन गरेर सहजकर्तालाई देखाउनुहोस् ।

४. तलका वाक्यका नामयोगी शब्दहरूलाई रेखाङ्कन गर्नुहोस् :

- गोपाल श्यामकहाँ गयो ।
- भारत दक्षिणपट्टि छ ।
- कान्लैपिच्छे बिरुवा रोप ।
- म दुधबिना भात खान्नँ ।
- ऊ साँझसम्म पढ्छ ।
- कमल लड्ने वित्तिकै उठ्यो ।
- आमा आउनासाथ बालक हाँस्यो ।

५. नामयोगीसँग सम्बन्धित तलका विवरणहरू पढ्नुहोस् र सो सम्बन्धमा समूहमा छलफल गर्नुहोस् :

- विभक्ति जस्तै स्वतन्त्र रूपमा कुनै अर्थ नजनाउने तर नामिक पदसँग जोडिइकन भने विभिन्न अर्थ सम्बन्ध जनाउने शब्दहरू नामयोगी हुन् ।
- नामयोगी शब्दहरू अव्यय अन्तर्गत आउँछन् । यिनीहरू बद्ध वर्गमा पर्छन् ।

स्वाध्ययन खण्ड :

१. खुला विद्यालय शीर्षक दिएर सो सम्बन्धमा संवाद लेख्नुहोस् ।

२. क्रियायोगी र नामयोगी शब्दसँग सम्बन्धित तालिका बनाउनुहोस् ।

३. क्रियायोगी र नामयोगी शब्दका सम्बन्धमा एक एक अनुच्छेद लेख्नुहोस् ।

४. तपाईंको छरछिमेकमा विद्यालय नजाने बाल बालिका छन् भने तिनीहरूको नाम सङ्कलन गर्नुहोस् र त्यसको कारण पनि लेख्नुहोस् ।

५. विदेशमा भएका आफन्तहरूसँग समावेशी शिक्षाका सम्बन्धमा फोनबाट कुराकानी गर्नुहोस् ।

पाठ ७

उपमन्युको परीक्षा

- डा. धुव्रचन्द्र गौतम

एकदिन हिन्दु धर्मावलम्बी ऋषि धौम्यलाई मनमा के आएछ, उनले आफ्ना अर्का शिष्य उपमन्युलाई डाकी पठाए । उपमन्यु उनका सामु उपस्थित भएपछि उपाध्यायले आदेश दिँदै भने- "आजदेखि गोरक्षाको जिम्मा तिमीलाई सुम्पेँ ।" उपमन्युले आज्ञा शिरोपर गरे । त्यस दिनदेखि उनले गाई चराउने र तिनको सेवा र टहल गर्ने काम नबिराई गर्न थाले ।

उपमन्यु दिनभरि गाई चराएर साँझ आश्रममा फर्केपछि गुरुलाई नमस्कार गर्दथे । यो उनको दैनिक नियम नै थियो । एकदिन त्यसै गरी उपमन्युले नमस्कार गरेपछि ऋषिले सोधे- "पुत्र उपमन्यु, तिमी अचेल के खान्छौ ? तिम्रो शरीर निकै पुष्ट देखिन्छ ?"



उपमन्युले भने "म भिक्षा मागेर आफ्नो जीविका गर्छु ।"

ऋषिले भने - "अबदेखि मेरो आज्ञाबिना भिक्षाको अन्न नखानू ।"

उपमन्युले - "हवस्" भनेर सन्ध्यावन्दनमा लागे ।

केही दिन बितेपछि पुन: ऋषिले सोधे - "उपमन्यु ! तिम्रो भिक्षाको सारा अन्न त अचेल म लिने गर्दछु, अनि तिमी के खाएर निर्वाह गर्दछौ त ?

उपमन्युले करबद्ध भएर भने - "पहिलो पटकको भिक्षा तपाईंलाई दिएपछि म फेरि दोस्रो पटक भिक्षा माग्न हिँड्छु । मेरो जीविका त्यसैबाट चल्छ ।"

"अँहँ, गुरुकुलमा बस्नेले त्यो गर्नु उचित हुँदैन ।" उपाध्यायले भने -"तिमीले दोस्रो पटक भिक्षा माग्दा अन्य शिष्यहरूलाई भिक्षा प्राप्त गर्न कठिन हुन्छ । तिमी लोभी रहेछौ ।"

उपमन्युले क्षमा याचनाको स्वरमा भने -"अबदेखि यस्तो गर्ने छुइनँ, प्रभु ।" केही दिन अरू यसरी बिते । एकदिन उपमन्युले सन्ध्या नमस्कार गरेपछि गुरुले फेरि भने - "पुत्र उपमन्यु । तिम्रो सारा भिक्षा म लिने गर्छु । त्यसमाथि अब त तिमी दोस्रो पटक भिक्षा पनि माग्न जाँदैनौ । तैपनि म तिमीलाई हृष्टपुष्ट देखिरहेको छु । यसको रहस्य के होला ?"

उपमन्युले त्यसपछि सत्य स्वीकार्दै भने- "भगवान् म गाई चराउन जाँदा यिनै गाईहरूको दुध दुहेर खान्छु ।"



"ए !" धौम्यले भने र एकछिन सोचे । त्यसपछि फेरि आदेश दिए - "मेरो आज्ञाबिना अब त्यसरी दुध नखानू ।" उपमन्युले प्रतिज्ञा गरे । उनी अबदेखि त्यसरी दुध खाने छैनन् ।

धेरै दिन बितेपछि उपाध्यायले उपमन्युलाई पहिले जस्तै हृष्टपुष्ट देखेर भने - "सुन, उपमन्यु ! तिमी भिक्षाको भोजन गर्दैनौ, अर्को पटक भिक्षा माग्दैनौ, गाईको दुध पनि खाँदैनौ तैपनि पुष्ट छौ भने मलाई बताऊ अब तिमी कसरी आफ्नो भोक मेट्छौ ?"

धौम्यले यस्तो प्रश्न गरेपछि उपमन्युले भने - "बाच्छाहरूले आफ्नो माउको स्तन चुस्ता दुधको फिँज निस्किन्छ, म त्यही चाटेर आफ्नो जीवन धान्छु ।"

यस्तो सुनेर उपाध्यायले भने - "ती गुणी र बुझ्झकी बाच्छाहरू तिमीमाथि दया गरेर आवश्यकताभन्दा अधिक फिँज झार्दछन्, यसबाट तिनलै चाहिँदो मात्रामा दुध खान पाउँदैनन् । त्यसकारण अबदेखि तिमीले फिँज खानु पनि अनुचित मान्नुपर्छ ।" "अबदेखि यस्तै हुनेछ ।" भन्दै उपमन्यु त्यहाँबाट हिँडे । त्यस दिनदेखि उनी निराहार बसेर गोरक्षा गर्न थाले । गुरुले निषेध गरेका हुनाले उनले केही खान सकेनन् तर पेटले के मान्थ्यो ? उनको भोक बढ्दै गयो । एक दिन भोकले पीडित भएपछि उनले यताउति हेरे । त्यहाँ सिउँडीको बिरुवा रहेछ । केही नपाएर तिनले त्यही सिउँडीको पात चपाए, किनभने भोकले गर्दा तिनी आकुलव्याकुल भए । त्यो पात चपाउनासाथ एक्कासि उपमन्युले आफ्ना आँखाको ज्योति गुमाए । उनी नेत्रहीन भएर वनमा बाटो खोज्दै हिँड्न थाले तर बाटो पाउनु त कहाँ हो कहाँ, उनी एउटा इनारमा पो खसे ।

यता उपमन्यु समयमा नफर्केपछि ऋषिले आफ्ना अन्य शिष्यहरूलाई भने- "मैले उनलाई सबै प्रकार का भोजन गर्न निषेध गरेको थिएँ। त्यसले गर्दा उनलाई रिस उठ्यो होला, त्यसैले गर्दा उनी अहिलेसम्म फर्केनन् ।"

यति भनेर आफ्ना अन्य शिष्यहरूका साथै उनी वनतिर लागे । वनमा गएर बोलाउन थाले - "हे उपमन्यु ! तिमी

कहाँ छौ ? हे पुत्र, यहाँ आऊ ।" उपमन्युले गुरुको पुकार सुने ।

अनि उनी इनारभित्रैबाट चिच्चाए - "हे उपाध्याय म यस इनारभित्र खसेको छु ।"

उपाध्यायले सोधे -"तिमी कसरी यस इनारभित्र खस्यौ ?" उपमन्युले भने - "सिँउडीको पात खाएर म अन्धो भएको छु । त्यसले गर्दा बाटो देखिनँ र यो इनारमा खसेँ ।"

उपाध्यायले भने - "अब तिमी दुई अश्विनी कुमारहरूको स्तुति गर । ती देउताहरूका चिकित्सक हुन् । तिनीहरूले अवश्य पनि तिमीलाई नेत्र प्रदान गर्ने छन् ।" यति भनेर उपाध्याय हिँडे । त्यसपछि उपमन्युले नाना प्रकारले अश्विनी कुमारहरूको वन्दना गरे । उनको स्तुतिले प्रसन्न भएर अश्विनी कुमारहरू त्यहाँ प्रकट भए र भने - "हामी तिम्रो स्तवन सुनेर प्रसन्न भयौँ ।" त्यसपछि उनीहरूले एउटा बोहोतामा पुवा दिँदै भने - "यो पुवा लेऊ र खाऊ ।" उपमन्युले भने - "तपाईँहरू कहिल्यै मिथ्या हुनुहुन्न तर म गुरुलाई समर्पित नगरी यो पुवा खान सक्तिनँ ।" अश्विनी कुमारहरूले भने - "पहिले तिम्रा गुरुले पनि हाम्रो स्तवन गरेका थिए । हामीले प्रसन्न भएर यसै गरी पुवा दिएका थियौँ । उनले त आफ्ना गुरुलाई समर्पण नगरेरै खाएका थिए । त्यसकारण तिम्रा गुरुले जस्तो गरेका थिए, तिमी पनि त्यसै गर । त्यसमा केही छैन ।" यो सुनेपछि उपमन्युले भने - "हे अश्विनी कुमारहरू ! फेरि पनि तपाईँहरूलाई विनय पूर्वक भन्दछु, म गुरुलाई समर्पित नगरी यो पुवा खान असमर्थ छु ।" यो सुनेपछि अश्विनी कुमारहरूले भने - "तिम्रो यस्तो गुरुभक्ति देखेर हामी अति प्रसन्न भयौँ । तिम्रा गुरु धौम्यका फलामका दाँत छन् । अब तिम्रा सुनका दाँत हुने छन्, अर्थात् तिमीलाई तिम्रा गुरुको भन्दा पनि बढी ज्ञानको प्राप्ति हुने छ ।" अश्विनी कुमारहरूको त्यस्तो वरदान पाएपछि उपमन्युले आफ्ना गुरु धौम्यछेउ गएर सम्पूर्ण वृत्तान्त बयान गरे ।

अश्विनी कुमारहरूद्वारा उनले आफ्नो नेत्रज्योति पुन: प्राप्त गरिसकेका थिए । यी सबै कुरा भने पछि गुरुले भने - "जाऊ, अश्विनी कुमारहरूले भनेअनुसार तिम्रो कल्याण हुने छ । तिमीलाई सम्पूर्ण शास्त्रको ज्ञान हुने छ ।"

यसरी गुरुभक्त उपमन्युको परीक्षा भयो, जसमा उनी सफल भए ।

शब्दार्थ

गोरक्षा : गाईको रक्षा गर्नु, गाई पाल्नु

उपाध्यय : गुरु, विद्वान्

शिरोपर : आदरसाथ स्वीकार गर्नु

टहल : मान्यजन तथा बिरामी, केटा केटी आदिलाई गरिने सेवा

आश्रम : कुटी, आवास

भिक्षा : भिख, द्रव्य, सिधा

सन्ध्यावन्दन : साँझमा गरिने बन्दना

करबद्ध : दुवै हात जोड्ने काम

प्रतिज्ञा : कुनै काम गर्न गरिएको अठोट, सङ्कल्प

निराहार : कुनै पनि वस्तु नखाएको, भोको

निषेध : रोक, प्रतिबन्ध

सिउँडी : दुध निस्कने काँडेदार बोट

मिथ्या : रोक, प्रतिबन्ध

स्तवन : स्तुति, प्रार्थना, प्रशंसा

असमर्थ : समर्थ नभएको

पुवा : चामलको पिठो मुछी घिउमा भुटेर बनाएको खाद्य पदार्थ

अभ्यास

सुनाइ र बोलाइ

१. **पाठको पहिलो अनुच्छेद सहजकर्ताले भन्ने र तपाईँले लेख्ने गर्नुहोस् ।**

२. **आफूले जानेको कुनै पौराणिक कथा कक्षामा सुनाउनुहोस् ।**

३. **पाठमा भएका चित्रका बारेमा साथीसँग कुराकानी गर्नुहोस् ।**

४. **"उपमन्युको परीक्षा" कथाको सार सिलसिला मिलाएर भन्नुहोस् ।**

पढाइ

५. **यस पाठका अनुच्छेदहरू सहजकर्ताको निर्देशनमा सस्वर वाचन गर्नुहोस् ।**

६. **पुरै पाठ मनमनै पढ्नुहोस् र कथाका सम्बन्धमा कुनै जिज्ञासा भए सहजकर्ताका समक्ष राख्नुहोस् ।**

७. **पाठमा भएका पात्र र घटनाहरूको टिपोट गर्नुहोस् ।**

८. **तलका प्रश्नहरूको उत्तर मौखिक रुपमा बताउनुहोस् :**

(क) यस कथाका कथाकार को हुन् ?

(ख) धौम्य ऋषिले उपमन्युलाई के के खान निषेध गरे ?

(ग) ऋषि र उपाध्याय शब्दको अर्थ के हो ?

(घ) "यो पुवा लेऊ र खाऊ" यो वाक्य कसले कसलाई किन भनेको हो ?

९. **सबैभन्दा ठिक उत्तरमा (√) लगाउनुहोस् :**

(क) धौम्यले उपमन्युलाई के काममा लगाए ?

(अ) पाठ पढ्न (आ) भिक्षा माग्न

(इ) गाईको हेरचाह गर्न (ई) आश्रम सफा गर्न

(ख) धौम्यले उपमन्युलाई किन दोस्रो पटक भिक्षा नमाग्नू भने ?

(अ) आफुले नपाउने ठानेकाले (आ) अरू शिष्यले नपाउने ठानेकाले

(इ) गाउँलेले सिकायत गरेकाले (ई) अध्ययनमा बाधा पर्ने भएकाले

(ग) उपमन्युले सिँउडीको पात किन चपाए ?

(अ) मुख फेर्न (आ) तागत बढाउन

(इ) रोग निको पार्न (ई) भोक टार्न

(घ) अश्विनी कुमारहरू को हुन् ?

(अ) घाटे वैद्य (आ) देव वैद्य

(इ) गुरुकुल वैद्य (ई) राज वैद्य

(ङ) उपमन्युले नेत्रज्योति कसरी प्राप्त गरे ?

(अ) गुरु वन्दना गरेर (आ) ईश्वर वन्दना गरेर

(इ) पुवा सेवन गरेर (ई) बुटी सेवन गरेर

(च) उपमन्यु धौम्यका आश्रममा किन गएका थिए ?

(क) गाई चराउन (आ) तपस्या गर्न

(इ) अध्ययन गर्न (ई) शिक्षा माग्न

(छ) धौम्यका शिष्यहरू कस्ता थिए ?

(अ) विश्वासी (आ) आज्ञाकारी

(इ) मिलनसार (ई) सहयोगी

(ज) गाईका बाच्छाहरू कस्ता थिए ?

(क) सन्की (आ) जोधाहा

(इ) मिचाहा (ई) बुझ्झकी

(झ) उपमन्यु इनारमा किन खसे ?

(अ) सिँउडीको पात खाएकाले (आ) आँखाको ज्योति गुमेकाले

(इ) भोकभोकै रहेकाले (ई) गुरुसँग रिसाएकाले

१०. **शुद्धसँग उच्चारण गर्नुहोस् :**

उपाध्याय, गोरक्षा, धौम्य, सन्ध्यावन्दन, करबद्ध, हृष्टपुष्ट, चिकित्सक, मिथ्या, वृत्तान्त, गुरुभक्त ।

लेखाइ

११. **वाक्यमा प्रयोग गर्नुहोस् :**

निर्वाह, क्षमता, अनुचित, निराहार, आकुल व्याकुल, जीवन धान्नु, आज्ञा शिरोपर गर्नु ।

१२. **पाठका आधारमा तलका प्रश्नहरूको लेख्नुहोस् :**

(क) उपमन्युको स्वभाव कस्तो थियो ?

(ख) गाईको सेवा टहल गर्दा उपमन्यु आफ्नो जीवन निर्वाह कसरी गर्थे ?

(ग) गुरु धौम्यले उपमन्युलाई कुन कुन कुरा निषेध गरे ?

(घ) उपमन्यु सिउँडीको पात चपाउने स्थितिमा कसरी पुगे ?

(ङ) उपमन्यु अन्धो भएपछि उनका गुरु र साथीहरूले कस्तो प्रतिक्रिया देखाए ?

(च) उपमन्युको अन्धोपनको उपचार कसरी भयो ?

(छ) उपमन्यु अश्विनी कुमारले दिएको पुवा खान नमानेबाट कुन कुराको पुष्टि हुन्छ ?

(ज) उपमन्युको वृत्तान्त सुनेर गुरुले कस्तो आशीर्वाद दिए ?

१३. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

तिम्रा गुरु धौम्यका फलामका दाँत छन् । अब तिम्रा सुनका दाँत हुनेछन् ।

१४. **गुरुभक्त शिष्यका रूपमा उपमन्युलाई चिनाउन सक्नुहुन्छ ? प्रयास गर्नुहोस् त ?**

कार्यमूलक व्याकरण

अपूर्ण र पूर्ण पक्ष

१५. **काल र पक्ष सम्बन्धी तलको तालिका पढ्नुहोस् :**

तालिका

काल	पक्ष
भूत	१. सामान्य भूत २. अपूर्ण भूत ३. पूर्ण भूत ४. अज्ञात भूत ५. अभ्यस्त भूत
वर्तमान	१. सामान्य वर्तमान २. अपूर्ण वर्तमान ३. पूर्ण वर्तमान
भविष्यत्	१. सामान्य भविष्यत् २. अपूर्ण भविष्यत् ३. पूर्ण भविष्यत्

१६. **अपूर्ण र पूर्ण पक्षसँग सम्बन्धित तलका वाक्यहरू कापीमा सार्नुहोस् :**

(क) भूत
अपूर्ण पक्ष : उपमन्यु गाई चराउँदै थिए ।
पूर्ण पक्ष : उपमन्युले गाई चराएका थिए ।

(ख) वर्तमान
पूर्ण पक्ष : उपमन्युले गाई चराएका थिए ।
अपूर्ण पक्ष : उपमन्यु गाई चराउँदै छन् ।

(ग) भविष्यत्
अपूर्ण पक्ष : उपमन्यु गाई चराउँदै हुने छन् ।
पूर्ण पक्ष : उपमन्युले गाई चराएका हुने छन् ।

१७. **पाठमा अपूर्ण र पूर्ण पक्षका क्रियापदहरू भए तिनलाई कापीमा टिप्नुहोस् ।**

१८. **अपूर्ण र पूर्ण पक्षसँग सम्बन्धित तलका क्रियापदलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

पढ्दै छ, पढ्दै थियो, पढ्दै हुनेछ, पढेको छ, पढेको थियो, पढेको हुने छ ।

१९. **अपूर्ण र पूर्ण पक्षसँग सम्बन्धित वाक्यहरू उल्लेख गरी आफ्नो घर परिवारका सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।**

२०. **अपूर्ण र पूर्ण पक्षका सम्बन्धमा तलको अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :**

धातुमा एको, एका, एकी प्रत्यय जोडिएर पूर्ण पक्षका क्रियाहरू बन्छन् । धातुमा दो, दा, दी, दै प्रत्यय लागेर अपूर्ण पक्षका क्रियापदहरू बन्छ । पूर्ण पक्षले काम सम्पन्न भइसकेको अवस्थालाई र अपूर्ण पक्षले काम भइरहेको अवस्थालाई जनाउँछन् ।

स्वाध्ययन खण्ड

(क) आज्ञाकारी र इमानदार विद्यार्थीले नै जीवनमा सफलता पाउँछ भन्ने कुरा कथाका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) शिक्षक र विद्यार्थीको सम्बन्धलाई विषयवस्तु बनाई एउटा कथा लेखी शिक्षकलाई देखाउनुहोस् ।

(ग) माथि तपाईंले पढ्नुभएको कथा हिन्दुसँग सम्बन्धित कथा हो । अन्य धर्मका यस्तै कथाहरू तपाईंले जान्नुभएको छ भने लेखेर ल्याउनुहोस् र कक्षामा सुनाउनुहोस् ।

(घ) तपाईंलाई पनि कथाका गुरु धौम्यले जस्तै तपाईंका गुरुले आदेश दिए भने तपाईं के गर्नुहुन्छ ? लेख्नुहोस् ।

पाठ ८

समाज सेवाको बाटामा

श्री वैतेश्वर मावि, नाम्दु, दोलखा
मिति : २०७३ आश्विन २५ गते

आदरणीय मामा,
नमस्कार ।

यहाँ हामी सबैलाई सञ्चै छ । त्यहाँ तपाईंलाई पनि आरामै होला भन्ने आशा गर्दछु । दसैँमा हामी सबै जना मावल गएका थियौँ । मामा पनि आउनु हुन्छ भन्ने ठुलो आशा थियो । व्यस्तताले होला आउनु भएन । मामाको अनुपस्थितिले दसैँ त्यति रमाइलो भएन । यस पालि तपाईंसँग धेरै कुरा गर्ने मेरो विचार थियो ।

हाम्रो खुला विद्यालय दसैँको बिदापछि भोलिदेखि खुल्दै छ । एउटा खुसीको कुरा सुन्दा तपाईंलाई पनि रमाइलो लाग्ला । म यस वर्ष जुनियर रेडक्रसको अध्यक्ष भएको छु । समाज सेवामा यो मेरो पहिलो प्रवेश हो । मैले समाज सेवाका माध्यमबाट विद्यालय तथा गाउँ समुदायमा निकै से वा पुऱ्याउने विचार गरेको छु । यसबाट ममा आत्मविश्वासको सिर्जना हुनाका साथै मलाई सामाज सेवा गर्ने प्रेरणा पनि मलाई प्राप्त भएको छ ।

नेपालका सबै गाउँका विद्यालयमा स्वास्थ्य सेवा उपलब्ध हुन सकेको छैन । स्वास्थ्य सेवा उपलब्ध हुने ठाउँ र विद्यालयबिच सम्पर्क गर्न यातायातको पनि त्यतिकै आवश्यक हुन्छ तर त्यसको अभावमा सामान्य बिरामीलाई पनि बोकाएर दुई तिन दिनको बाटो लानुपर्ने अवस्था हामीकहाँ छँदै छ ।

“समाजमा स्वस्थ वातावरण हुनु नै सामाजिक विकास हो” भन्ने कुरा धेरैलाई बुझाएर गाउँमा स्वास्थ्य सेवा उपलब्ध गराउन सके अन्य क्षेत्रको पनि विकास हुने सम्भावना रहन्छ । हामीमा समाज सेवाको भावना विकसित हुनु आजको मूलभूत आवश्यकता हो । त्यसमा पनि स्वास्थ्य सेवा उपलब्ध गराउनु र समाजमा स्वस्थ वातावरणको विकास गर्नुलाई मुख्य रूपमा लिनुपर्ने हुन्छ । “स्वास्थ्य नै धन हो” भन्ने जस्ता लेख/निबन्धको प्रभावले होला भविष्यमा राम्रो स्वास्थ्य सेवक बनेर ग्रामीण समाजको सेवा गर्ने मैले लक्ष्य लिएको छु ।

पत्रमा धेरै के लेखौँ । मामासँग चाँडै भेट हुने छ भन्ने विश्वासका साथ बिदा चाहन्छु ।

प्यारो भानिज
परशुराम गिरी

खामको नमुना

पठाउने	पाउने
श्री परशुराम गिरी	श्री डेन्टी शेर्पा
श्री वैतेश्वर मावि	रियाद आयल इन्डस्ट्रिज
नाम्दु, दोलखा	खद्मा रोड, ३५७९०
	साउदी अरेबिया

टिकट

शब्दार्थ

आदरणीय : आदर गर्न योग्य, सम्माननीय

मावल : मामाको घर, आमाको मइती, मावली

व्यस्तता : भ्याइनभ्याइ हुनु, फुर्सद नहुनु

अनुपस्थिति : उपस्थिति नुहुनु

खुला विद्यालय : औपचारिक विद्यालय भन्दा फरक रूपमा सञ्चालित विद्यालय, विभिन्न कारणले विद्यालय शिक्षा पुरा गर्न नपाएकाहरूले शिक्षा प्राप्त गर्ने विद्यालय

जुनियर : तल्लो, साधारण

रेडक्रस : युद्ध, प्राकृतिक सङ्कट वा दुर्घटना आदिका समयमा जनसेवाको काम गर्ने एक अन्तर्राष्ट्रिय संस्था, समाजसेवी संस्था

प्रवेश : पस्नेकाम, सुरुवाट, थालनी

आत्मविश्वास : भित्रैदेखि भएको विश्वास, आँट

यातायात : आवागमन, आउनेजाने काम, आवतजावन

अभाव : नहुनु, रिक्तता हुनु

वातावरण : पृथ्वीको चारैतिर फिँजिएको हाव, परिस्थिति

सम्भावना : असम्भव नभएको अवस्था, हुनसक्ने सङ्केत

लक्ष्य : पछिगएर प्राप्त हुने कुरा, उद्देश्य

अभ्यास

सुनाइ र बोलाइ

१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

रेडक्रस, आदरणीय, व्यस्तता, बाटो, अध्यक्ष ।

२. पाठको पहिलो अनुच्छेद सहजकर्ताले पढ्ने र तपाईंले लेख्ने गर्नुहोस् ।

३. हिजो आज विद्युतीय माध्यमबाट पनि पत्रको आदान प्रदान हुने गर्छ । यस सम्बन्धमा कक्षाका साथीहरुसँग छलफल गर्नुहोस् ।

४. घरायसी चिठीका बारेमा सहजकर्ताको निर्देशनमा कक्षामा साथीसँग कुराकानी गर्नुहोस् ।

पढाइ

१. "समाज सेवाका बाटामा" शीर्षकको चिठी सस्वर वाचन गर्नुहोस् ।

२. उक्त पाठ पढेर तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा दिनुहोस् :

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) यो चिठी कुन ठाउँबाट कहिले लेखेको हो ?

(ग) "स्वास्थ्य नै धन हो" भन्नुको तात्पर्य के हो ?

(घ) चिठी लेख्ने विद्यार्थीको जीवनको लक्ष्य के छ ?

३. चिठी पाठमा भएका मुख्य मुख्य कुराहरूलाई बुँदाका रूपमा टिपोट गर्नुहोस् ।

लेखाइ

१. तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् :

(क) परशुराम गिरीलाई "समाज सेवाको बाटामा" लाग्ने प्रेरणा कसरी प्राप्त भयो ?

(ख) गाउँका विद्यालयको समस्या के हो र किन ?

(ग) आजको मूलभूत आवश्यकता के हो र त्यो केसरी पुरा हुन सक्छ ?

२. "समाजमा स्वस्थ वातावरण हुनु नै सामाजिक विकास हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

३. उक्त चिठीको उत्तरका रूपमा लेख्ने पत्र तयार गर्नुहोस् ।

४. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आशा, दसैँ, रमाइलो, प्रवेश, विद्यालय, वातावरण, विकास, सम्भावना

कार्यमूलक व्याकरण

कारक (कर्ता, कर्म, करण, सम्प्रदान)

१. तलका रेखाङ्कित् पदहरू कारकसँग सम्बन्धित छन् । त्यस किसिमका पदहरूलाई प्रयोग गरेर तपाईं पनि वाक्यहरूको रचना गर्नुहोस् :

(क) **कर्ता कारक**

- सुरेशले आप टिप्यो ।
- बहिनी गीत गाउँछे ।
- हरिले पाठ पढ्यो ।

(ख) **कर्म कारक**

- वाल्मिकीले रामायण लेखे ।
- सीता मृगलाई हेर्छिन् ।
- बहिनीले भाइलाई बोकी ।

(ग) **करण कारक**

- उसले हातले मुख धोयो ।
- तिमी कलमले उत्तर लेख्छौ ।
- तिमी चित्र रङले रङ्याऊ ।

(घ) **सम्प्रदान कारक**

- रामदयाल साथीलाई रामायण दिन्छ ।
- म भगवानलाई भेटी चढाउँछु ।
- गोठालो गाईलाई घाँस हाल्छ ।

२. **तलका वाक्यमा भएका रेखाङ्कित पद कुन कारकमा पर्छन् ? चिनो लगाउनुहोस् :**

(क) पवित्राले पुस्तक पल्टाई । (कर्ता, कर्म, सम्प्रदान)

(ख) भाइले गोडाले भकुण्डो हान्यो । (कर्म, करण, सम्प्रदान)

(ग) तिमीले काकालाई कलम दियौँ । (कर्ता, कर्म, सम्प्रदान)

(घ) ऊ आज आएन । (कर्ता, कर्म, करण)

३. **कर्ता, कर्म, करण र सम्प्रदान कारकसँग सम्बन्धित चार ओटा वाक्यहरू लेख्नुहोस् ।**

४. **कारकका सम्बन्धमा तलको अनुच्छेद पढ्नुहोस् र त्यसलाई कापीमा सार्नुहोस् :**

वाक्यमा क्रियापद र अन्य शब्दका बिचमा स्थापित हुने सम्बन्धलाई कारक भनिन्छ । परम्परागत नेपाली व्याकरण अनुसार कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधीकरण गरी कारक ६ प्रकारका हुन्छन् । यहाँ अपादान र अधीकरण बाहेकका अन्य आर ओटा कारकहरूको मात्र चर्चा गरिएको छ । काम गर्नेवाला कर्ता कारक हो, कामको असर जेमा पर्छ त्यो कर्म कारक हो, काम गर्ने साधन वा माध्यमलाई करण कारक भनिन्छ, जसलाई कुनै कुरा प्रदान गर्ने गरिन्छ त्यो सम्प्रदान कारक मानिन्छ ।

स्वाध्ययन खण्ड

१. तलका विषय उल्लेख गरेर आफन्तहरूलाई लेख्ने चिठीहरू लेख्नुहोस् :

(क) आफू पढेको खुला विद्यालय

(ख) आफ्नो जीवनको लक्ष्य

(ग) सार्वजनिक हितका लागि समाज सेवाको आवश्यकता

२. उदाहरणका आधारमा ह्रश्व "उ" र दीर्घ "ऊ" भएका शब्दहरू पाठ्य पुस्तकका विभिन्न पाठ तथा पत्र पत्रिकाहरू पढेर सङ्कलन गर्नुहोस् । उदाहरण :

- ह्रश्व उ भएका शब्दहरू : "उ" विशेष गरेर शुरु, बिच र अन्त्य तिनै स्थलमा ह्रश्व नै लेखिन्छ । जस्तै : उकालो, उर्दी, नुन, नमुना, दुध, धुलो, मायालु, दयालु, सिकारु, जुझारु आदि ।
- दीर्घ "ऊ" भएका शब्दहरू : (क) नाम : स्त्री लिङ्गी नाम शब्दहरू जस्तै : सासू, फुपु, माइजू, आमाजू आदि । (ख) सर्वनाम शब्द : ऊ । (ग) विध्यर्थ क्रियापद : जाऊ, खाऊ, लेखून, पढून् आदि ।

पाठ ९

चार्ल्स डार्विन

महान् वैज्ञानिक चार्ल्स डार्विनको जन्म बेलायतको स्रुसवरी भन्ने ठाउँमा १२ फवरी १८०९ मा भएको थियो । उनी प्रख्यात चिकिन्तसक रोवर्ट डार्विन र सुजन्ना बेडबुडका पाँचौं पुत्र थिए । उनको प्रारम्भिक शिक्षा जन्म स्थलकै ग्रामर स्कुलमा भएको थियो । पछि उनलाई एडिनवरा विश्व विद्यालयमा डाक्टरी पढाउन भर्ना गरियो । उनका पिता रोर्वट डार्विन उनलाई आफु जस्तै डाक्टर बनाउन चाहन्थे तर चार्ल्स डार्विनको भने त्यतातिर रुचि थिएन । उनी प्राकृतिक विज्ञानतिर रुचि राख्थे । उनका पिताले उनलाई पादरी बनाउने उद्देश्यले वाइवल अध्ययनका लागि क्याम्ब्रिज विश्वविद्यालयमा भर्ना गरे । उनले त्यहाँबाट स्नातक डिग्री हासिल गरे ।

डार्विन सानैदेखि जिज्ञासु स्वभावका व्यक्ति थिए । यो प्रकृति, यो संसार, यहाँका जीवजन्तु, प्राणी, वनस्पति र यस संसारमा भइरहने परिवर्तन देखेर अचम्मित हुन्थे । यो संसारको संरचना, यहाँको भूस्वरूप, यहाँ पाइने विभिन्न जीवजन्तु र प्राणी आदिका बारेमा ज्ञान आर्जन गर्न चाहन्थे । तसर्थ क्याम्ब्रिज विश्व विद्यालयमा पढ्दा पढ्दै उनको प्राध्यापक हेन्सलो र प्राध्यापाक एडम सेजविक जस्ता वैज्ञानिकहरूसँग राम्रो सम्बन्ध कायम भएछ । जसको फलस्वरूप सन् १८३१ देखि सन् १८३६ सम्म पाँच वर्ष उनले अफ्रिका र दक्षिण अमेरिकाका विभिन्न भूभाग, समुद्र, जङ्गल आदिको स्थलगत भ्रमण गरेछन् । उक्त भ्रमणका अवसरमा विभिन्न प्राणी वनस्पति, जीवजन्तु तथा चट्टानको खोज र अनुसन्धान गरी विभिन्न जीवाश्यहरूको सङ्कलन र तुलनात्मक अध्ययन गरे । त्यसै अध्ययनबाट प्राप्त तथ्यलाई सङ्कलन तथा अध्ययन गरी सन् १९५९ मा ओजिन अफ स्पेसिज नामक प्रसिद्ध ग्रन्थ पनि प्रकाशन गरे । यसैबाट उनले आफुलाई जीव विकासको सिद्धान्तका प्रर्वतक बनाउन सफल भए ।

यस संसारमा जति जीवजन्तु र तिनका प्रजातिहरू छन् ती सबै एउटै मूलबाट विकसित भएका हुन् भन्ने सिद्धान्त नै जीव विकासको सिद्धान्त हो । यस सिद्धान्तलाई चार्ल्स डार्विनले पहिलो पटक सप्रमाण पुष्टि गरे र आफुलाई विकास वादका प्रवर्तकका रूपमा स्थापित गरे । उनले यो सिद्धान्तको अध्ययन गर्ने क्रममा पत्रे चट्टानका पत्रहरूमा पाइने जीवांश्महरूको तुलनात्मक अध्ययन गरेका थिए । बाँच्नका लागि सङ्घर्ष गर्नु पर्ने, प्राकृतिक चयनको सिद्धान्त, योग्यतम प्राणी मात्र बाँच्ने नियम र उत्परिवर्तन जस्ता सिद्धान्तमा उनको यो जीव विकासवादको सिद्धान्त आधारित रहेको छ ।

डार्विनले सन् १८३९ मा एम्मा वेजवुडसँग विवाह गरे । यिनका सात सन्तान थिए । उनी जीवनभर अध्ययन, अनुसन्धान तथा लेखन कार्यमा व्यस्त रहे । उनले प्रशस्तै पुस्तकहरू पनि

लेखे । ती मध्ये ओरिजन अफ स्पेसिज, डिसेन्ट अफ म्यान, सिलेक्न इन रिलेसन टु सेक्स आदि प्रमुख मानिन्छन् र यी मध्ये बढी चर्चित ग्रन्थ भने ओरिजन अफ स्पेसिज नै हो ।

यसरी वैज्ञानिक अध्ययन अनुसन्धानबाट जीव विकासवादको सिद्धान्त प्रतिपादन गरी संसारमा प्रसिद्ध हुन पुगेका डार्विनको देहावसान १९ अप्रिल १८८२ मा ७३ वर्षको उमेरमा भयो । उनी यस संसारबाट बिदा भए पनि उनका महान कार्य र अमर कृतिहरूले उनी वैज्ञानिक जगत्मा अमर रहेका छन् ।

शब्दार्थ :

चिकित्सक	:	डाक्टर
प्रारम्भिक	:	सुरुको
जन्मस्थल	:	जन्मेको ठाउँ
जिज्ञासु	:	उत्सुक, जान्न चाहने
वनस्पति शास्त्र	:	बोटविरुवा सम्बन्धी अध्ययन गर्ने विद्या
आर्जन गर्नु	:	कमाउनु
जीवाश्म	:	अवशेष
प्रवर्तक	:	प्रारम्भकर्ता
सङ्कलन	:	सङ्ग्रह गर्ने काम
सप्रमाण	:	प्रमाण सहित
चयन	:	छान्ने काम
उत्परिवर्तन	:	आफ्नो पुर्खामा नभएको गुण देखा पर्ने प्रक्रिया
देहावसान	:	मृत्यु
लेखन	:	लेख्ने काम
चर्चित	:	प्रख्यात

अभ्यास :

सुनाइ र बोलाइ :

१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

सुसवरी, क्याम्ब्रिज, हेन्सलो, अनुसन्धान, सिद्धान्त, सङ्कलन ।

२. पाठको पहिलो र दोस्रो अनुच्छेद पढेर तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् ?

क) डार्विनको जन्म कहाँ भएको थियो ?

ख) उनका पिता र माताको नाम के के थियो ?

ग) उनका पिता उनलाई के बनाउन चाहन्थे ?

घ) डार्विन कस्ता स्वभावका व्यक्ति थिए ?

ङ) क्याम्ब्रिजमा पढ्दा उनले कससँग सम्बन्ध राखेका थिए ?

च) उनले प्रकाशन गरेको पहिलो ग्रन्थको नाम के हो ?

३. **साथीहरूसँग छलफल गर्नुहोस् :**

क) बाँच्नका लागि सङ्घर्ष गर्नु पर्ने

ख) प्राकृतिक चयनको सिद्धान्त

४. पाठको तेस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

५. पाठको चौथो अनुच्छेद पढेर सुनाउनुहोस् ?

पढाइ लेखाइ :

६. तलका शब्दको अर्थ भन्नुहोस् :

जीवाश्म, जिज्ञासु, अवसर, सङ्कलन, सप्रमाण ।

पढाइ :

७. पाठलाई पालैपालो पढ्नुहोस् ।

लेखाइ :

१. तलका शब्दलाई वाक्यमा प्रयोग गुर्नहोस् :

प्राकृतिक विज्ञान, जीवजन्तु, अनुसन्धान, तुलनात्मक, प्रतिपादन गर्नु ।

२. शुद्धपारी सार्नुहोस् :

सोभाव, विस्वविद्यालय, अध्यन, सन्सार, भुसोरूप, प्रसस्त ।

३. तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :

क) डार्विनको बाल्यकालको रुचि कस्तो थियो ?

ख) जीव विकासको सिद्धान्त प्रतिपादन गर्नु पूर्व उनले के के गरे ?

ग) विकासवाद भनेको के हो ?

घ) विकासवाद कस्ता सिद्धान्तमा आधारित रहेको छ ?

ङ) उनले रचना गरेका पुस्तकहरू कुन कुन हुन् ?

च) उनको जीवनीबाट के प्रेरणा पाइन्छ ?

४. तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।

क) चार्ल्स डार्विनले आधुनिक विज्ञानका क्षेत्रमा के कस्तो योगदान दिएका छन् ?

ख) डार्विन जीवविकासको सिद्धान्तका प्रवर्तक हुन् । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

५. चार्ल्स डार्विनको जीवनका घटनाक्रमलाई बुँदागत रूपमा टिप्नुहोस् ।

६. तल दिइएका बुदाहरूका आधारमा युवाकवि मोतिराम भट्टको सङ्क्षिप्त जीवनी लेख्नुहोस् :

- जन्म : वि.सं. १९२३ भाद्र कुसेऔँसी काठमाडौँ, भोसिको टोल
- पिता : दयाराम भट्ट
- माता : रिपुमर्दिनी देवी
- जीवनका प्रमुख घटना र विशेषताहरू :
  - ६ वर्षको उमेरमा आफ्नी आमासँग काशी प्रस्थान,
  - आठ वर्षको उमेरमा ब्रतबन्ध,
  - वनारसमा रही संस्कृत र फारसी भाषाको अध्ययन,
  - नेपालमा आई वि.सं. १९३७ मा विवाह,
  - वि.सं. १९३८ पौष महिनामा पुनः काशी गई अङ्ग्रेजी स्कुलमा भर्ना,
  - नेपाली काव्य जगत्मा सर्वप्रथम 'समस्यापूर्ति' को शुभारम्भ,

- नेपाली भाषामा पुस्तकहरू छापी प्रकाशित गर्ने उद्येश्यले वनारसका साथी रामकृष्ण वर्माको परामर्श लिई 'भारतजीवन' नामक प्रेस खोली आफु त्यसका व्यवस्थापक उक्त प्रेसबाट भानुभक्तीय रामायाणको 'बालकाण्ड' का साथै 'गोरखा भारतजीवन' भन्ने नेपाली भाषाको पत्रिका प्रकाशन,

- नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय प्रतिभा,
- प्रथम नेपाली गजलकार, कवि, नाटककार, जीवनीकार, समालोचक, अन्वेषक, पत्रकार आदि बहुमुखी व्यक्तित्वका धनी,
- भाषाप्रेमी, देशप्रेमी, सौन्दर्य प्रेमी प्रसिद्ध कवि,
- क्रमश: वनारस र काठमाडौँमा रहँदा 'मोतीमण्डली' को स्थापना गरी नवोदित प्रतिभाहरूका लागि उपयुक्त साहित्यिक वातावरणको सिर्जना,

♦ प्रमुख कृतिहरू :

- प्रह्लादभक्तिकथा, पीकदूत, उषाचरित्र, गजेनद्रमोक्ष, मनोद्वेगप्रवाह, भ्रमरगीता, भाषा, कविसमूह वर्णन, प्रियदर्शिका नाटिका, शकुन्तला (नाटक), गुलसनोवर, भानुभक्तको जीवनी आदि ।

कार्यमूलक व्याकरण :

अज्ञात भूत र अभ्यस्त भूत :

१. जोडा मिलाउनुहोस् ।

क) म वालक हुँदा	कथा लेख्थ्यो ।
ख) सीता मामा घर	गरेछ ।
ग) विद्यार्थीले गृहकार्य	धेरै पढ्थें ।
घ) रामेश्वर यादव	गाउँथी ।
ङ) सोनवा गीत	गइछे ।

२. कोष्ठकमा दिइएको धातुका सहायताले अज्ञात भूतकालको क्रियापद बनाई खाली ठाउँ भर्नुहोस् :

क) रत्नमानले आफ्नो काम ..... । (गर)

ख) सुन्तली वनभोजमा ..... । (नाच्)

ग) बुबा पोखरा ..... । (जा)

घ) सुखीलाल यादवले गीत ..... । (गाउ)

ङ) नोर्बुले चौरी ..... । (चराउ)

३. कोष्ठकमा दिइएका धातुका सहायताले अभ्यस्त भूतकालको क्रियापद बनाई खाली ठाउँ भर्नुहोस् ।

क) आमा मन्दिर ..... । (जा)

ख) विष्णुमाया कविता ..... । (घोक)

ग) भाइ मेहनत गरेर ..... । (पढ्)

घ) हामी जात्रा हेर्न ..... । (जा)

ङ) ऊ विद्यालयमा ..... । (हाँस्)

४. पाठको दोस्रो अनुच्छेदबाट अज्ञात भूतकालका क्रियापदहरू टिप्नुहोस् ।

५. अभ्यस्त भूतकालको प्रयोग गरी आफ्नो वाल्यकालको वर्णन गर्नुहोस् ।

६. अज्ञात भूतकालको प्रयोग गरी आफूलाई मनपर्ने साथीको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

७. **तलका शब्द पढेर बुझ्नुहोस् :**

ए- एक, एक्का, एकलास, एउटा, एकलव्य, एकादशी

य- यहाँ, यज्ञ, यसरी, यस्तो, यक्ष, यसले, यो, कार्य

ब- बालक, बाटुलो, बाजा, बा, बाजे, बान्धब, किताब

व- वाक्य, वातावरण, वर, वकिल, वन, विकास

श- देश, शव, शुभ, शासन, शिशु, शास्त्र, दिशा, शरीर

ष- भाषा, कृषि, ऋषि, पोषण, षडयन्त्र, षट्कोण

स- सय, पच्चीस, सलाइ, सहर, संसार, मुसो, कोसिस

पाठबाट य, ए, ब, व, श, ष, स जस्ता वर्ष लागी बनेका शब्दहरू टिपेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ १०

दिलमाया

-प्रा. डा. सुषमा आचार्य

वातावरण निकै रमाइलो थियो । क्याम्पस छोडेको दस वर्षपछि पुराना साथीहरूसँग भएको भेटघाटमा खुसी साटासाट गर्न सबै व्यस्त देखिन्थे । धनकुटा बहुमुखी क्याम्पसले आयोजना गरेको पुनर्मिलन समारोहमा अधिकांश पूर्व विद्यार्थीहरू तेरथुम, तिन जुरेको जङ्गलमा भेला भएका थिए । जहाँ अट्ठाइसभन्दा बढी प्रकारका गुराँस फुल्थे र आफ्नो सौन्दर्य विश्वभरि नै छर्थे । वसन्त ऋतुको आमगनसँगै पर्यटकहरूको आगमन पनि बढ्थ्यो । धनकुटा स्थित हिले र बसन्तपुर बजार दुलही झैँ सिँगारिएका थिए । स्थानीयबासीहरू आफ्ना उत्पादन बिक्री गर्नमा व्यस्थ देखिन्थे ।

वैशाखको धूपमा पनि यहाँ आएपछि चिसो हावाले डाँडामा उडाएर ल्याउने कुहिरो, स्थानीयबासीको मृदु मुस्कान, प्रदूषणमुक्त वातावरण र पहाडै रङ्गीन बनाउने गुराँस हेरेर मन्त्रमुग्ध भई, कतिपय विदेशीहरू त आफ्नो देश फर्कनु पर्दा रुने गर्थे । यस्तै ठाउँमा हुर्केकी दिलमाया निकै हँसिली, रसिली र पुखली थिई । बान्की परेको गोरो अनुहार, सिरूपाते ओँठ, गुराँसझैँ गाला र मत्स्याकार आँखाहरू देख्दा उसलाई एकपटक देखेपछि फर्केर नहेर्ने कुनै युवक हुँदैनथ्यो ।

दस वर्ष अगाडि दिलमाया र लालबहादुरको अध्ययनको क्रममा धनकुटा क्याम्पसमा भेट भएको थियो सांस्कृतिक कार्यक्रममा । दुवै मिठासपूर्ण स्वरका धनी भएकाले युगल गीत प्रस्तुत गर्ने सन्दर्भमा नजिकिन पुगे । सबैका ताली र प्रशंसाको ओइरोले दुवैको हृदय ठोक्किन पुग्यो, मन साटासाट पनि ।

बाबुको मृत्यु पश्चात् भोजपुर घर भएका लालबहादुर आमासँग धरान झरेका थिए । आमाले एउटा छोरालाई जसरी पनि पढाउँछु भन्दै पहाडको सबै बेचेर धरानमा सानो घर बनाई व्यापार पनि गर्थिन् । लालबहादुर सानैदेखि पढ्नमा तीक्ष्ण र मिहेनती भएकाले धनकुटा क्याम्पसमा शिक्षा डिप्लोमाको पढाइ पुरा गर्दै थिए । यसैबिच प्रमाणपत्र तहमा पढ्ने वसन्तपुर निवासी दिलमायाको सुरिलो स्वर, फर्स्याइलो बोलीवचन, चुम्बकीय रूपले गर्दा लालबहादुर दिलमाया बिना बाच्नै नसक्ने भइदियो । दिलमायाले डिप्लोमासम्म पढ्ने रहर गर्दागर्दै दुवै विवाह बन्धनमा बाँधिए । आज यही पुनर्मिलन कार्यक्रममा दिलमाया र लालबहादुर पनि आएका थिए र सबैजना आ-आफ्ना साथीहरूको माझ अतीतमा डुब्न व्यस्त थिए । आफ्नै साथीहरू मध्ये

कतिपयले निकै उन्नति गरेको देख्दा दिलमायालाई आफूले पढाई पुरा गर्न नपाएको, घरको सबै जिम्मेवारी बहन गर्नु परको, एक छोरा र छोरीको दायित्व समेत बढिसकेको र शिक्षक लालबहादुरको एक्लो जागिरले जीवन कष्टप्रद भएको देख्दा आफु आर्थिक, सामाजिक, र शैक्षिक कारणले धेरै पछि परेको अनुभव गर्न थाली र उसलाई ग्लानी पनि भयो । यद्यपि ती साथीहरूभन्दा ऊ केहीमा कम थिइन । अझ सुरिलो स्वरको बरदान त उसमा छँदै थियो । त्यो दिन साथीहरूको हाँसोले वनै रन्कियो तर दिलमायाको मन त्यति खुल्न सकेन । सबै आ-आफ्ना अतीतमा व्यस्त थिए । कसैले कसैको चासो राख्ने फुर्सद थिएन ।

दिलमाया त्यहाँबाट बिस्तारै उठी र उसले पनि केही गर्नुपर्छ, अर्थपूर्ण जीवन बाँच्नुपर्छ, खान त पशुले पनि खाएकै हुन्छ तर यो मात्र जीवन होइन भन्ने लाग्यो । उसलाई उन्नति गर्नमा रोक्ने पनि त कोही छैन । एकपल्ट घरलाई सम्झी, आमातुल्य सासू, दुई ओटा मुनाहरू, आफूभन्दा हुरूक्कै हुने पति, घरधन्दा सिवाय काम पनि केही छैन । यति काम त जुनसुकै घर परिवारका व्यक्तिले पनि त गर्नु पर्छ नि । यति सुखी परिवार हुँदाहुँदै पनि केही नगर्नु भनेको मेरो आफ्नै कमजोरी र अल्छीपन हो । दिलमायाले एकपल्ट आफ्नो शरीरलाई हेरी हात खुट्टा सग्लै छन्, रोग छैन, प्रमाणपत्रसम्मको अध्ययन छ केवल अभाव भनेको जोश जाँगर मात्र रहेछ भन्ने लाग्यो । उसले पनि मिहेनत गरेर केही गर्ने हो भने आर्थिक अभाव पुरा हुने र ती साथीहरूको भन्दा कुनै कुरामा पनि कमी नहुने देखेर दृढइच्छा शक्ति लिई काम खोज्ने प्रण गर्न थाली ।

दिलमाया एक दिन काम खोग्दै जाँदा एउटा म्यानपावर कम्पनीमा पुगी । खाडी मुलुकमा घरेलु कामदारका रूपमा जाने तथा खर्च हाल्नु नपर्ने गरी पन्ध्र दिन भित्रै उडाइदिने कुरा उसले पत्ता लागाई । दिलमाया हात खर्च मात्र बटुल्न थाली । उसको जोश जाँगर देखेर लालबहादुर र उसकी आमा छक्कै पर्थे । कसैले नजाउ भन्लान् भनेर ऊ पहिले नै भनिदिन्थी- तिन वर्ष मात्र हो । अनि त आफ्नै देशमा त्यहाँ कमाएको पैसा ल्याएर काम गर्छु । बच्चाहरू ठुलो हुँदा पढाउन सजिलो हुन्छ । कसैले नसोधिकनै आश्वस्त बनाउन चाहन्थी । म अरूजस्तो कहाँ हो र ! बन्द बाकसमा आउने । म त पैसा कमाएर ल्याउँछु भन्दै धारा प्रवाह बोलिदिन्थी ।

बुहारीको जाने दिन, चङ्गा जस्तो हलुको भएको सासुको जीवन अब जाँताले थिचिएको जस्तो भयो, मन अन्योलग्रस्त । त्यसैले मुखले पीडा व्यक्त गर्न सकिनन् । लालबहादुरले अनुहारमा खुसी देखाए पनि बिछोडिनु परेको पीडाले मनमनै रोएको थियो । केटाकेटी आमा कहिले आउने भन्दै सामानको फर्माइस गर्दै यताउता भौँतारिन्थे । दिलमायाको मन गरौँ भए पनि शरीरमा जोश जाँगर थियो ।

हात हल्लाउँदै, आँसु पुछ्दै दिलमाया हवाइ जहाजमा उडेपछि मूर्ति नभएको मन्दिरझैँ खाली मन लिएर लालबहादुर घर फर्कियो । दिलमायालाई पठाउन ठिक भयो कि बेठिक केही भन्न सकेन र लालबहादुरले खुइय्य गर्दै गरी सम्झाउँदा पनि केही सिप लागेन भन्दै लामो सुस्केरा हाल्यो ।

दिलमायालाई गएको तिन दिनपछि घरेलु कामदारका रूपमा एउटा घरमा पुऱ्याइयो । घर कम्पाउण्ड निकै ठुलो, तिन चार ओटा गाडी देख्दा दिलमायाको आशा पलायो । बिहान उठेदेखि बेलुकी झन्डै एघार बजेसम्म एकोहोरो काम गरिहनु पर्दा केही दिनमा नै दिलमायाको शरीर दुखेर चलाउन नहुने भयो । दिनमा चौध पन्ध्र घन्टा काम गर्नु पर्ने, खाने समयसमेत नपाइने र आँखा साउन भदौ जस्तै बर्षिरहने कारणले गर्दा उसको शरीर शिथिल हुन थाल्यो । समय समयमा घर मालिक्नीले काम बिस्तारै गर्दी रहिछ भनेर गाली मात्रै गर्ने होइन, पिट्न पनि बाँकी नराखेको देख्दा दिलमायालाई अब यो ज्यान सकुशल फर्किएला जस्तो लाग्न छाड्यो । कुन ग्रह दशा बिग्रिएर त्यस्तो घर छोडी यहाँ आइपुगेँ भन्दै बच्चाहरू सम्झी आँखाबाट मूल फुटेझैँ गरी आँसु वर्षन्थे रातैभरि । विस्तारै शरीर त अभ्यस्त हुँदै गयो दिलमायाको । एक दिन कोठा सफा गरिहँदा घर मालिक कोठाभित्र प्रवेश गऱ्यो र दिलमायाको प्रशंसा गर्दै अघि बढ्न थाल्यो । हेर्दै डरलाग्दो ज्यान र अनुहार आफू नजिक आउन लागेको देख्दा बेतोडले मालिक्नीको कोठामा गएर भन्न थाली तर मालिक्नीले सुने को नसुनेझैँ गरी टारिदिई । उसलाई भन्नु नै व्यर्थ लाग्यो । त्यस दिनदेखि उसको मन निकै आत्तिन थालेको थियो । घरमा कोही नभएको मौका पारी एकदिन भान्छामा काम गरिरहँदा घर मालिकको छोरा आएर उसलाई समाएर कोठामा लान खोज्यो । दिलमाया आत्तिदै तल ओर्लेर ढोका बाहिर निस्कन खोजी तर त्यहाँ पनि घरभित्र पस्न लागेको अर्को मान्छेले उसलाई अँगाल्न खोज्दै मसँग विवाह गर भन्न थाल्यो । दिलमाया हत्तारिदै ढोका बाहिर निस्की र चारैतिर हेर्न थाली । कोही नेपाली भेट भए पनि हुन्थ्यो भन्ने लाग्यो तर विरानो ठाउँमा को भेटिन्थ्यो र ! यस्तो ठाउँमा बसेर पैसा कमाउनुभन्दा आफ्नै घरमा एक छाक खानु वेश, अब त कुनै हालतमा यहाँ बस्दिन भन्ने अठोट गरी । यही समयमा घर मालिक्नी आइपुगेर किन काम नगरी बसकी भित्र हिँड भन्दै माथि लगिन् । दिलमायाले छोराको कुरा भन्न खोज्दा उल्टै उसलाई राम्रो काम नगरेको भन्दै गाली गरिन् । अब यहाँ कसैले कुरै नसुन्ने भएपछि यहाँ बस्नु नै धिक्कार छ भन्ने लाग्यो दिलमायालाई । जे पर्ला, जहाँ पुगिएला भन्दै त्यहाँ नबस्ने उसले अठोट गरी । बेलुका सबै सुतेपछि उसले ढोका खोल्न खोजी तर ढोका खोल्दा आवाज आउने भएकाले बिस्तारै झ्याल खोली र चारैतिर हेर्दै वरण्डाको रेलिङ्गमा टेक्छु भन्दाभन्दै खुट्टा चिप्लिएर एकैपल्ट तल सिमेन्टमा बजारिन पुगी । के को यति ठुलो आवाज आयो भनेर

सबै हेर्न आउँदा दिलमायाले संसार छोडिसकेकी थिई ।

केही दिनपछि त्यहाँ भएका नेपाली र नेपाली राजदूतावासको सहयोगले दिलमायाको शवलाई नेपाल पठाइयो । गोलभँडाझैँ राता आँखा लिएर साथीहरूको सहयोगमा लालबहादुर विमानस्थल उपस्थित थियो । अरूजस्तो म बन्द बाकसमा आउँदिन भन्थी तर आज यो के देख्नुपर्‍यो भन्दै लालबहादुर डाँको छोडी रून थाल्यो ।

एक हुल साथीहरू आएर दिलमाया किन एक्लै बसेकी भन्दा पो बलिन्द्र धारा आँसु बगाएकी दिलमाया झसङ्ग झस्की । अस्मिताले के भो किन रोएकी भनेर सोध्दा पो उसलाई लाज पनि लाग्यो र मनमनै आफ्नै देशमा रहेछु भन्दै खुसी पनि लाग्यो । गुराँसको फेदमा बस्दाको आनन्दले म त निदाएर सपना पो देख्न पुगिछु भन्दै साथीहरूलाई टारिदिई ।

पुनर्मिलन समारोहबाट घर फर्किएपछि दिउँसोको सबै घटना र तर्कना लालबहादुरलाई सुनाई । आँखाभरि आँसु पार्दै विदेश नगई आफ्नै देशमा काम गर्ने भन्दै नछुट्टिने प्रण गरीन् । पाँच वर्ष पश्चात् दिलमायाको हातबाट मोबाइल अन्त जान छोड्यो । आज दिलमायाको घरको चारैतिर फुलैफुलको संसार छ, सुगन्धित वातावरण छ । उसलाई रोकिने र बस्ने फुर्सदै छैन् । घरमा दस बार जना कामदार छन् । कहिले होटेल, कहिले पार्क, कहिले घर घरबाट फुल विरूवाको अर्डर आउँछ । स्वदेशका विभिन्न ठाउँमा मात्र होइन विदेशमा पनि अर्डर आउँछन् । पुष्प प्रदर्शनीमा दिलमाया फ्लोरीकल्चरका नाउँले प्रसिद्धि कमाएकी छिन् । दिलमायालाई कसैसित गफ गरेर बस्ने फुर्सद छैन । फूलप्रेमी धरानबासीहरू आफ्ना सन्ततिहरूलाई नाम कमाउन र धन कमाउन विदेश जानु पर्दैन भन्दै दिलमायाको उदाहरण दिन्छन् ।

शब्द र अर्थ

मन्त्रमुग्ध : मोहित पारिएको, लट्ठ तुल्याइएको, मुहुनी लाइएको

पुनर्मिलन : एकल्प बिछोड भएकाको फेरि फेरि भेटन हुने क्रिया वा काम

बान्की : कुनै वस्तुको आकार प्रका, नमुना, ढाँचा

मत्स्याकार : माछाको आधकार

फर्स्याइलो : लोभलाग्दो

ग्लानि : शारीरिक र मानसिक शिथिलता, थकाह, पछुटो, पश्चाताप

फर्माइस : चाहना अनुसारको कुनै वस्तु ल्याउन वा बनाउन दिइने आज्ञा वा अनुरोध

वरदान : देवता वा गुरुजन आदिले प्रसनन भएर अभिष्ठ शिद्धिका निम्ति दिने आशीर्वाद, इच्छित वस्तुपको प्राप्ति, वर

अभ्यास

सुनाइ र बोलाइ

१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

सांस्कृतिक, कार्यक्रम, जिम्मेवार, कष्टप्रद, पुनर्मिलन, फर्माइस, मालिक्नी, प्रसिद्धि ।

२. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :

(क) विद्यार्थीहरू कुन ठाउँमा भेला भएका थिए ?

(ख) दिलमाया कस्ती थिई ?

(ग) लालबहादुर किन दिलमायाबाट प्रभावित भएको थियो ?

(घ) दिलमायालाई जीवन के मात्र हैन भन्ने लाग्यो ?

(ङ) दिलमायाले कति कक्षासम्म पढेकी थिई ?

(च) दिलमाया कसरी उदाहरणीय पात्र बनी ?

३. 'दिलमाया' कथा पालैपालो पढेर कक्षामा सुनाउनुहोस् ।

पढाइ

१. 'दिलमाया' कथा पढेर खाली ठाउँ भर्नुहोस् :

(क) बसन्त ऋतुको आगमनसँगै ..... को आगमन पनि बढ्थ्यो ।

(ख) कसैले कसैको ..... थिएन ।

(ग) अरूजस्तो म ..... आउदिन ।

(घ) उसलाई .....व्यर्थ लाग्यो ।

(ङ) दिलमायालाई कसैसित गफ गरेर ..... छैन ।

२. 'दिलमाया' कथाको नवौं अनुच्छेद पढी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) दिलमायाले कति घन्टासम्म काम गर्नु पर्थ्यो ?

(ख) दिलमाया कसलाई सम्झेर रातभरि रून्थी ?

(ग) घर मालिकले दिलमायाप्रति कस्तो व्यवहार गऱ्यो ?

(घ) लालबहादुर किन डाँको छोडी रून थाल्यो ?

(ङ) शिथिल र बेतोडको अर्थ के हो ?

३. माथिको कथा पालैपालो वाचन गर्नुहोस् :

४. माथिको कथा मनमनै पढ्नुहोस् र कथाका सम्बन्धमा कुनै प्रतिक्रिया भए कक्षामा छलफल गर्नुहोस् ।

लेखाइ

१. अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् :

पुनर्मिलन, आगमन, पर्यटक, तीक्ष्ण, कष्टप्रद ।

२. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) दिलमायाले पैसा कमाउन के गर्ने निधो गरी ?

(ख) दिलमायाले कस्तो सपना देखी ?

(ग) दिलामायाले किन विदेश नजाने निधो गरी ?

(घ) दिलमायाको सपनामा आएका पात्रहरू तिमीलाई कस्तो लाग्यो ? किन ?

३. 'दिलमाया' कथाको पहिलो र दोस्रो अनुच्छेद शुद्धसँग कापीमा सार्नुहोस् ।

४. तपाईंको छिमेकमा कोही वैदेशिक रोजगारीमा गएर दुःख पाएको खबर सुनिएको छ भने त्यस्तो विषय समेटी एउटा कथा तयार पार्नुहोस् ।

५. वैदेशिक रोजगारी भन्दा स्वदेशमै गरेको उद्यम वेश हुन्छ भन्ने विषय समेटी पाँच ओटा बुँदा टिप्नुहोस् ।

६. 'दिलमाया' कथाको साराशं लेख्नुहोस् ।

७. 'दिलमाया' कथामा उल्लिखित मुख्य पाँच ओटा घटनाहरू टिप्नुहोस् ।

कार्यमूलक व्याकरण

विभक्ति

१. **तलको तालिका पढ्नुहोस् :**

विभक्ति चिह्न	**विभक्ति**
ले, बाट, द्वारा	प्रथमा विभिक्ति
लाई	द्वितीया विभिक्ति
ले, बाट, द्वारा	तृतीया विभिक्ति
लाई	चतुर्थी विभिक्ति
देखि, बाट	पञ्चमी विभिक्ति
को, का, की, रो, रा, री, नो, ना, नी	षष्ठी विभिक्ति
मा	सप्तमी विभिक्ति

२. कोष्ठकमा दिइएको सङ्केतअनुसार विभक्ति चिह्न राखेर खाली ठाउँ पुरा गर्नुहोस् :

(क) निहिता ..... नयाँ किताब किनिन् । (प्रथमा विभक्ति)

(ख) अप्सरा भाइ ..... बोलाउँछिन् । (द्वितीया विभक्ति)

(ग) हरि बिहानै ..... पढ्दै छ । (सप्तमी विभक्ति)

(घ) चिन्तन कलम ..... चिठी लेख्छन् । (तृतीय विभक्ति)

(ङ) तिम्रो टेबुल ..... घडी छ । (सप्तमी विभक्ति)

३. तलका विभक्ति चिह्न प्रयोग गरी एक एक वाक्य बनाउनुहोस् :

ले, द्वारा, बाट, मा, अघि, लागि, को, रा, नी, की ।

परियोजना कार्य

वैदेशिक रोजगारीले हाम्रो समाजलाई फाइदा र बेफाइदा दुवै गरेको छ । मानिसहरू यसप्रति अझ आकर्षित भइरहेका छन् । वैदेशिक रोजगारीमा गएकाहरूलाई पैसा कमाउने मान्छे भनेर समाजले राम्रै दृष्टिले हेर्ने गर्छ तर यसबाट पर्न सक्ने दुष्प्रभावका सम्बन्धमा भने कसैको ध्यान गरएको छैन । व्यक्तिगत जीवनमा त यसले नराम्रो असर पारेको छ । नै समाजमा पनि यसले नराम्रो असर पारेको छ । दिलमाया कथाले पनि यही कुरा जनाउन खोजेको छ । तपाईंहरूको विचारमा वैदेशिक रोजगारीका के कस्ता फाइदा र बेफाइदा हुन सक्छन् दुवै विषयलाई समेटेर एक एक अनुच्छेद लेख्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

पाठ ११

वन्यजन्तु र तिनको सुरक्षा

वन्यजन्तुहरू विभिन्न रूप र स्वभावका हुन्छन् । कुनै हिंस्रक हुन्छन् त, कुनै अहिंस्रक । कतिपय वन्यजन्तुहरू सुलभ छन् । ती प्रायः जहाँतहीँ पाइन्छन् तर कतिपय चाहिँ दुर्लभ छन् । ती खासखास ठाउँ र वातावरणमा मात्र रहने गर्छन् । दुर्लभ हुँदै गएका वन्यजन्तुहरूको सुरक्षा र संरक्षणका बारेमा विश्वभरि नै संरक्षणको चिन्ता र चासो बढ्दै गएको पाइन्छ । तिनको संरक्षण गर्ने प्रमुख उपाय तिनीहरूको वातावरण नबिगारिदिनु हो । वन्यजन्तुको बासस्थान भनेको मुख्य रूपमा जङ्गल नै हो । यसको विनाश भयो भने वन्यजन्तुहरू लोप हुन केही बेर लाग्ने छैन ।

जङ्गल वास्तवमा वन्यजन्तुहरूको आश्रयस्थल हो । आआफ्ना स्वभाव र आवश्यकतानु अनुसार त्यहाँ तिनीहरूले निर्बाध रूपमा बस्न पाउनुपर्छ । यो तिनीहरूको प्राकृतिक अधिकार नै हो ।

घना जङ्गलका निर्जन भूमिमा गर्जन नपाउने सिंह के सिंह ? कोमल घाँसका कलिला त्यान्द्रा टिप्दै फुत्रुक फुत्रुक नाच्न नपाउने मृग शावकहरूको के अर्थ ? बुट्यानमा माडमुड गर्दै वेग हान्न नपाउने गैंडाको के गणना ? बाघ होस् कि वानर होस्, हात्ती होस कि अर्ना होस्, हरिण होस् कि चितुवा होस् सबैको संसार जङ्गल नै हो । त्यस संसारमा मस्तसँग रमाएर तिनले हाम्रो संसारलाई सुन्दर र सुरम्य बनाउँछन् ।

आदिम युगमा मानिस र वन्यजन्तुहरू एउटै जङ्गलका ओल्लो ओडार र पल्लो ओडारमा बसोबास गर्थे । तिनीहरूका बिच मित्रता र शत्रुता दुवै थियो । मौका पर्दा एकले अर्कालाई

मारेर पेटको भोक शान्त पार्थे । यो तिनीहरूको शत्रुताको पराकाष्ठा थियो । तर एकै स्थानका बासिन्दा भएकाले दुवैले जङ्गलमा नै जीवनयापन गर्नुपरेको थियो । एउटा बिना अर्काको अस्तित्व सुरक्षित नहुनु तिनीहरूको मित्रताको कडी थियो । विकासको क्रमसँगै मानिसले आफ्नो बसोवासका लागि सुरक्षित थलाका व्यवस्था मिलायो अनि जनवरहरू भने जङ्गलका रैथाने बने ।

आधुनिक युगसम्म आइपुग्दा मानिसले प्रशस्तै भौतिक उन्नति गऱ्यो र शक्तिशाली पनि बन्दै गयो तर जङ्गली जनावरहरू भने प्रकृतिमै निर्भर रहनुपऱ्यो । मानिस अनेकन् साधनका सहयाताले कोसौँ टाढा जङ्गली जनावरहरूलाई खुत्रुक्कै पार्न सक्ने भयो । वनजङ्गल फाँडेर र नासेर तिनीहरूको घरबासै स्वाहा पारिदिन मानिस उद्यत् भइरह्यो ।



यतिखेर वन्यजन्तुहरू सङ्कटका क्षणमा छन् । एकातिर उनीहरूको अनुकूल वातावरण नासिँदै गएको छ भने अर्कातिर मानिसमा लोभ बढेर जाँदा वन्यजन्तुहरूको सिकार गर्ने क्रम बढ्दै गएको देखिन्छ । यस्तो परिस्थितिले खास गरी दुर्लभ वन्यजन्तुहरूलाई कसरी जोगाउने भन्ने चुनौती उत्पन्न भएको छ । यस क्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरू बनाइएका छन् । सन्धि सम्झौताहरू गरिएका छन् । सहमति स्थापित भएका छन् । यति हुँदा हुँदै पनि अवैधरूपले तिनको विनाश बढ्दो छ । चोरी धन्दाको प्रत्यक्ष असर वन्यजन्तुहरूमा बढ्दै गएको छ ।

नेपालकै सन्दर्भमा हेर्दा पनि वन्यजन्तुहरूको सुरक्षाका लागि अनेकन् प्रयासहरू गरिन थालिएका छन् । तिनको अवैध धन्दा गर्ने र सिकार गर्नेहरूलाई अपराधीका रूपमा स्वीकार्ने गरिएको छ । तिनका अवयव र अवशेषबाट निर्मित वस्तुहरू प्रतिबन्धित छन् । तिनको सुरक्षा र संवर्द्धनमा प्रभावकारिता बढोस् भन्ने अभिप्रयाले विभिन्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको व्यवस्था गरिएको छ । तिनीहरूको वातावरण नबिथोलियोस् भनी मानव बस्तीहरू अलग गरिएका छन् । वन्यजन्तुहरूको स्वास्थ्योपचारमा समेत ध्यान पुऱ्याउन थालिएको छ । यी कार्यहरू वन्यजन्तुको महत्त्व बुझ्दै गएपछि नै सुरु गरिएका हुन् ।

वैज्ञानिकहरू वन्यजन्तुका कारणले प्रकृति र वातावरणबिच सन्तुलन कायम गर्न सकिन्छ भन्ने निष्कर्षमा पुगेका छन् । अहिंसावादीहरू अर्काको हिंसा गर्नबाट टाढै रहन्छन् । दार्शनिकहरू प्राणी मात्रको आत्मा एकै हो भन्ने गूढ रहस्य खोतल्न सक्छन्, साधुसन्त र सहृदयी सज्जनहरू सम्पूर्ण प्राणीको कल्याण चाहन्छन्, परन्तु ब्याधाले छाडेका तीर र गोलीले कैयौँ महत्त्वपूर्ण जीवजन्तुहरूको छाती छियाछिया भएको हृदयविदारक दृश्य देखेर कुनकुन सज्जन र संरक्षणविद् को आत्मा नरोला ?

मानिसको सोचाइमा परिवर्तन आउन समय लाग्छ । बाघले बाख्रा मारेको देखेर बाघप्रति रिस उठ्नु स्वाभाविकै हो, तर बाघले बाख्रा मार्नु उसको प्राकृतिक स्वभाव हो । त्यसप्रति हामीले रिस होइन सतर्कता अपनाउनु आवश्यक छ । चाहे घरपालुवा हुन् वा सबै जङ्गली जीवजन्तु र किरा फट्याग्राको यस धर्तीमा आ-आफ्नै प्रकारको महत्त्व छ । गँड्यौलालाई हामी केही गर्न्दैनौँ । तर माटाको चिस्यान तथा उर्वर गुण सुरक्षित राख्न त्यसले पनि मदत पुऱ्याइरहेको हुन्छ । वास्तबमा संसारमा सृष्टि भएका प्रत्येक जीवजन्तु र कीटपतङ्गको महत्त्व प्रकृतिले नै निर्धारण गरिदिएको छ । ती मध्ये मनुष्य आफैँ पनि प्रकृतिको एक सुन्दर उपहार हो । यस सत्यलाई मानिसले नै बुझिदिएन भने के होला ?

जङ्गल र वन्यजन्तु तथा हाम्रो वातावरणका बिच घनिष्ट सम्बन्ध छ । वन्यजन्तु बिनाको जङ्गलको केही शोभा छैन । जङ्गल बिनाका वन्यजन्तुहरूको त कल्पना नै नगरे हुन्छ । जङ्गल र वन्यजन्तुको यस प्रकारको अन्योन्याश्रित सम्बन्धलाई बुझेपछि तिनको अभावमा हाम्रो वातावरणको स्थिति कस्तो होला ? वातावरण प्रतिकूल हुनु भनेको मानिस र जीवका निम्ति सबभन्दा ठुलो खतरा हो । अत: जङ्गल जोगाएर वन्यजन्तुको संरक्षण र विकास गर्न प्रतिबद्ध हुनु प्रत्येक व्यक्तिको कर्तव्य हुनुपर्छ । जङ्गलको सुरक्षा गर्नु भनेको सम्पूर्ण प्रकृतिको रक्षा गर्नु हो र जीवनको उपयुक्त बाटो अपनाउनु हो । आफ्नो जीवन नचाहने जीव संसारमा कहीँ छैन । आफ्नो जीवन चाहनेले अर्काको जीवनको मूल्य पनि बुझिदिनै पर्छ र प्रत्येक जीवजन्तु खास गरी वन्यजन्तुहरूको सुरक्षाका निम्ति मानिसले सक्रिय सहयोग पुऱ्याउनै पर्छ । वन्यजन्तुहरू

हामी सबैका मायाका भोका छन् । तिनीहरूप्रति हामी सबैले माया गर्नुपर्छ ।

शब्दार्थ

सुलभ : सजिलै प्राप्त गर्न सकिने

दुर्लभ : पाउन कठिन हुने

निर्बाध : बाधा व्यवधान नभएको

आदिम : सुरुको, प्राथमिक

पराकाष्टा : हद, अन्तिम सीमा

उद्यत् : तत्पर

उद्दण्ड : कडा स्वभावको, आक्रामक

अवैध : कानुनले निषेध गरेको

अवयव : अङ्ग

अवशेष : बाँकी अंश, अस्थिपञ्जर

निकुञ्ज : वनसम्पदा, वनस्पति आदिको समेत सुरक्षाका लागि तोकिएको क्षेत्र

वन्यजन्तु आरक्ष : जङ्गली जनावरको रक्षाका लागि छुट्याइएको क्षेत्र

दार्शनिक : जीव, प्रकृति, ईश्वर आदिका बारेमा गहन विचार राख्ने

गूढ : भित्री, रहस्यमय, अदृश्य

हृदय विदारक : हृदय दुखाउने

अन्योन्याश्रित : एक अर्कामा निर्भर

प्रतिकूल : विपरीत

प्रतिबद्ध : विचारमा दृढ

अभ्यास

सुनाइ र बोलाइ

१. **पाठको पहिलो अनुच्छेद सहजकर्ताले पढ्ने र तपाईँले लेख्ने गर्नुहोस् ।**

२. **तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

वन्यजन्तु, स्वभाव, हिंस्रक, वातावरण, संरक्षण ।

३. **पाठको पहिलो अनुच्छेद पढेको सुन्नुहोस् र तलका प्रश्नहरुको उत्तर भन्नुहोस् :**

(क) वन्यजन्तुहरू कस्ता हुन्छन् ?

(ख) हिंस्रक शब्दको विपरीतार्थक शब्द के हो ?

(ग) वन्यजन्तुसँग सम्बन्धित चिन्ताको विषय के हो ?

(घ) वन्यजन्तु लोप हुन नदिन के उपायहरु अपनाउनु पर्छ ?

४. पाठसँग सम्बन्धित तलका बुँदाका आधारमा कक्षामा छलफल गर्नुहोस् :

वनजङ्गलको भूमिका .....वन्यजन्तु र वातावरण..... वन जङ्गलको उपयोग वनजङ्गल र वातावरणको अवस्था .....वनजङ्गल र वन्यजन्तुको सुरक्षा .... त्यसबाट .....निष्कर्ष ।

पढाइ

१. **पाठको दोस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।**

२. **दोस्रो अनुच्छेदसँग सम्बन्धित तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) वन्यजन्तुका प्राकृत अधिकार के हुन् ?

(ख) वन्यजन्तुले हाम्रो संसारलाई कस्तो पार्छन् ?

(ग) फुत्रुक फुत्रुक शब्द कुन शब्दवर्गमा पर्छ ?

(घ) अर्थका अनेक अर्थहरू के के हुन् ?

(ङ) दोस्रो अनुच्छेदमा समावेश वन्यजन्तुहरुको नाम भन्नुहोस् ।

३. पुरै पाठ मनमनै पढ्नुहोस् र त्यहाँका मुख्य मुख्य बुँदा टिप्नुहोस् ।

४. पाठका लेख्य चिन्हहरूको सूची बनाउनुहोस् ।

५. पाठको अन्तिम अनुच्छेदलाई एक तृतीयांश हुने गरी छोटो पार्नुहोस् ।

लेखाइ

१. **तलको प्रश्नको उत्तर अनुच्छेदमा लेख्नुहोस् :**

(क) वन्यजन्तुको स्वभाव कस्तो हुन्छ ?

(ख) वनजङ्गलको महत्त्व बढ्नाका कारण केके हुन् ?

(ग) वन्यजन्तुको संरक्षणबारे विश्व समुदायमा कस्तो सोचाइ बनेको पाइन्छ ?

(घ वन्यजन्तुको सुरक्षाका सम्बन्धमा सचेत हुनु भनेको के हो ?

(ङ) वातावरण प्रतिकूल हुनु भनेको के हो ?

(च) नेपालमा वातावरण प्रतिकूल हुने कस्ता प्रयास भएका छन् ?

२. **कुनै दस ओटा महत्त्वपूर्ण वन्यजन्तुको नाम, वासस्थान र आहारा तलको तालिकामा भर्नुहोस् :**

क्र.स.	वन्यजन्तुको नाम	बासस्थान	आहारा	तपाईंको मातृ भाषामा ती जनावर लाई के भनिन्छ, लेख्नुहोस् ।

३. **कुनै वन्यजन्तुले तपाईँलाई हानि पुऱ्यायो भने त्यसलाई तपाईँ के गर्नुहुन्छ ? लेख्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।**

४. **वन्यजन्तु र वातावरणको सम्बन्ध शीर्षकमा एउटा लेख तयार गर्नुहोस् । यस्तो लेख तयार गर्दा तपाईँले पढेको पाठलाई मुख्य आधार बनाउनुहोस् ।**

४. **भाव स्पष्ट गर्नुहोस् :**

(क) मनुष्य आफैँ पनि प्रकृतिको एक सुन्दर उपहार हो ।

(ख) वन्यजन्तु बिनाको जङ्गलको केही शोभा छैन, जङ्गल बिना वन्यजन्तुको त कल्पना नै नगरे हुन्छ ।

कार्यमूलक व्याकरण

आज्ञार्थ

१. **तलका वाक्य पढ्नुहोस्, बुझ्नुहोस् र कापीमा सार्नुहोस् :**

- भाइ, तिमी भात खाऊ ।
- हरि, तँ पाठ पढ् ।
- आमा लुगा लाउनुहोस् ।
- भगवान्, हाम्रो रक्षा गर्नुहोस् ।

२. **कोष्ठकमा उल्लेख गरिएका धातुसाग सम्बन्धित आज्ञार्थक क्रियापदले वाक्यको खाली ठाउँ भर्नुहोस् :**

- तिमी जोगीलाई भीक्षा ..... । (दि)
- तँ घर चाँडै ..... । (आउ)
- श्याम, मन्त्री ..... । (हु)
- आमा, बेलैमा भात ..... । (खा)

३. **तलका आज्ञार्थक क्रियापद प्रयोग गरेर वाक्य रचना गर्नुहोस् :**

जाऊ, लेख्नुहोस्, फुका, धोऊ, बोक

४. **तलका धातुबाट आज्ञार्थक क्रियापद बनाउनुहोस् :**

मर्, कुट्, ल्याउ, उठाउ, लि, रु, सिउ ।

५. **तलका वाक्यलाई आज्ञार्थक वाक्यमा बदल्नुहोस् :**

- तँ राम्ररी पढ्छस् ।
- तिमी भनेको मान्छौ ।
- तपाईं सबेरै उठ्नुहुन्छ ।
- बहिनी गीत गाउँछिन् ।

६. **आज्ञार्थका सम्बन्धमा तलको अनुच्छेद पढ्नुहोस् :**

आज्ञार्थमा आज्ञा र अर्थ दुई शब्द मिलेका छन् । व्याकरणमा अर्थको मतलब भाव

भन्ने हुन्छ । आज्ञार्थ अन्तर्गत आज्ञा, अनुरोध, प्रार्थना प्रस्ताव आदिसँग सम्बन्धित भाव पर्छ । यस किसिमका वाक्यहरूलाई आज्ञार्थक वाक्य भनिन्छ । आज्ञार्थक वाक्यहरू विशेष गरेर द्वितीय पुरुषको सन्दर्भमा प्रयोग हुन्छन् ।

स्वाध्ययन खण्ड

१. **तलका पाठ्य वस्तुहरू प्रकृतिसँग सम्बन्धित छन्, मानिस र तिनीहरूका बिचको सम्बन्ध निबन्धका रूपमा उल्लेख गर्नुहोस् । जस्तै :**

- हाम्रा हिमाल
- हाम्रा नदीनाला
- घाम र पानी

२. वन्यजन्तु र तिनको सुरक्षा निबन्ध पुन: एक पटक सूक्ष्म रूपमा अध्ययन गर्नुहोस् ।

३. "आज्ञार्थ" का सम्बन्धमा उदाहरण सहित एक अनुच्छेद लेख्नुहोस् ।

पाठ १२

फ्लोरेन्स नाइटिङ्गेल

विश्वकै नारी समुदायको हृदयकी प्रतीक मानिने फ्लोरेन्स नाइटिङ्गेलको जन्म सन् १८२० मे १२ का दिन इटलीको फ्लोरेन्स सहरमा भएको हो । उनी बाबु विलियम एडवार्ड नाइटिङ्गेल र आमा फेनी स्मिथ नाइटिङ्गेलको दोस्री छोरीका रूपमा जन्मेकी थिइन् । उनका बाबु आमा केही समयका लागि ब्रिटेनबाट इटली गएका थिए । फ्लोरेन्सको बाल्यकाल इटलीको फ्लोरेन्स सहरमा नै बित्यो । उनले त्यहाँ रहँदा आफ्ना बाबु विलियमसँग भाषा, गणित, इतिहास र दर्शनका बारेमा अध्ययन गरिन् । उनले ग्रिक, ल्याटिन, फ्रान्सेली, जर्मनेली भाषाहरू र ती जातिका सामाजिक रहनसहनका विषयमा पनि गहिरो रुचि देखाइन् ।

फ्लोरेन्स उदार हृदयकी महिला थिइन् । कुनै पनि प्राणीको दुःख उनी आफ्नै दुःखजस्तो सम्झन्थिन् । एक पटक उनले बाटाको बिरामी कुकुरलाई आफ्नो घरमा ल्याएर उपचार गरिन् । यही उपचारमा पाएको सफलता र सन्तुष्टिले उनलाई प्राणीहरूको सेवामा रमाउने प्रेरणा मिल्यो ।

फ्लोरेन्सले जीवनमा नर्स बनेर बिरामीहरूको सेवा गर्ने लक्ष्य राखिन् तर त्यस वेला 'नर्स' पेसालाई मर्यादित पेसाका रूपमा लिँइदैनथ्यो । बाबु आमाले पनि उनको रुचिलाई मन पराएका थिएन् । उनी भने आफ्नो विचारलाई बदल्ने पक्षमा थिइनन् । यसैले बाबुआमाको विचार बदलिँदै गयो र उनीहरूको सल्लाहअनुसार सन् १८४६ मा उनी नर्सिङ विषय पढ्न जर्मनी गइन् । पढाइकै सन्दर्भमा उनले फ्रान्स र बेलायतका प्रमुख अस्पतालहरूको निरीक्षण पनि गरिन् जसले गर्दा उनलाई नर्सिङ सेवाका लागि आवश्यक पर्ने थप ज्ञान, सिप र अनुभव

प्राप्त भएको थियो ।

सन् १८५३ मा फ्लोरेन्स लन्डनको एउटा ठुलो अस्पतालमा प्रमुख नर्स (परिचारिक) को पदमा नियुक्त भइन् । उनले त्यहाँ आफ्नो प्रशासनिक दक्षताका साथै सेवा भावको पनि राम्रो परिचय दिइन् । फ्लोरेन्स दया, करुणा र सेवाकी प्रतिमूर्ति थिइन् । उनको परोपकारी भावना थियो । बिरामीहरू उनको सेवा पाएर प्रसन्न हुन्थे र उनको प्रंशसा गर्थे । यसबाट फ्लोरेन्सलाई आफ्नो काममा झन् प्रेरणा मिलेको थियो ।

फ्लोरेन्स एक परिचारिका मात्र नभएर उपचारात्मक व्यवस्थाकी प्रणेता पनि हुन् । उनी आफैँले धेरै महिलाहरूलाई नर्स कोर्सका बारेमा प्रशिक्षण पनि दिएकी थिइन् । युद्को कारणबाट घाइते भई क्रिमियाको स्कुटरी अस्पतालमा भर्ना भएका सिपाहीलाई समेत उनले सेवा पुऱ्याइन् । स्कुटरी अस्पतालमा गरेको बिरामीको सेवाले नै उनलाई 'लेडी विथ द ल्याम्प' को उपनामले संसारमा परिचित गरायो । क्रिमियाको युद्धका कारण बिरामी परेका सिपाहीलाई उपचारार्थ उनले लन्डन सहरमा चन्दा सङ्कलनको काम पनि गरिन् । उनले क्रिमियाको अस्पतालमा खटिई चौबिसै घन्टाजस्तो बिरामीलाई सेवा पुऱ्याउने काम गरिन् । आफ्नो बालक बिरामी हुँदा आमाको जुन अवस्था हुन्छ, त्यही अवस्था फ्लोरेन्सको स्कुटरी अस्पतालमा थियो । रातभरजसो बत्ती साथमा लिएर बिरामीको हेरविचारमा उनी लागेको पाउँदा बिरामीहरूलाई उनी स्वास्थ्यकी देवी नै हुन् भन्ने लागेको थियो ।

फ्लोरेन्स नाइटिङ्गेलले क्रिमियाको युद्धका कारण बिरामी परेका सिपाहीहरूको दुई वर्षसम्म स्कुटरी अस्पतालमा रहेर सेवा पुऱ्याइन् । क्रिमियाको युद्धको अन्त्यपछि उनी फेरि आफ्नो अस्पताल लन्डनमा फर्किन् ।

फ्लोरेन्स आदर्श नारी थिइन् । उनको प्रेरणाले बिरामीहरू रक्सी, चुरोट जस्ता दुर्व्यसनलाई तत्कालै परित्याग गर्थे । आफु नर्सिङ पेसामा कार्यरत रहँदा आफ्ना दु:खलाई उनले कत्ति पनि परवाह गरिनन् । यसैले उनले आफ्नो आँखाको ज्योति पनि गुमाउनु परेको थियो । समाज सेवाका लागि आजीवन अविवाहित रहनु समाजप्रति उनको ठुलो त्याग थियो । उनको अर्को महत्त्वपूर्ण योगदान नर्सिङ पेसालाई आदर्श र अनुकरणीय बनाउनु रहेको छ । उनले आफ्ना जीवनका अन्तिम दिनहरूमा 'सेन्टटमस नर्स ट्रेनिङ' नामको एउटा अस्पताल पनि स्थापना गरेकी थिइन् । यसरी सेवा र आदर्शकी प्रतिमूर्ति फ्लोरेन्स नाइटिङ्गेललाई उनले देखाएको सेवा र आदर्शको बाटोलाई सम्मान गर्दै बेलायत सरकारले "अर्डर अफ द मेरिट" को उपाधिले सम्मान गऱ्यो र यो सम्मानले विभूषित हुने प्रथम महिला उनी नै थिइन् । इटली सरकारले उनी जन्मेको सहरको नाम उनको नामबाट नै फ्लोरेन्स राखेको हो ।

ब्रिटिस राज्यकी मात्र छोरी नभएर विश्व महिला समाजकै प्रेरणाकी स्रोत बनेकी फ्लोरेन्स नाइटिङ्गेलको अगस्ट १३, १९१० मा ९० वर्षको उमेरमा देहावसान भयो ।

शब्दार्थ

प्रतीक : कुनै वस्तु वा धारणालाई चिनाउने वस्तु, चिनो, सङ्केत

नर्स : बिरामीहरूको सेवा र उपचार गर्ने स्त्री वा पुरुष

प्रतिमूर्ति : ठ्याम्मै मिल्ने किसिमको अर्को त्यस्तै वस्तु, मिल्दो खालको अर्को वस्तु, प्रतिबिम्ब, प्रतिकृति

उपचारात्मक : उपचार सम्बन्धी

व्यवस्थापन : व्यवस्था मिलाउने काम

प्रणेता : प्रारम्भकर्ता, सुरुवातकर्ता

देहावसान : मृत्यु, देहान्त

अभ्यास

सुनाइ र बोलाइ

१. **तलका शब्दहरु शुद्धसँग उच्चारण गर्नुहोस् :**

नाइटिङ्गेल, फ्लोरेन्स, ग्रिक, ल्याटिन, फ्रान्स, प्राणी, हृदय, निरीक्षक, स्कुटटि ।

२. **पाठको पहिलो अनुच्छेद सहजकर्ताले पढेको सुन्नुहोस् र तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) नाइटिङगेलको जन्म कहिले र कहाँ भएको हो ?

(ख) उनका बाबु र आमाको नाम के के थियो ?

(ग) फ्लोरेन्सले आफ्नो बाल्यकाल कसरी बिताइन् ?

(घ) बाल्यकालमा उनको स्वभाव कस्तो थियो ?

(ङ) नाइटिङगेलमा सेवाको भावना कसरी विकास भयो ?

३. **पाठ र पाठका चित्रका बारेमा कथाका साथीसँग छलफल गर्नुहोस् ।**

४. **पाठको दोस्रो अनुच्छेद सहजकर्ताले भन्ने र तपाईँले लेख्ने गर्नुहोस् ।**

५. **मन परेको महान् व्यक्तिसँग सम्बन्धित कुनै घटनाहरू थाहा भएको भए कथाका साथीहरूलाई पनि बताउनुहोस् ।**

पढाइ

६. **सहजकर्ताको निर्देशनमा पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।**

७. **"फ्लोरेन्स नाइटिङगेल" पाठ मनमनै पुरै पढ्नुहोस् ।**

८. **पाठका मुख्य मुख्य घटनाहरु सिलसिला मिलाएर कापीमा टिप्नुहोस् ।**

९. **पाठको अनुच्छेद पुनः पढ्नुहोस् र त्यहाँका मुख्य मुख्य कुरा बुँदाका रुपमा टिप्नुहोस् ।**

१०. **पाठका आधारमा जोडा मिलाउनुहोस् :**

समूह क		समूह ख
(क)	जन्म	फेनी स्मिथ
(ख)	मृत्यु	सन् १८४६
(ग)	नर्समा नियुक्ति	सन् १८५३
(घ)	जर्मनका लागि प्रस्थान	सन् १९१०
(ङ)	आमा	सन् १८२०

लेखाइ

११. पाठको चौथो अनुच्छेद राम्रा अक्षर पारेर कापीमा सार्नुहोस् ।

१२. पाठको विषयवस्तुलाई एक तृतीयांश हुने गरी सारांश लेख्नुहोस् ।

१३. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) फ्लोरेन्स नाइटिङ्गेलले प्राणीको सेवामा रमाउने प्रेरणा कसरी पाइन् ?

(ख) फ्लोरेन्स नाइटिङ्गेलको लक्ष्य के थियो र उनी कसरी सफल हुँदै गइन् ?

(ग) फ्लोरेन्स नाइटिङ्गेलको उपनाम के थियो र त्यो उपनाम किन दिइएको थियो ?

१४. "फ्लोरेन्स नाइटिङ्गेल स्वास्थ्यकी देवी हुन्" विवेचनात्मक ढङ्गले पुष्टि गर्नुहोस् ।

१५. फ्लोरेन्स नाइटिङ्गेलको जीवनी पढेका आधारमा तपाईँका गाउँघरमा भएका असल मानिसको जीवनी लेख्नुहोस् ।

१६. शुद्ध पारी कापीमा सार्नुहोस् :

मर्याडिट, अनुकरनीय, प्रेरना, प्रतिमूर्ती, दूर्बेसन, वेक्तित्वो, पर्सासनिक

१७. वाक्यमा प्रयोग गर्नुहोस् :

स्थापना, विभूषित, देहावसान, प्रणेता, प्रतिमूर्ति ।

कार्यमूलक व्याकरण

वाक्य परिवर्तन

१७. वाक्य परिवर्तनसँग सम्बन्धित उदाहरणहरू पढ्नुहोस् र त्यस किसिमका वाक्यहरू तपाईं पनि लेख्नुहोस् । जस्तै :

(क) **लिङ्ग**

पुलिङ्ग	**स्त्रीलिङ्ग**
ऊ घर गयो ।	ऊ घर गई ।
तिमी पाठ पढ्छौ ।	तिमी पाठ पढ्छयौ ।
तँ पाठ पढ्छस् ।	तँ पाठ पढ्छेस ।
साथीले आाप टिप्यो ।	साथीले आाप टिपी ।
मालिकले काम अराए ।	मालिक्नीले काम अराइन् ।

(ख) **वचन**

एक वचन	**बहुवचन**
ऊ घर गयो ।	उनीहरू घर गए ।
तिमी पाठ पढ्छौ ।	तिमीहरू पाठ पढ्छौ ।
साथीले आँप टिप्यो ।	साथीहरूले आँप टिपे ।
मालिकले काम अराए ।	मालिकहरूले काम अराए ।
म शिक्षक हुँ ।	हामी शिक्षक हौ ।

(ग) **पुरुष**

प्रथम पुरुष	**द्वितीय पुरुष**	**तृतीय पुरुष**
म पाठ पढ्छु ।	तँ पाठ पढ्छस् ।	ऊ पाठ पढ्छ ।
हामी पाठ पढ्छौँ ।	तिमीहरू पाठ पढ्छौँ ।	उनीहरू पाठ पढ्छन् ।
	तँ पाठ पढ्छस् ।	ऊ पाठ पढ्छे ।
	तिमी पाठ पढ्छौ ।	उनी पाठ पढ्छन् ।
	तिमी पाठ पढ्छ्यौ ।	उनी पाठ पढ्छिन् ।
	तपाईं पाठ पढ्नु हुन्छ ।	उहाँ पाठ पढ्नुहुन्छ ।

(घ) आदर

सामान्य	**मध्यम आदर**	**उच्च आदर**
तँ पाठ पढ्छस् ।	तिमी पाठ पढ्छौ ।	तपाईं पाठ पढ्नु हुन्छ ।
तँ पाठ पढ्छेस् ।	तिमी पाठ पढ्छ्यौ ।	
ऊ पाठ पढ्छ ।	उनी पाठ पढ्छन् ।	
ऊ पाठ पढ्छे ।	उनी पाठ पढ्छिन् ।	

(ङ) करण-अकरण

करण	**अकरण**
तिमी पाठ पढ ।	तिमी पाठ नपढ ।
तिमी पाठ पढ्छौ ।	तिमी पाठ पढ्दैनौ ।
तिमी पाठ पढ्थ्यौ ।	तिमी पाठ पढ्दैनथ्यौ ।

१८. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्यहरुलाई परिवर्तन गर्नुहोस् :**

- तिमी लुगा धुन्छौ । (स्त्रीलिङ्ग)
- खेताल्नीले मेलो सकी । (पुलिङ्ग)
- छात्राले पाठ पढी । (बहुवचन)
- भ्याकुताहरू उफ्न्छन् । (एक वचन)

- तँ कहाँ जान्छस् ? (तृतीय पुरुष)
- तपाईंहरूले भात खानु भयो । (प्रथम पुरुष)
- उनी सबैरै कता गइन् ? (द्वितीय पुरुष)
- उसले खेल खेल्यो । (अकरण)
- हामीले गीत गाएनौ । (करण)

१९. सहजकर्ताको निर्देशनमा वाक्य परिवर्तन सम्बन्धी थप अभ्यास गर्नुहोस् ।

स्वाध्ययन खण्ड

१. वाक्य परिवर्तनका सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।

२. सुशिक्षित अभिभावकको सहयोगमा कसैको जीवनी लेख्नुहोस् ।

३. राम्रा अक्षर पारेर पाठको कुनै अंश सार्नुहोस् ।

४. आफु अध्ययनरत खुला विद्यालयका बारेमा आफ्नो परिवारका कुनै सदस्यसँग विस्तृत रूपमा कुराकानी गर्नुहोस् र त्यसको निष्कर्ष पनि लेख्नुहोस् ।

पाठ १३

धनभन्दा विद्या ठुलो

खुला विद्यालयको वार्षिक कार्य तालिका अनुसार शिक्षा दिवसको अवसरमा वाद विवाद प्रतियोगिता आयोजना भएको छ । प्रतियोगितामा आठ कक्षामा अध्ययनरत सहभागी विद्यार्थीहरूको सहभागिता रहेको छ । त्यस कार्यक्रममा विद्यालयका प्रधानाध्यापकले सभाध्यक्षको आसन ग्रहण गर्नु भएको छ । तिन सदस्यमा निर्णायक मण्डल र समय-पालकलाई दर्शक दीर्घाको अघिल्लो पङ्क्तिमा राखिएको छ । शिक्षक शिक्षिका तथा विद्यार्थीको उपस्थिति पनि राम्रै रहेको छ । कार्यक्रम सञ्चालक सिर्जना चौधरीले कार्यक्रम सुरु गर्दै उद्घोषण गर्छिन् ।

आजको वादविवाद प्रतियोगिताको विषय छ - धनभन्दा विद्या ठुलो ।

यस वाद विवादको पक्षमा विद्या र विपक्षमा धन विषय रहेका छन् । हामीले साथीहरूलाई एक हप्ता अगाडि यस कार्यक्रमको विषय दिई तयारीका लागि अनुरोध गरेका थियौँ । हामीले पूर्व तयारीका लागि अनुरोध गरेका विषयका बारेमा म पुनः स्मरण गराउन चाहन्छु ।

वाद विवादका क्रममा ध्यान दिनुपर्ने पक्षहरू यसप्रकार छन् :

१. सर्वप्रथम पत्र पत्रिका, विश्वकोश, सामान्य ज्ञान, वार्षिकी, सन्दर्भ पुस्तक आदिबाट चाहिँदा सामग्रीहरू सङ्कलन गर्नुपर्छ ।

२. सङ्कलित सामग्रीको एउटा सूची बनाएर अर्को पक्षका तर्कहरू खण्डन गर्न सकिने बुँदाहरू पनि लेख्नुपर्छ ।

३. तयार पारिएको सूची वा बुँदाहरूको क्रम मिलाउनु पर्दछ । यसरी क्रम मिलाउँदा बुँदाहरूका बिच अन्तरसम्बन्ध भएको हुनुपर्छ ।

४. सङ्कलित तथ्य वा तथ्याङ्कहरू प्रामाणिकतामा आधारित भए नभएको रुजु गर्नुपर्दछ ।

साथीहरूले यी कुराहरूलाई विचार गरी तयारी गर्नु भएकै होला भन्ने आशा लिएकी छु ।

यसपछि म वाद विवादमा वक्ताहरूले ध्यान दिनुपर्ने मुख्य कुराहरू सुनाउँछु :

१. नियमहरूको पूर्ण पालना गर्नुपर्नेछ ।

२. मुख्य बुँदालाई समात्ने किसिमले द्वितीय पुरुष सर्वनामको प्रयोग गरी श्रोताको ध्यान आकर्षित गर्ने बोलचालको भाषा प्रयोग गर्नुपर्ने छ ।

३. अस्पष्ट र नबुझिने क्लिष्ट भाषाको सट्टा सहज र बुझिने भाषाको प्रयोग गर्नुपर्ने छ ।

४. हँसाउने खालका टुक्रे कथा वा अरू कुनै प्रकारका कथाहरू भन्नु राम्रो हुँदैन । यसले समयको सीमालाई असर पार्दछ ।

५. अर्को पक्षका वक्ताहरूलाई लाजगालमा पार्ने, बदनाम गर्ने वा निन्दा गर्ने काम गर्न पाइने छैन ।

६. पुनरुक्ति भएका वा विरोधाभाष पूर्ण कुराहरू पनि व्यक्त गर्नु हुँदैन ।

७. कुनै कुरा टिपेर बोल्न पाइने छैन ।

अब म आजको वादविवादमा विशेष ख्याल गर्नुपर्ने नियमहरू सुनाउँछु :

(क) प्रत्येक वक्तालाई पाँच मिनेटको समय दिएको छ । चार मिनेट भएपछि जनाउ घन्टी बजाइने छ र अन्तिम घन्टी बजेपछि वक्ताले आफ्नो भनाइलाई टुङ्ग्याउनुपर्ने छ ।

(ख) कुनै व्यक्ति, वर्ग, जात, जाति, क्षेत्र, समुदाय, लिङ्ग आदि माथि कुनै किसिमको आक्षेप लाग्ने कुराहरू कुनै वक्ताले पनि बोल्न पाउने छैन । यसै गरी परस्परमा जातीय विभेद ल्याउने, साम्प्रदायिक भावना फैलाउने र लैङ्गिक समानताको भावनालाई उपेक्षा गर्ने किसिमका कुनै पनि सन्देश ल्याउन पाइने छैन ।

(ग) निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

अब हामी कार्यक्रम सुरु गर्दै छौँ । सर्वप्रथम म पक्षको तर्फबाट बोल्न धनप्रसाद राईलाई आमन्त्रण गर्दछु ।

धनप्रसाद राई

सभाध्यक्षज्यू, आदरणीय गुरुवर्ग, निर्णायकज्यूहरू र आत्मीय साथीहरू ।

आजको वादविवाद प्रतियोगितामा म धनभन्दा विद्या ठुलो भन्ने पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्दै छु ।

न चोरले चोर्ने, न त राज हर्ने

न अंश लाग्ने, न त भारी हुने

दिँदा सधैँ बढ्दछ चीज यस्तो

पाइन्छ कहाँ अरू धन विद्या जस्तो ।

यस श्लोकको मर्म बुझ्न खोज्ने हो भने संसारमा विद्या बराबरको अर्को धन केही छैन भन्ने कुरा स्पष्ट हुन्छ । वास्तवमा विद्या नै सबैभन्दा उत्तम धन हो । चोरले चोर्न नसक्ने, अरू कसैले खोस्न नसक्ने, दाजु भाइलाई बाँड्न नपर्ने, बोक्न भारी नहुने, खर्च गर्दा झन् बढ्ने विद्यारूपी धन नै सबैभन्दा ठुलो धन हो । यस श्लोकमा व्यक्त भएको वास्तविकतासँग कोही असहमत हुन सक्छ ?

वास्तवमा विद्या र धनको तुलना नै गर्न मिल्दैन । विद्या बराबरको ठुलो कुरा संसारमा केही पनि छैन । विद्याले नै यस संसारलाई चलाएको छ । ठुला ठुला विद्वान्, दार्शनिक आदि उत्पादन गर्ने तत्त्व नै विद्या हो । विद्याले नै यस संसारलाई चलाएको छ । विद्याले नै धनको उत्पादन गर्न सक्दछ । पहिला विद्या भएपछि त्यसको प्रयोग गरेर मात्र धन प्राप्त गर्न सकिन्छ तर धन क्षणिक वस्तु हो । हिजो थियो आज नहुन सक्छ । त्यसैले यो क्षणिक वस्तु हो । विद्या भन्ने कुरा सधैँ रहिरहन्छ । यो कसैले नासेर पनि नासिँदैन । कहाँ शाश्वत विद्या, कहाँ हातको मैला सरहको धन, धनको तुलनामा विद्या कैयौँ गुणा ठुलो छ । हामीले धनबाट प्राप्त हुने क्षणिक रमझमलाई सर्वस्व ठान्यौँ भने पक्कै पनि धन ठुलो मान्न सकिन्छ तर समयको निरन्तरताभित्र रहेर मनुष्य, स्वभाव र संस्कृतिको अध्ययन गर्ने प्रयास गऱ्यौँ भने विद्या जस्तो सारवान् र महत्त्वपूर्ण कुरा केही छैन । विद्या धनभन्दा त के समयभन्दा पनि बलवान् छ । (जनाउ घन्टी बज्छ ।)

मानव जीवन मूल्यलाई बुझ्न खोज्दा विद्याजस्तो ठुलो कुरा केही पनि छैन र विद्याभन्दा धन ठुलो भन्नु सूर्यलाई हत्केलाले छेकेर अन्धकारको भ्रम पैदा गर्न खोज्नु सरह हो । अत: विद्याको बराबरीमा धन कहिल्यै पनि पुग्न सक्तैन । (घन्टी बज्छ ।)

धन्यवाद । (ताली बज्छ ।)

उद्घोषक

अब म विद्याभन्दा धन ठुलो भन्ने विषयमा बोल्न डोल्मा शेर्पालाई आमन्त्रण गर्दछु ।

डोल्मा शेर्पा

आदरणीय सभाध्यक्षज्यू, निर्णायक मण्डल, पूज्य गुरुहरू र साथीहरू ।

धनभन्दा विद्या ठुलो भन्ने विषयमा हुन लागिरहेको आजको यस वाद विवाद प्रतियोगितामा म विद्याभन्दा धन ठुलो भन्ने पक्षबाट बोलिरहेकी छु । आजको यस संसारमा सबै थोक भनेकै धन हो । मानिसलाई गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य आदि सबै कुरा पाउन धनबिना असम्भव छ । आजको यस संसारमा धनको महत्त्व बारे जति व्याख्या गरे पनि अपुरै हुन्छ । धन आजको अत्याधुनिक संसारको सबैभन्दा महत्त्वपूर्ण साधन बनेको छ । आज विद्यावुद्धि, ज्ञानविज्ञान,

मान प्रतिष्ठाको मुख्य कारक नै धन बन्न पुगेको छ। धनहीन जीवन निरीह र टीठ लाग्दो हुन्छ। "धन भनेपछि महादेवका तिन नेत्र" भन्ने भनाइबाटै पनि धनको महत्त्व स्पष्ट हुन्छ । धनको महत्त्वलाई विश्वमै कहीँ कसैले पनि नकार्न सकेका छैनन् । बरु विद्या नभएको मानिसले पनि प्रशस्त धन आर्जन गर्न सक्दछ। विद्या प्राप्त गर्नु पनि धन आर्जनको अभिप्राय रहेको हुन्छ । मान्छेका हरेक पलपल र पाइला पाइलामा धन बिना कुनै काम हुन सक्दैन । धन नभएर आज संसारका आधाभन्दा बढी मानिसहरू गरिबीको रेखामुनि छन् भने करिब एक चौथाइ मानिस पेटभरि पनि खान पाइरहेका छैनन् । कतिले अकालमै ज्यान गुमाउनु परेको छ । वास्तवमा धनको ठुलो महत्त्व छ । धन नभए शिक्षा प्राप्त गर्न पनि सकिँदैन । (जनाउ घन्टी बज्छ ।)

मेरो विपक्षमा बोल्ने साथीले फोस्रा तर्क दिएर विद्याको बखान त गर्नुभयो तर उहाँ धनको अभावमा छटपटिएर भौँतारि रहनुभएको मैले देखेको छु । उहाँहरूको दयनीय स्थिति देखेर मलाई उहाँहरूप्रति सहानुभूति प्रकट गर्न मन लाग्दछ । अत: वास्तविकताको जीवन भोग्न धनको महत्त्व सर्वोपरि छ, विद्याभन्दा धन हरेक दृष्टिले ठुलो छ। (समाप्तिको घन्टी बज्छ।)

धन्यवाद । (जोडदार ताली बज्छ ।)

उद्घोषक

अब विद्याका पक्षमा आफ्ना तर्कहरू राख्न भाइ राजन परियारलाई अनुरोध गर्दछु ।

राजन परियार

सभाध्यक्षज्यू, गुरुहरू, निर्णयकर्ज्यूहरू मेरा सहपाठी साथीहरू ।

म तपाईँहरू समक्ष धनभन्दा विद्या ठुलो भन्ने पक्षमा आफ्ना तर्कहरू अगाडि सार्न गइरहेको छु। वास्तबमा अहिलेको वैज्ञानिक चमत्कारपूर्ण समयमा विद्याको महिमा अपरम्पार छ। यदि मानिसले विद्यारूपी शिक्षा नपाएको भए अहिले पनि जङ्गलमै गिठा भ्याकुर खाएर रमाउँथ्यो होला । शिक्षाकै कारण आज मानिस यस रूपमा आएको हो । विद्याकै चमत्कारपूर्ण कामले मानिसले यो ब्रह्माण्ड चहारेको छ। शिक्षाकै कारण मानिस चन्द्रलोकमा पाइला टेक्न सफल भयो । विद्याकै कारण संसार आज एउटै गाउँ बन्न पुगेको छ । सूचना प्रविधिको उच्च विकासले संसारभर भए गरेका कुरा एउटा कोठामै बसेर प्राप्त गर्न सकिने प्रविधिको विकास केले गरेको हो त ? यसको एउटै उत्तर छ विद्या अर्थात् शिक्षा ।

आज शिक्षा नपाएका मानिसको अवस्था नाजुक बन्न पुगेको छ । जोसँग ज्ञान र सिप छ, त्यो मानिस जहाँ पनि बिक्न सक्छ । त्यसैले भनिएको होला, विद्वान् सर्वत्र पुजिन्छ भनेर । पूर्ववक्ता साथीले भन्नुभयो विद्या नभई शिक्षा वा विद्या प्राप्त गर्न सकिन्न भनेर। तर त्यसो

होइन धन मात्रै केही पनि होइन । धन प्राप्तिको माध्यम पनि विद्या नै हो । सर्वप्रथम विद्या त्यसपछि मात्र धन आउँछ । धन त क्षणिक र नाशवान् वस्तु हो । शिक्षा त सधैँ रहिरहन्छ, विद्याले दिएका कुरा पुस्तौँ पुस्तासम्म रहिरहन्छ । (जनाउ घन्टी बज्छ ।)

विद्या भनेको मानिसलाई मानिसका रूपमा उभ्याउने एकमात्र निर्वैकल्पिक साधन हो । विद्याले मानिसलाई आत्मनिर्भर बनाउनुका साथै संसारभर जहाँ गए पनि समायोजन हुन सक्ने, सजिलै बाँच्न सक्ने ज्ञान, सिप प्रदान गर्दछ । विद्या प्रदान गरेपछि मात्र धन आर्जन गर्न सकिन्छ । तसर्थ पहिला विद्या र त्यसपछि मात्र धनको पालो आउँछ भन्दै मेरो आफ्नो भनाइ यही टुङ्ग्याउँछु । (घन्टी बज्छ ।) जय विद्यार्थी !

उद्घोषक

अब धनको पक्षमा आफ्ना गहकिला तर्कहरू राख्न म सुमित्रा योञ्जनलाई बोलाउँछु ।

सुमित्रा योञ्जन

आदरणीय सभाध्यक्षज्यू, गुरुवर्गहरू, निर्णायक वर्ग र प्यारा साथीहरू !

म तपाईंहरू समक्ष 'विद्याभन्दा धन ठुलो हो' भन्ने विपक्षमा आफ्ना तर्कहरू राख्न गइरहेकी छु ।

त वर्गका अन्तिम वर्ण खाली
पढी दुइटा बन भाग्यशाली
लिएर शास्त्रीय ठुला किताब
बढाउने हो किन दुःख ताप !

नेपाली भाषाका कविशिरोमणि लेखनाथ पौड्यालको यो कविताबाट पनि धनको महत्त्व विद्याको भन्दा बढी भएको स्पष्ट हुन्छ । आजको वैज्ञानिक युगमा हरेक कुरा वैज्ञानिक सत्यमा आधारित भएर प्रत्येक विषयको विश्लेषण र निरूपण गर्नुपर्दछ । खोक्रा आदर्शका कुरा गरेर खाने जमानाको अन्त्य भइसकेको छ । कुनै जमानाको विद्याको महत्त्वलाई आजका सन्दर्भमा व्याख्या गर्न मिल्दैन । आधुनिक समाज र जीवन पद्धतिमा विद्याभन्दा धनको उपादेयता छ । "छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेडी" भन्नेझैँ आजको संसारमा धन छैन भने कसैले कसलाई मान्नेवाला छैन । यतिसम्म कि जन्म दिने आमा बुबाले पनि वास्ता गर्दैनन् । धन छ भने सबैले प्यारो गर्दछन् । आजको युगमा धन नभई एक पाइला पनि सार्न सकिँदैन । संसारमा धन भएपछि नहुने र नपाइने भन्ने वस्तु केही पनि छैन । सम्पूर्ण संसार धनको जालोमा जेलिएको छ । "सम्पत्तिमा सबैको हाइहाइ, विपत्तिमा कोही हुन्न दाजुभाइ" यस कुराले पनि धनकै महत्त्व दर्साउँछ । (जनाउ घन्टी बज्छ ।)

मेरा विपक्षी पूर्ववक्ता मित्रले श्लोकमा विद्याको महत्त्व त गाउनुभयो तर उहाँले धन बिनाको जीवन निरर्थक हुन्छ भन्ने किन भुसुक्कै बिर्सनुभयो ? मित्रलाई म भन्न चाहन्छु के धन बिना तपाईं एक पाइला सार्न सक्नुहुन्छ, तपाईंको महत्त्वको विद्या धन बिना आर्जन हुन सक्छ ? तसर्थ सर्वप्रथम धन र यसपछि विद्या । आजको युग भावनामा भन्दा व्यावहारिकतामा र वस्तुतामा रमाउने युग हो । यस दृष्टिले धन बिना संसार शून्य छ । अत: विद्याभन्दा स्वत: धन ठुलो हो । (घन्टी बज्छ ।)

जय मातृभूमि ! (ताली बज्छ ।)

उद्घोषक

आजको वाव विवाद प्रतियोगितामा बोल्ने वक्ताको पालो समाप्त हुन्छ । निर्णायकज्यूहरूले निर्णय सुनाउनुभन्दा पहिले प्रमुख अतिथिज्यूको सम्बोधन, त्यसपछि निर्णय र सभाध्यक्षको मन्तव्यसहित सभा विसर्जन हुन्छ ।

शब्दार्थ

सभाध्यक्ष : सभाको अध्यक्ष वा मुख्य व्यक्ति

दीर्घा : फलैंचा, दीर्घ आकारको वस्तु

उद्घोषण : अग्रिम रूपमा गरिने घोषणा

खण्डन : तर्क, खण्ड खण्डमा गरिएको विभाजन

तथ्याङ्क : तथ्यपूर्ण अङ्क वा कुरा

क्लिष्ट : कठिन, अप्ठ्यारो

विरोधभाषपूर्ण : आफैँमा बाझिएको, नमिल्दो

पुनरुक्ति : फेरि भनिएको भनाइ वा कथन

आक्षेप : दोष, लान्छना

साम्प्रदायिक : सम्प्रदाय वा खास समूहसँग सम्बन्धित

उपेक्षा : हेला, वेवास्ता

ब्रम्हाण्ड : संसार, ब्रम्हाद्वारा सिर्जित पृथ्वी

निरर्थक : अर्थ वा मतलव विहीन

उपादेयता : महत्त्व, उपयोगिता

प्रविधि : सिप, तौरतरिका

अभ्यास

सुनाइ र बोलाइ

१. **तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

विद्यालय, प्रधानाध्यापक, सभाध्यक्ष, ग्रहण, सञ्चालक

२. वाद विवादमा वक्ताले ध्यान दिनुपर्ने कुराहरू सहजकर्ताले भन्ने र तपाईंले लेख्ने गर्नुहोस् ।

३. वाद विवादमा वक्ताले पालना गर्नुपर्ने नियम सहजकर्ताबाट सुन्नुहोस् र तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :

(क) वाद विवादमा एउटा वक्ताले कति मिनेट सम्म बोल्न पाउँछ ?

(ख) जनाउ घन्टी कति मिनेटपछि लाग्छ ?

(ग) वाद विवादमा कस्ता कुरा व्यक्त गर्न पाइँदैन ।

(घ) जातीय विभेद, साम्प्रदायिक भावना र लैङ्गिक समानताको अर्थ लेख्नुहोस् ।

४. धन र विद्याको महत्त्वका बारेमा कक्षाका साथीसँग कुराकानी गर्नुहोस् ।

पढाइ

५. सहजकर्ताको निर्देशनमा पाठका अनुच्छेदहरू हाउभाउ सहित पालैपालो सस्वर वाचन गर्नुहोस् ।

६. धनप्रसाद राईले व्यक्त गरेका विचारका मुख्य मुख्य कुराहरू बुँदाका रूपमा टिपेर सुनाउनुहोस् ।

लेखाइ

१. तलका शब्दहरूको अर्थ लेख्नुहोस् :

धन, विद्या, व्याख्या, अभिप्राय, नेत्र, प्रशस्त ।

२. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

समक्ष, पक्ष, महिमा, आज, कारण, सूचना लेखाइ ।

३. तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् :

(क) विद्या र धनको तुलना किन हुन सक्तैन ?

(ख) धनहीन जीवन किन निरीह र टिठलाग्दो हुन्छ ।

४. डोल्मा शेर्पाले व्यक्त गरेका विचारलाई एक तृतीयांश हुने गरी सङ्क्षेपमा लेख्नुहोस् ।

५. "विद्या भन्दा धन हरेक दृष्टिले ठुलो छ ।" पुष्टि गर्नुहोस् ।

६. व्याख्या गर्नुहोस् :

(क) वास्तवमा विद्या नै सबै भन्दा उत्तम धन हो ।

(ख) सम्पत्तिमा सबैको हाइहाइ, विपत्तिमा कोही हुन्न दाजुभाइ ।

७. राजन परियारले व्यक्त गरेका पाठका अनुच्छेद अनुलेखन गर्नुहोस् ।

८. तर्कपूर्ण ढङ्गले उत्तर लेख्नुहोस् ।

(क) धनप्रसाद राई र डोल्पा शेर्पामध्ये तपाईं कसका विचारसँग सहमत हुनुहुन्छ र किन ?

(ख) धनभन्दा विद्या ठुलो भन्ने पक्षमा खँदिला तर्कहरू दिएर सात वाक्य लेख्नुहोस् ।

कार्यमूलक व्याकरण

सम्भावनार्थ

१. सम्भावनार्थसँग सम्बन्धित तलका वाक्यहरू पढ्नुहोस् र त्यहाँका क्रियापदका रूपहरूलाई ध्यान दिनुहोस् :

- विद्यालयले वाद विवादको आयोजना गर्ला ।
- विद्यार्थीहरू वाद विवादमा भाग लेलान् ।
- हामी वनभोज गर्न गोदावरी जाउँला ।
- रुपेश किताब, कलम र कापी किन्ला ।

२. तलका धातुबाट सम्भावनार्थका क्रियापदहरू संरचना गर्नुहोस् :

खा, दि, हु, पढ, सक, आउ, उठ, लेख, रु ।

३. तलका वाक्यहरू मध्ये सम्भावानार्थक वाक्य मात्र सार्नुहोस् :

- तिमी परीक्षामा राम्रो गरौला ।

- हरिले गृहकार्य गरी सक्यो ।
- म विद्यालय समयमा पुगुँला ।
- तँ गाई दुहुने छस् ।
- ऊ राम्रा राम्रा कविता लेख्ला ।

४. तलका वाक्यहरूलाई सम्भावनार्थमा बदल्नुहोस् :

- शिक्षक शैक्षिक सामग्री प्रयोग गर्छन् ।
- विद्यार्थीहरू आचार संहिताको पालना गर्छन ।
- विद्यालय समय समयमा खेलकुद आयोजना गर्छ ।
- गिरीशचन्द्र बेलुका बेलेमा सुत्छ ।

५. सम्भावनार्थक क्रियापद प्रयोग गरेर आफ्नो गाउँको बारमो एक अनुच्छेद लेख्नुहोस् ।

६. "सम्भावनार्थ" का बारेमा लेखिएको तलको अनुच्छेद पढ्नुहोस् :

"सम्भावनार्थ" सम्भावना र अर्थ दुई शब्द मिलेर बनेको छ । यसले कामको अनिश्चिततालाई बुझाउँछ । धातुमा "ला" तथा लासँग सम्बन्धित रूपहरूको योगबाट संभावनार्थमा क्रियापदको रचना गरिन्छ । यस्ता क्रियापदहरूलाई सम्भावनार्थक क्रियापद र त्यस्ता क्रियापद भएको वाक्यलाई सम्भावनार्थक वाक्य भन्ने गरिएको छ । भाव वा अर्थको किसिमहरूमा सम्भावनार्थ पनि एउटा व्याकरणात्मक तत्त्व हो ।

स्वाध्ययन खण्ड

१. वाद विवाद प्रतियोगिताका लागि कार्यक्रम योजना बनाउनुहोस् ।

२. वाद विवाद प्रतियोगिताका लागि कम्तिमा पाच ओटा विषय शीर्षक छान्नुहोस् । जस्तै : जागिर भन्दा व्यापार राम्रो हुन्छ ।

३. सम्भावनार्थका बारेमा विशेष जानकारी हासिल गर्न नेपाली व्याकरणको कुनै पुस्तक हेर्नुहोस् ।

४. तलको कुनै एक शीर्षकमा वाद विवाद लेख्नुहोस् :

(क) शरद ऋतुभन्दा वसन्त ऋतु रमाइलो ।

(ख) हामी भन्दा हाम्रा पुर्खा धेरै सुखी ।

(ग) व्यापार भन्दा खेतीपाती गर्नु असल ।

पाठ १४

ओखलढुङ्गा

– सिद्धिचरण श्रेष्ठ

तिम्रै सुन्दर हरियालाली
तिम्रै शीतल वक्षस्थलमा
यो कविको शैशवकाल बित्यो
हाँस्यो, खेल्यो, वन कुञ्ज घुम्यो
मेरो पियारो ओखलढुङ्गा !

जब म चढेर भावको डुङ्गा
सैर गर्छु स्मृतिको प्रिय गङ्गा
स्वप्न गगनबाट सुशीतल जल
सुखस्मृतिको बर्सन्छ रिमझिम
मेरो पियारो ओखलढुङ्गा !

कुसुमाकरको आँचल पक्री
मलाई कति खोज्दी हुन् प्रकृति
मृग- शावकहरू उफ्री उफ्री
तरु-लतिकाहरू हल्ली हल्ली
मेरो पियारो ओखलढुङ्गा !

ती अविरल परिश्रमी पतकर
द्रुतगामी निर्झरतुल्य चपल,
बहँदै वन वनमा चारैतिर
खोज्दा हुन् मेरा पदका पथ
मेरो पियारो ओखलढुङ्गा !

त्यो ढुङ्गा, त्यो खोला, त्यो रूख
त्यो वन, त्यो लतिका, त्यो चिरसुख
यो हृदयकेन्द्रमा स्नेहजडित
चम्काइरहेछ आज, क्षण-क्षण
मेरो पियारो ओखलढुङ्गा !

पर्दावाला सुन्दर पल्लवित
वृक्षखोपीमा कालो कोकिल
उनको यो वियोगप्रिय कविको
कति मृदु विरह गीत रच्दो हो
मेरो पियारो ओखलढुङ्गा !

त्यो तामाकोसी, त्यो सुनकोसी
त्यो गिरि फोरी बहने रोसी
मेरो हृदयको तिम्रो चित्र
पारिरहन्छ हर्दम पवित्र
मेरो पियारो ओलखढुङ्गा !

भाग्यको लहरमा लहरी-लहरी
पुगेँ यस मरुस्थलमा कसरी
तर खेद छैन तिम्रो आकृति
लेखिएको छ यो हृदयभरि
मेरो पियारो ओखलढुङ्गा !

शब्दार्थ

शब्द		**अर्थ**
वक्षस्थल	:	छाती
शैशवकाल	:	बाल्यकाल
सैर	:	यात्रा, घुमफिर
स्मृति	:	सम्झना

स्वप्न	:	सपना
गगन	:	आकाश
कुसुमाकर	:	वसन्त
आँचल	:	पछ्यौरा, ओढ्ने आदिको छेउको भाग
शावक	:	वन्यजन्तुको बच्चो वा छाउरो
लतिका	:	लहरा
अविरल	:	निरन्तर, लगातार
द्रुतगामी	:	छिटोछिटो हिँड्ने
चिरसुख	:	लामो समयसम्मको सुख
मृदु	:	कोमल
खेद	:	दुःख, खिन्नता

अभ्यास

सुनाइ र बोलाइ

१. **'ओखलढुङ्गा' कवितालाई उपयुक्त गति, यति मिलाई लय हालेर पालैपालो वाचन गर्नुहोस् ।**

५. **निम्न लिखित शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

वक्षस्थल, वनकुञ्ज, कुसुमाकर, हृदयकेन्द्र, सुखस्मृति, पियारो, डुङ्गा, सैर, स्मृति, स्वप्न, सुशीतल, प्रकृति, द्रुतगामी, पल्लवित ।

३. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) ओखलढुङ्गा कविता लेख्ने कविको नाम के हो ?

(ख) कविले उनको बाल्यकाल कसरी बिताए ?

(ग) कविले ओखलढुङ्गाका कुन कुन कुरा सम्झेका छन् ?

(घ) जन्मभूमिको वियोगमा कविले कसरी चित्त बुझाएका छन् ?

(ङ) यस कवितामा 'मरुस्थल' भनेर कविले कुन ठाउँलाई भनेका हुन् ।

पढाइ

१. **राम्ररी पढ्नुहोस् :**

- कवि सिद्धिचरण श्रेष्ठको बाल्यकाल ओखलढुङ्गामा बितेको थियो ।
- उनी त्यही प्यारो ओखलढुङ्गाका वन वनमा डुलेर रमाएका थिए ।
- पछि उनले ओखलढुङ्गा छाडे तर भावनामा डुब्दा उनी ओखलढुङ्गा सम्झिरहन्छन् ।
- उनी त्यहाँको प्रकृति, मृगका बच्चा र रूख लहराहरूले आफैँलाई खोजिरहेको कल्पना गर्छन् ।
- उनी वनका पतकरले वनका चारैतिर उनैका पाइला खोजिरहेको सम्झन्छन् ।
- त्यहाँका ढुङ्गा, खोला, रूख, वन, लहरा आदिले उनलाई सधैँ सम्झिरहेका छन् ।
- उनको वियोगमा कोइलीले रूखका हाँगामा बसेर विरहको गीत गाइरहेको छ ।
- कविले बाध्यताले ओखलढुङ्गामा छाडेर अन्यत्र जानुपरे पनि हृदयभरि ओखलढुङ्गा सजाएका छन् ।
- कविले आफैँ जन्मेको ओखलढुङ्गा सबैभन्दा प्यारो ठानेका छन् ।

२. **कविले यस कवितामा सम्झना गरेका कुराहरूको सूची बनाउनुहोस् ।**

लेखाइ

१. **तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

गगन, शैशवकाल, आँचल, लतिका, वियोग ।

२. **तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

शैशवकाल, स्मृति, गगन, आँचल, लतिका, देख ।

३. तलका पङ्तिको भाव स्पष्ट पार्नुहोस् :

(क) कुसुमाकरको आँचल पक्री
मलाई कति खोज्दी हुन् प्रकृति
मृग- शावकहरू उफ्री उफ्री
तरु-लतिकाहरू हल्ली हल्ली
मेरो पियारो ओखलढुङ्गा !

(ख) पर्दावाला सुन्दर पल्लवित
वृक्षखोपीमा कालो कोकिल
उनको यो वियोगप्रिय कविको
कति मृदु विरह गीत रच्दो हो
मेरो पियारो ओखलढुङ्गा !

कार्यमूलक ब्याकरण

भविष्यत् काल

१. **तलका वाक्यहरू पढ्नुहोस् :**

म गीत गाउने छु ।	हामी गीत गाउने छौँ ।
तँ सफल हुने छस् ।	तिमी सफल हुनेछौँ ।
तपाईं सफल हनुहुने छ ।	हजुर सफल होइबक्सने छ ।
ऊ भुल्ने छ ।	उनीहरू भुल्ने छन् ।
रमा आउने छे ।	उनी आउने छिन् ।

माथि दिइएको सबै वाक्यले पछि आउने समयलाई बुझाएका छन् । पछि आउने समय बुझाउने माथिका जस्ता क्रियाका रूपलाई भविष्यत् काल भनिन्छ । भविष्यत् काल जनाउने धातुमा ने छु, ने छौँ, ने छस्, नुहुने छ, बक्सने छ, ने छन्, ने, छे, ने छिन् आदि प्रत्ययहरू जोडिन्छ ।

२. **खाली ठाउँमा मिल्दो भविष्यत् कालिन क्रियापद भर्नुहोस् :**

(क) म हिमाल ..... ।

(ख) हामी भोलि पोखरा ..... ।

(ग) तँ हिमाल ..... ।

(घ) तपाईं हिमाल ..... ।

(ङ) उनीहरू हिमाल ..... ।

सिर्जनात्मक अभ्यास

१. **आफ्नो जन्मस्थानलाई आधार मानेर कविता रचना गरी साथीहरूलाई सुनाउनुहोस् ।**

पाठ १५

छिमेकी

– गुरुप्रसाद मैनाली

असारको महिना थियो । दिउँसोको टन्टलापुर घामका कारण किसानहरू मेलो छाडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो, कुलोमुनि आशामरु साहुको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बँसीको फाँट । निकै रमाइलो ठाउँ थियो । किसानहरू सोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए । धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थिए । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो । धनजिते पसलको डिलमा बसेर घुम बुन्न लागेको थियो । यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटा घचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनुँ या अज्ञानता भनुँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन । केवल बखत बखतमा पानी परि दिए खेती कमाइबाट सरकारको तिरो, साहुको ऋणको ब्याज, वर्ष दिनलाई अन्न, वस्त्र, नुन, तेल पुऱ्याउन सके पुगेको थियो ।

धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए, वीरसिक्का पढ्थे । गाउँको बुजुक हुँ भन्ने घमण्ड गर्थे । मानिसलाई लडाएर तमासा हेर्ने उनको स्वभाव थियो । एक छिनपछि गुमानेका गोरु धनजितेका बिउमा पसे । आजभोलि रोप्नु पर्ने बिउ, धनजिते आगो भयो । घुम भुइँमा मिल्काएर गोरुलाई लगारी लगारीकन चुट्न लाग्यो ।

किसानहरू सबै कुरा सहन सक्छन्, परन्तु वस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन् । बिउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रिसको सीमा रहेन । असार महिनाका दिनभर जोत्नु पर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका थिएनन् । जुरुक्क उठेर भन्यो- "बिउ नोक्सानी गरेको छ अर्मल ले, असारका गोरु किन कुट्छस् ए धनजिते !"

आजभोलि रोप्ने बिउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सहि नसक्नु भयो । पाखुरा सुर्कदै भन्यो - "तेरा डाम्ना छाडा गरेर असारको बिउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर ।"

धर्मानन्दलाई लडाउने मौका पऱ्यो । सुर्तीको लुँडो निमोठ्दै भने- "कस्तो मिचाहा मान्छे रहेछ, बिहानभरि जोतेका भोका गोरुलाई आफैँ कुट्छ, अझ उही चोर र सोर उड्कन्छ ।" गुमानेको कनसिरी अगि नै तातिसकेको थियो, धर्मानन्दको कुराले झन् भुतुक्क भो । निर्धाको हात छिटो चल्छ भन्छन्- "किन मुख छोड्छस् ए धनजिते डाकु" भनेर हात मिसिहाल्यो ।

धनजिते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुवै जना लठारिँदै

चौतारामुनि पुगे । तमासा हेर्नेको भिड लाग्यो । धनजितले गुमानेलाई लगेर कुलामा पछाऱ्यो । गुमाने ढाक्रेहरूले चम्का लगाएको ढुङ्गो दुई हातले उचालेर आइलागेको थियो, धर्मानन्दले छेके ।

गुमाने दौराको फेर निचोर्दै पसलका डिलमा बसेर धनजितेसित चर्कोसँग बाझ्न लाग्यो- "बाबुले धुलिखेलेको भारी चोऱ्यो र तिन दिनसम्म छिँडीमा जाक्याथ्यो, ठुलो हुन्छस् !"

"काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानबिरे द्वारेले गोर्खे लौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् !"

बाबु आमा, दिदी बैनी कसैको इज्जत हुर्मत बाँकी रहेन । साँझ परेपछि पनि बाझ्दै उकालो लागे । चौतारामा झगडा भएदेखि धनजिते र गुमानेको बोलचाल बन्द भयो । बाटामा धनजितेलाई देख्यो भने गुमाने तर्केर हिँड्थ्यो ।

भदौका अधाआधीतिर गाउँमा आँठे पऱ्यो । पहिले एक दुई दिन रुघा लागे जस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुङ्ग्रे ज्वरो आउँथ्यो । चार पाँच दिनपछि सन्निपातको लच्छिन देखिन्थ्यो । आठ दिनका दिन खत्तम ।

गुमानेका विचारमा यो सबै देउदेउताको दोष थियो । भन्थ्या- 'देउताको मानभाउ नगरेपछि यस्तै हुन्छ । परार रगत मासीले गावैँ सोतर भो । गाउँका थानीको पूजा गरूँभन्दा 'सिमे भुमे पुजेर पनि रोग हराउँछ ?' भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । आखिर घाटकी देवी र गाउँका भुमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो ।

गुमाननेले जान्ने बसायो । गाउँका सारा मानिस जम्मा भए । तर करेसो जोडिएको धनजिते आएन । जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धुमधामसँग पूजा गरे ।

पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी । बिचरी झन्नै खुस्की थी, बाँची । त्यसपछि धनजितेलाई समात्यो । तिन दिनपछि स्वास्नी चाहिँ लडी । एकातिर इन्तु र चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर ज्वरोको तोडले धनजिते बरबराउन लागेको थियो । पानीसम्म खान दिने मानिस पनि कोही थिएन । सारा गाउँ सोतर छ, कसले हेरचाह गरोस् ? गाई बाख्रा किलाका किलै मर्न लागे । फोएर पाखातिर लाइदिने मानिस कोही भएन ।

पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन । परन्तु, जब स्वास्नी समेत थला परी अनि गुमानेको चित्त रहन सकेन । उसले विचार गऱ्यो- "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नु परेको, नत्र ओडारमा गएर बसे पनि त भो नि ! जहाँ पनि बस्ने न हो । दिनदशा, आपत् विपत् कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैँ यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै गाउँमा बढेर

यो उमेर भो, दौँतरी हो, यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?

गुमाने धनजिते कहाँ पुग्यो, गाईबाख्रा फोएर पाखातिर लाइदियो । धनजिते मुढो लडे झैँ उत्तानो परेर लडिरहेको थियो । दिसा पिसाबको होस थिएन । ओढ्ने ओछ्याउने फेरिदियो, गुमानेले एक छिन छोडेन ।

मिर्मिरे उज्यालो भएको थियो । गुमानेलाई खोज्दै आशामरु साहु आइपुग्यो । एकाबिहानै आशामरुलाई देखेर गुमानेले भन्यो- "कति कामलाई उकालो लाग्यौ साहु ?"

"पसलमा बर्खे मालताल छैन, दुई दिनलाई सहर गइदिन्थिस् कि ?"

"छिमेकमा यो बिजोक भइरहेछ, क्यै काम नपाएर जान्छु अब भारी खेप्न ।"

"रोज रूपियाँ दिन्छु लाटा !"

"के रूपियाँको लोभ देखाउँछौ साहु, गरिब छु, निमेक मजुरीले छाक टार्नु पर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यतिसारो नीच भएको छैन । छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन् । यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रूपियाँको धाक देखाउँछौ । धनजितेका झैँ चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ ।"

"इस्, छिमेकी ! अस्ति चौतारामा झन्नैले मारेथ्यो था पाउलास् ।"

"यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफुले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्ने बित्तिकै सबै भताभुङ्ग हुन्छ ।"

आशामरु र गुमानेको खलबल सुनेर धनजितेले आँखा उघाऱ्यो । धनजितेले हेरेको देखेर गुमानेले भन्यो- "कस्तो छ माहिला दाइ ?" म त मर्छु कि कान्छा, तँ कहिले आइस् ?

"पाँच दिन भो दाइ, तिमीहरू दुवै लोग्ने स्वास्नी लडिहाल्यौ, गाई बाख्रा भोकभोकै कराउन थाले, बिजोक हेर्न सकिनँ, दौडेर आएँ । तिम्रो जस्तो ढुङ्गाको मन म कहाँ पाऊँ ।"

"पोलेको घाउमा नुन नछर कान्छा, म अधम हो क्षमा गर् ।"

धनजिते हिँडडुल गर्न लाग्यो । गुमानेलाई एक छिन छोड्दैन । वन, मेलापात जहाँ गए पनि दुई जना सँगै जान्छन् । आजकाल कसैले गुमानेको बद्ख्वाइँ गरेको सुन्यो भने धनजिते झगडा गर्न अगि सर्छ ।

शब्दार्थ

टन्टलापुर	:	चर्को
बखत	:	समय, मौका
वस्त्र	:	कपडा
अर्मल	:	गाईवस्तुले खाएर नोक्सान पुऱ्याएको बालीको जरिमाना
डाम्ना	:	गाईवस्तुलाई गाली गर्दा भनिने शब्द
निर्धो	:	कमजोर
आँठे	:	म्यादी ज्वरो, टाइफायड
दैव	:	ईश्वर
तुजुक	:	घमन्ड
तमासा	:	जात्रा
मिचाहा	:	थिचोमिचो गर्ने

अभ्यास :

सुनाइ र बोलाइ

१. तलका शब्दहरू शुद्धसित उच्चारण गर्नुहोस् :

टन्टलापुर, बुज्रुक, लुँडो, भन्ज्याङ, चौपट्ट, परमेश्वर, बद्ख्वाइँ ।

२. छिमेकी कथाको पहिलो र दोस्रो अनुच्छेद सुनेर तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

क) किसानहरू कहाँ बसेका थिए ?

ख) धर्मानन्द के गर्दै थिए ?

ग) को घुम बन्न लागेको थियो ?

घ) धर्मानन्दको स्वभाव कस्तो थियो ?

ङ) धनजिते किन आगो भयो ?

च) धनजितेले गोरुलाई किन लगारेको हो ?

३. छिमेकी कथाको सारांश सुनाउनुहोस् :

४. तपाईं आफ्नो छिमेकीसँग कस्तो सम्बन्ध राख्न चाहनुहुन्छ ? भन्नुहोस् ।

पढाइ :

१. छिमेकी कथा पालैपालो पढेर सुनाउनुहोस् ।

२. कथाको तेस्रो, चौथो र पाँचौ अनुच्छेद हाउभाउ सहित पढ्नुहोस् ।

३. छिमेकी कथा पढेर तलका प्रश्नको उत्तर दिनुहोस् :

क) किसानहरू के सहन सक्दैनन् ?

ख) गुमानेले धनजितेलाई के भन्यो ?

ग) धनजिते गुमानेको कस्तो कुरा सुनेर रिसायो ?

घ) धर्मानन्दले कसलाई के भनेर झगडाका लागि उक्साए ?

ङ) सबैभन्दा पहिले कसले हात हाल्यो ?

लेखाइ :

१. तलका शब्द प्रयोग गरेर वाक्य बनाउनुहोस् :

कक्कड, लुँडो, ताँदो, ब्याज, मेलापात ।

२. जोडा मिलाउनुहोस् :

क	ख
धनजिते	आफूलाई बुज्रुक ठान्ने
गुमाने	व्यापारी
धर्मानन्द	बलियो
आशामरु	दयालु

३. तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :

क) गुमाने र धनजितेको झगडा पर्नुको कारण के हो ?

ख) गुमानेको घरमा जान्ने बसाउँदा धनजिते किन आएन ?

ग) धनजिते कस्तो स्वभावको मानिस हो ?

घ) गुमानेले आशामरु साहुले भनेको किन मानेन ?

ङ) यो कथाले के सन्देश दिएको छ ?

४. 'छिमेकी' कथा पढी तलका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :

- धर्मानन्दले यही मौकामा झगडा बढाउन गुमानेलाई उकासेपछि भिडन्त अझ बढ्यो । पछि झगडा साम्य भयो तर दुवैबिच बोलचाल, आवतजावत बन्द भयो ।
- धनजितेको हेरचाहमा लागेको गुमानेलाई आशामरु साहुले बढी पैसाको लोभ देखाएर सहर पठाउन खोज्दा गुमानेले अस्वीकार गऱ्यो ।
- सन्चो भएपछि धनजिते र गुमाने पहिले झैँ घनिष्ठ छिमेकीको रूपमा रहे ।
- धनजिते र गुमाने छिमेकी थिए । दुवै अत्यन्त मिलेर बसेका थिए । दुवैको पेसा खेती किसानी थियो । सँगै काम गर्न जान्थे र फर्कन्थे ।
- गुमाने र आशामरु बिचको कुराकानीको खलबलले धनजितेको होस खुल्यो । उसले आँखा खोल्दा गुमानेलाई देख्यो र छक्क पऱ्यो । धनजितेलाई गुमानेसँग पछुतो भयो ।
- खेत जोतिसकेर फुकाएपछि चर्दै गरेको गुमानेका गोरुले धनजितेको ब्याडमा पसेर अलिकति बिउ खाइदियो । यसै निहुँमा धनजितेले चुट्दै गोरु खेद्दा गुमाने र धनजिते बिच पहिले भनाभनपछि हात हालालहाल भयो ।
- धनजिते बिरामी हुँदा पहिले त गुमाने गएन तर जब धनजितेलाई व्यथाले सिकिस्त पाऱ्यो तब गुमानेले धनजितेको हेरचाह गऱ्यो ।
- केही महिनापछि गाउँमा आँठे महामारी फैलियो । गुमाने र उसकी स्वास्नी बिरामी हुँदा गाउँका सबै मान्छे हेर्न आए छिमेकको धनजिते आएन ।

सिर्जनात्मक अभ्यास :

१. आफूले जाने सुनेको कुनै एउटा कथा लेखेर कक्षामा सुनाउनुहोस् ।

२. तलका बुँदाका आधारमा शीर्षकसहित छोटो कथा लेख्नुहोस् ।

गर्मीको महिनामा एउटा कागलाई तिर्खा लाग्नु - पानी खोज्दै यताउता उड्नु- एउटा घरको कौसीमा गाग्रो देख्नु - आधी गाग्रो मात्रै पानी हुनु - पानी खान नसक्नु - सानासाना ढुङ्गाका टुक्राहरू गाग्रोमा खसाल्नु - पानी माथि आउनु - पानी खानु र उड्नु - जुक्ति बुद्धिले काम फत्ते गर्नु पर्ने सन्देश ।

कार्यमूलक व्याकरण

(ञ) **तलका टुक्का/ पदावलीको अर्थ बुझ्नुहोस् :**

कन्सिरी तात्नु - रिस उठ्नु

इन्तु न चिन्तु हुनु - बिरामी पर्नु ।

मुख सिउनु - चुप लाग्नु

नाक काट्नु - इज्जत जानु

२. कथामा प्रयोग भएका टुक्काहरू टिपेर वाक्यमा प्रयोग गर्नुहोस् ।

२. तलका उखानको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

जिउँदाको जन्ती मर्दाको मलामी

घाटी हेरी हाड निल्नु

कालो अक्षर भैंसी बराबर

एक पन्थ दो काज

४. छिमेकी कथामा प्रयोग भएका उखानहरू टिपेर वाक्यमा प्रयोग गर्नुहोस् ।

५. तपाइँले जानेसुनेका उखानहरू टिपेर ल्याई कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ १६

अन्तरिक्ष यान



सामान्यत: पृथ्वीको गुरुत्वाकर्षणभन्दा बाहिरको क्षेत्रलाई अन्तरिक्ष भनिन्छ । अन्तरिक्षसम्म उडान गर्ने जुनसुकै यानलाई अन्तरिक्ष यान भनिन्छ । यस्ता यानहरू खास गरी विभिन्न परीक्षणका लागि उडाइएका हुन्छन् । अन्तरिक्ष यानहरूले वायु मण्डलदेखि परको अन्तरिक्षसम्मको जानकारी एकत्रित गरी पृथ्वीमा पठाउँछन् । कृत्रिम भू-उपग्रह, मानवयुक्त यान र विभिन्न अन्वेषक प्रोब सबै नै अन्तरिक्ष यान मानिन्छन् । प्रोब पनि एक किसिमको यान हो जसको रचना उडानको उद्देश्यलाई ध्यानमा राखेर गरिएको हुन्छ ।

अन्तरिक्ष यानभित्र निश्चित तापक्रम, उपकरणहरू सञ्चालनको व्यवस्था र पृथ्वीको नियन्त्रण केन्द्रसित गर्ने सञ्चार सम्पर्क आदिको व्यवस्था गरिएको हुन्छ । मानिस वा अरू कुनै प्राणी

यानभित्र सम्मिलित भएमा श्वास-क्रिया, उचित तापमान, वायुचाप र खानपान आदिको प्रबन्ध पनि गरिएको हुन्छ ।

अन्तरिक्ष पृथ्वीको गुरुत्वाकर्षण क्षेत्रबाहिर पर्ने भएकाले त्यहाँ विशेष तरिकाबाट खाना र पानी खुवाउने व्यवस्था गरिन्छ । अन्तरिक्ष र अन्तरिक्ष यानका सम्बन्धमा अनेक कुराहरू सुन्दा हामीलाई अचम्म लाग्छ । हुन त हामीले पुराण र दन्त्य कथामा देवताहरू एकअर्को लोकमा गएका, देवता र राक्षसहरू उड्ने गरेका, पुष्पक विमान चढेर देवताहरू स्वर्गलोक र मर्त्यलोक पुगेका कुराहरू सुन्दै र पढ्दै आएका छौँ । यसै पृथ्वीका हामी जस्तै मान्छेहरू पनि अन्तरिक्षमा पुगेका, त्यहाँको अध्ययन गरेका र अन्तरिक्षमा बसोवास तथा अनुसन्धान गर्न तम्सिएका कुरा सुन्दा हामीलाई आश्चार्य लाग्नु स्वाभाविक नै हो । मानव विकासको यो प्रक्रिया निरन्तर जारी छ । अब त मान्छेले पृथ्वीभन्दा पनि अन्तरिक्षबारे बढी चासो राख्न थालेको छ । त्यसैले शक्ति सम्पन्न राष्ट्रहरू अब युद्ध गर्नसमेत अन्तरिक्षमा आफ्नो स्थिति सुदृढ पार्ने प्रयासमा छन् ।

अन्तरिक्ष यानलाई निर्याण वाहकद्वारा अन्तरिक्षसम्म पुऱ्याइन्छ । निर्याण वाहक दुई वा दुईभन्दा बढी रकेटहरूको मिलनबाट बन्छ । अन्तरिक्ष यानहरू रकेट-इन्जिनको सहायताले उडाइन्छन् । प्रक्षेपण गर्नुभन्दा पहिले यान र निर्याण वाहकका विभिन्न खण्डहरूलाई सर्भिस टावरमा लगेर विभिन्न विधिले जोडिन्छ र राम्रोसँग परीक्षण गरिन्छ । त्यसपछि रकेट-इन्जिनहरू चलाइन्छन् । तिनको शक्ति चरम बिन्दुमा पुगेपछि निर्याण वाहकहरूलाई अलग्याइन्छ । ठुलो आवाजका साथ यान आकाशतिर हानिन्छ । प्रथम चरणमा यानलाई आवश्यक उचाइ, वेग र दिशा प्राप्त गराइन्छ र दोस्रो चरणमा यान निर्धारित कक्षमा घुम्न थाल्छ । रकेटका ट्याङ् कहरूमा इन्धन आदिको पूर्ण प्रबन्ध गरिएको हुन्छ ।

पृथ्वीको सतहबाट छाडिने यान पहिले त सिधै आकाशतिर जान्छ, तर पछि कोल्टिँदै गएर निर्धारित कक्षमा पुग्छ । निर्धारित मार्गतिर नगएमा पृथ्वीबाट दिइने आदेश वा यान स्वय्मबाट त्यसैलाई ठिक गर्ने व्यवस्था मिलाइएको हुन्छ । यानमा धेरै स-साना रकेट इन्जिनहरू जडिएका हुन्छन् । तिनलाई यानमा रहेका विद्युत् मस्तिष्क अथवा पृथ्वीको नियन्त्रण केन्द्रबाट पठाइने रेडियो सङ्केतद्वारा सक्रिय बनाइन्छ र यान ठिक बाटामा लैजान सकिन्छ ।

निश्चित अवधि र उद्देश्य पूरा भएपछि अन्तरिक्ष यानलाई पृथ्वीमा फर्काउन सकिन्छ । त्यसरी फर्काउनु पर्दा यानमा जडिएका रेट्रो रकेटहरू चलाइन्छन् । तिनले यानलाई चालको विपरीत दिशातिर धकेल्छन् र यानको वेग कम हुँदै त्यो वायु मण्डलमा प्रवेश गर्छ । आवश्यक भए त्यसलाई पृथ्वीमा फर्काइन्छ नत्र त्यहीँ नष्ट गर्न सकिन्छ ।

अन्तरिक्ष यानले विभिन्न कार्य गर्दछन्। ती कार्यका आधारमा यिनलाई तिन श्रेणीमा छुट्याउन सकिन्छ :

१. पहिलो श्रेणीमा पृथ्वी सम्बन्धी अन्वेषण गर्ने र सूचना दिने भू-उपग्रहहरू पर्दछन् जस अर्न्तगत वैज्ञानिक अनुसन्धान उपग्रह, सञ्चार उपग्रह, मौसमी उपग्रह, जहाजी उपग्रह र फौजी उपग्रह रहेका हुन्छन् ।

२. दोस्रो श्रेणीमा अन्तरिक्ष सम्बन्धी अन्वेषण गर्ने यानहरू पर्दछन् जसले सूर्य र ताराहरूबाट आएका विकिरण एवम् अति सूक्ष्म उल्कापातहरूको जानकारी पृथ्वीमा पठाउँछन् ।

३. तेस्रो श्रेणीमा आकाशीय पिण्डहरूका बारे अन्वेषण गर्ने यानहरू पर्दछन्, जसले अरू अरू ग्रह तथा उपग्रहहरूका वायुमण्डलीय सतहको बनोट, आकार, चुम्बकीय क्षेत्र र जीवनको सम्भावना इत्यादिको अध्ययन गर्दछन् । यस किसिमका यानहरूले कुनै विषेश ग्रह वा उपग्रहमा अवतरित भएर अथवा त्यसको परिक्रमा गरेर त्यससम्बन्धी जानकारी पृथ्वीमा पठाउँछन् ।

यसरी अन्तरिक्ष यानको वैज्ञानिक महत्त्व थाहा पाउन सकिन्छ । अन्तरिक्ष सम्बन्धी यी अनेक खोज र अनुसन्धान हाम्रा ज्योतिषीय मान्यतामा समेत परिवर्तन आउने सम्भावना छ । वैज्ञानिक अनुसन्धान र प्रयोग तथा ज्योतिष विद्याले बताएका मान्यताहरूका बिच के कति मिल्दा र अमिल्दा कुराहरू छन् ? तिनको समेत स्पष्ट अध्ययन हुनु आवश्यक छ ।

अन्तरिक्ष उडान मानिसका निमित्त केही समय अघिसम्म कल्पनाको विषय थियो । आज त्यो सत्य साबित भएको छ। सन् १९५७ अक्टोबर ४ तारिखका दिन उडाइएको सोभियत अन्तरिक्ष यान स्पुतनिक - १ ले सर्वप्रथम पृथ्वीको परिक्रमा गरेपछि त्यो कल्पाना यथार्थमा परिणत भएको हो । त्यसपछि सोभियत सङ्घले नै सन् १९५७ नोभेम्बर २३ मा अर्को अन्तरिक्ष यान स्पुतनिक - २ लाइका नामको कुकुरसमेत राखी प्रक्षेपण गऱ्यो । ती सफल उडानपछि संयुक्त राज्य अमेरिका तथा सोभियत सङ्घले एकपछि अर्को गर्दै अनेक शृङ्खलाका अन्तरिक्ष यानहरू पठाउने क्रम जारी राखे र ती प्रत्येकबाट केही न केही नयाँ कुराको जानकारी प्राप्त भइरह्यो । सन् १९६१ मा प्रथम मानव अन्तरिक्ष यात्री युरी गागरिन पृथ्वीको परिक्रमा गरी सफलता पूर्वक पृथ्वीमा उत्रिएका थिए ।

अन्तरिक्षका अनेक पिण्डहरू मध्ये चन्द्रमा मानिसका लागि विशेष उत्सुकताको विषय थियो । सन् १९६९ जुलाई २० तारिखका दिन एपोलो-११ का अन्तरिक्ष यात्री निल आर्मस्ट्रङ र एडबिन आल्ड्रिनले भने चन्द्रसतहमा पदार्पण गरे तर सोही यानमा गएका माइकल कोलिन्स भने चन्द्र सतहमा नउत्री अन्तरिक्षमा नै घुमिरहे । त्यसपछि चन्द्र सतहमा पदार्पण गरी मनुष्यको

चन्द्रलोक पुग्ने धोको पनि पुरा भयो । चन्द्रमा बाहेक शुक्र, मङ्गल, वृहस्पति आदि ग्रहहरू बारे पनि विभिन्न अध्ययन तथा अन्वेषण भइरहेका छन् । नयाँ नयाँ उडान र प्रयोगले अन्तरिक्ष सम्बन्धी अध्ययनमा पक्कै पनि नयाँनयाँ अध्याय थपिँदै जाने कुरामा कुनै शङ्का छैन ।

यसरी विकसित देशहरू अन्तरिक्षमा नयाँनयाँ प्रयोग र अनुसन्धान गर्न तल्लीन छन् । मानिसले जति प्रगति गरे पनि ऊ सन्तुष्ट बन्न भने सकेको छैन । असन्तोषी प्रवृत्तिले नयाँ नयाँ खोज र आविष्कार गर्ने उसको इच्छाशक्ति झन् झन् बढेर गएको छ । त्यो इच्छाशक्ति मानव हित र विश्व कल्याणका लागि समर्पित हुन सकोस् भन्ने कामना गर्नु नै हाम्रो निमित्त अहिले उपयुक्त विचार हुन सक्छ ।

शब्दार्थ

पिण्ड	:	बाटुलो वस्तु
अवतरित	:	अवतरण भएको
परिक्रमा	:	घुम्ने काम
पदार्पण	:	पाइला टेक्ने काम
तल्लीन	:	एकाग्र
यान	:	विमान
परीक्षण	:	जाँच
गुरुत्व	:	गरौँपन
आकर्षण	:	तान्ने काम, खिचाइ
मण्डल	:	बाटुलो घेरा
कृत्रिम	:	निर्माण गरिएको
भू-उपग्रह	:	अन्तरिक्षमा पठाइने ग्रह
अन्वेषक	:	आविष्कारक
उपकरण	:	औजार
निर्याण	:	पठाइएको सामान
बाहक	:	बोक्नेवाला
प्रक्षेपण	:	पठाउने काम

अभ्यास

सुनाइ र बोलाइ

१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

गुरुत्वाकर्षण, कृत्रिम, अन्वेषक, प्रक्रिया, सुद्ध, निर्माण, वृहस्पति, परिक्रमा, शृङ्खला, नियन्त्रण, प्रक्षेपण ।

२. पाठको पहिलो अनुच्छेद शिक्षकले भन्ने र तपाईले सँगसँगै लेख्ने गर्नुहोस् ।

३. अन्तरिक्ष यान सम्बन्धी तपाईंले जानेका कुरा कक्षामा सुनाउनुहोस् ।

४. पाठमा दिएका चित्रहरूका सम्बन्धमा साथीसँग कुराकानी गर्नुहोस् ।

५. पाठको तेस्रो अनुच्छेद सहजकर्ताबाट सुन्नुहोस् र त्यसका आधारमा तलका प्रश्नहरूको उत्तर बताउनुहोस् :

(क) अन्तरिक्ष कहाँ पर्छ ?

(ख) अन्तरिक्ष यानको कुरा सुन्दा हामीलाई कस्तो लाग्छ ?

(ग) हामीले पुराण र दन्त्य कथामा के कस्ता कुराहरू पढ्दै आएका छौँ ?

(घ) हामीलाई के कुराहरूले आश्चार्य चकित तुल्याएको छ ?

(ङ) शक्ति सम्पन्न राष्ट्रहरू के को प्रयासमा छन् ?

पढाइ

१. माथिको पाठ पढेका आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अन्तरिम भनेको के हो ?

(ख) अन्तरिक्ष यानका मुख्य प्रकारहरू के के हुन् ?

(ग) मनुष्यको चन्द्रलोक पुग्ने धोको कहिले कसरी पुरा भयो ?

(घ) अन्तरिक्ष यानको उपयोगिता के हो ?

(ङ) मानिसको कस्तो प्रवृत्तिले नयाँ नयाँ आविष्कार हुन्छन् ?

२. पाठका अनुच्छेदहरू कक्षाका साथीहरू मिलेर पालैपालो सस्वर वाचन गर्नुहोस् ।

३. **तलका शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस् :**

शब्द	**अर्थ**
विकसित	खण्ड, सर्ग
अध्याय	आकाश
अन्तरिक्ष	उन्नत
नियन्त्रण	सामर्थ्य
शक्ति	अधीन

४. पाठमा विभिन्न प्राविधिक शब्दहरू प्रयोग भएका छन् । पुरै पाठ मौन वाचन गरी त्यहाँका प्राविधिक शब्दहरू सहजकर्ताको सहयोगमा कापीमा टिप्नुहोस् ।

लेखाइ

१. पाठको अन्तिम अनुच्छेद राम्रा अक्षर पारेर कापीमा सार्नुहोस् ।

२. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

वायुमण्डल, उपकरण, अवतरित, शृङ्खला, इच्छाशक्ति, तल्लीन ।

३. भाव स्पष्ट पार्नुहोस् :

(क) अब त मान्छेले पृथ्वीभन्दा पनि अन्तरिक्ष बारे अध्ययन गर्नु पर्छ ।

(ख) अन्तरिक्ष उडान केही समय अघिसम्म कल्पनाको विषय थियो । आज त्यो सत्य सावित भएको छ ।

४. शुद्ध पारेर सार्नुहोस् :

एशरी बीकसीट देसहरू अन्तरिक्छेमा नयानया प्रयोगहरू गरन तल्लिन छन् ।

कार्यमूलक व्याकरण

पारिभाषिक/प्राविधिक शब्द

१. तलका पारिभाषिक/प्राविधिक शब्द र तिनीहरूको अर्थ पढ्नुहोस् :

ध्वनि : वर्णभन्दा सानो भाषिक एकाइ ।

छन्द : कविता लेख्ने एक प्रकारको शैली ।

भाषिका : भाषाको क्षेत्रीय भेद ।

तापक्रम : गर्मी घटबढ हुने क्रम ।

निःशुल्क : शुल्क बेगरको ।

अध्याय : ग्रन्थको खण्ड वा भाग ।

आशुकवि : तुरुन्तै कविता लेख्न सक्ने कवि ।

२. पाठसँग सम्बन्धित तलका प्राविधिक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

भूउपग्रह, स्पुतनिक, सञ्चार, अनुसन्धान, प्रक्षेपण, परीक्षण, नियन्त्रण ।

३. पारिभाषिक/प्राविधिक शब्दसँग सम्बन्धित तलको अनुच्छेद पढ्नुहोस् र त्यसलाई कापीमा सार्नुहोस् :

शब्द व्युत्पत्तिका आधारमा परिभाषाका माध्यमले अर्थ बताइने शब्दहरू पारिभाषिक हुन् । त्यस्तै प्रविधिसँग सम्बन्धित शब्दहरू प्राविधिक कहलाउँछन् । रुढ अर्थमा भने पारिभाषिक र प्राविधिक शब्द भनेर समान सन्दर्भमा प्रयोग गर्ने गरिएको छ । पारिभाषिक तथा प्राविधिक शब्दहरू भाषा, विज्ञान, गणित, सामाजिक आदि अनेक पृथक विषयमा विशेष रूपले प्रयोग हुन्छन् । सामान्य भाषिक व्यवहारमा प्रयोग हुने शब्दभन्दा विशेष क्षेत्रसँग सम्बन्धित यो शब्दहरूको छुट्टै विशेष महत्त्व छ । यस किसिमका शब्दहरूले सिद्धान्त वा मान्यतासँग सम्बन्धित व्याख्यात्मक अर्थ बहन गरेको पाइन्छ । यस किसिमका शब्दसँग सम्बन्धित परिभाषा प्रविधि मूलक हुन्छ, प्राविधिक शब्दहरूको अर्थ बताउन पनि परिभाषाको सहारा चाहिन्छ । अतः पारिभाषिक र प्राविधिक शब्द भनेर समान सन्दर्भमा यी शब्दहरू प्रयोग हुनु पनि त्यतिकै स्वाभाविक हुन्छ ।

स्वाध्ययन खण्ड

१. विकसित देशहरू अन्तरिक्ष यानद्वारा विभिन्न ग्रह उपग्रहहरूमा पुग्न सक्ने तर हामी किन सामान्य जीवन यापन गर्ने स्रोत र साधनबाट पनि वञ्चित भएका हौंला विचार गरी हाम्रो देशलाई पनि विज्ञान र प्रविधिको उत्चतम प्रयोग गर्न सक्ने बनाउन के के गर्नु पर्ला ? यस बारे एउटा छोटो निबन्ध तयार गर्नुहोस् ।

२. पाठबाट दस ओटा पारिभाषिक/प्राविधिक शब्दहरू सङ्कलन गर्नुहोस् ।

३. अन्तरिक्षयानको भविष्यका सम्बन्धमा केही कल्पना वा सोच विचार गरी आफ्नो मनमा उब्जेका ती कुराहरूलाई कापीमा लेखेर साथीलाई सुनाउनुहोस् ।

पाठ १७

दरबार

- जीवराज पोखरेल

राजा हुन् या रङ्क बस्नका लागि सबैलाई बास चाहिन्छ । जीवन यापन गर्नका लागि आवास चाहिन्छ । त्यसैकारण पनि बास मानव जीवनका आधारभूत आवश्यकताहरू मध्ये एक हो । मानवले मात्र होइन चरा चुरुङ्गीले पनि आफ्नो आवासका लागि गुँड बनाएका हुन्छन् भने कीटहरूले विभिन्न आकार प्रकारका गोलो तथा जालो निर्माण गरेका हुन्छन् । विशेष गरेर दमाईं चराको गुँड झुन्डिएको संरचनाका रूपमा अति नै आकर्षक तथा रोचक देखिन्छ । झन् हावा आएको बेलामा यो हल्लिँदा त अति नै रोमाञ्चक देखिन्छ । राति उज्यालो होस् भनेर हामीले बत्ती बालेजस्तै दमाईं चराले जुनकिरीलाई समातेर आफ्नो गुँडभित्र टाँसेको हुन्छ । यसरी आफ्नो आवासलाई उसले प्रकाशमय बनाएको हुन्छ, कान्तिमय तुल्याएको हुन्छ । कीटहरूमा कमिलाको गोलो होस् या माकुराको जालो दुवै आर्कषक देखिन्छन् । अझ माकुराको जालो त कति नियमित आकार अति सूक्ष्म प्रकारको हुन्छ भने यसको पर्यवेक्षण गर्दा अति नै रम्य खालको अनुभूति हुन्छ । माकुराले आफ्नो जालोलाई आवासका निमित्त मात्र होइन आहाराका निम्ति पनि प्रयोग गरेको हुन्छ । विभिन्न ससाना जीवहरू जालोमा पर्दछन् अनि माकुराको सिकार हुन्छन् ।

घरलाई विभिन्न नामले सम्बोधन गरिन्छ । साधारण घरलाई कुटी, छाप्रो तथा झुपडी भनिन्छ भने समृद्ध घरलाई भवन, सदन तथा निकेतन । राजाको आवासलाई राजप्रासाद, लायकु, महल तथा दरबार भनिन्छ । मानिसका घर साधारण नै हुन्छन् तर महीशका घर विशिष्ट प्रकारका हुन्छन् । आकार पनि ठूलो हुन्छ र आयाम पनि ठुलो । यिनमा विशेष प्रकारका निर्माणवस्तुहरूको प्रयोग भएको हुन्छ । निर्माणको शैली पनि आकर्षक प्रकारको हुन्छ । यस्तो भवनलाई दरबार भनिन्छ । दरबार फारसी भाषाबाट आएको शब्द हो । त्यसैगरी लायकु नेवारी शब्द हो भने राजप्रसाद संस्कृत शब्द हो ।

नेपालमा परापूर्व कालदेखि दरबारको निर्माण हुँदै आएको पाइन्छ । नेपालमा राज्य गर्ने प्रथम गोपाल राजाको दरबारबारे थाहा हुन सकेको छैन, न त त्यसपछि राज्य गर्ने महिषपाल राजाको दरबारको बारेमा नै थाहा भएको छ । गोपाल राजाहरू मातातीर्थनेर बस्दथे रे ! तर त्यसपछिका किराँत राजाको दरबार गोकर्णमा भएको विश्वास गरिएको छ । पछि किराँत राजा पटुकले पाटनमा दरबार बनाएका थिए भन्ने विश्वास गरिएको छ । अहिले त्यसलाई पटुको ढिस्को भनिन्छ र यसको हाल उत्खनन भइरहेको छ । प्रारम्भिक तहको उत्खननमा उल्लेखनीय वस्तु केही पनि प्राप्त हुन सकेको छैन । तर पछि महत्त्वपूर्ण वस्तु

प्राप्ति हुन सक्ने अपेक्षा गर्न सकिन्छ । यही समयमा कपिलवस्तुमा गौतम बुद्धका पिता राजा शुद्धोधनले बनाएको दरबारको भग्नावशेष देख्न सकिन्छ । गौतम बुद्ध राति दरबारबाट भागेको दरबारको भग्नावशेष पनि विद्यमान नै छ ।

नेपालको इतिहासमा लिच्छवि काललाई स्वर्णयुगका रूपमा चित्रण गरिएको छ । दरबार निर्माणको सन्दर्भमा पनि यसले सुनौलो आयाम ग्रहण गरेको अनुमान गर्न सकिन्छ । चिनियाँयात्रीहरूले नेपालका दरबारहरू तथा कैलाशकूट भवनलाई मुक्तकण्ठले प्रशंसा गरेका थिए । दुर्भाग्यवश ती दरबारहरूको भग्नावशेष अहिले हाम्रा सामु छैन । खाली इतिहासका पानामा, किताबहरूका पृष्ठमा तिनको बयान पढ्न पाइन्छ ।

मल्ल कालीन कला एवम् वास्तुकला लिच्छवि कालमा भन्दा पनि बढी उल्लेखनीय भएको पाइन्छ । यस समयमा दरबारका अतिरिक्त अनेकौँ मन्दिर, पाटी, धाराहरू निर्माण भएका थिए । तर यी मध्ये सबभन्दा सुन्दर दरबार स्क्वायरलाई मानिएको छ । यस्ता दरबार स्क्वायर काठमाडौँ, ललितपुर तथा भक्तपुर तीनै सहरमा देखिन्छन् । यी तिनै दरबार स्क्वायरहरू विभिन्न राजाहरूको पालामा क्रमिक रूपमा निर्माण भएका थिए । मुख्यत: काठमाडौँ दर बार स्क्वायर राजा प्रताप मल्लको समयमा, पाटन दरबार स्क्वायर सिद्धिनरसिंह मल्ल तथा श्री निवास मल्लको पालामा र भक्तपुर दरबार स्क्वायर जगज्जय मल्ल, भूपतीन्द्र मल्ल तथा रणजित मल्लको पालामा बनेका थिए । काठमाडौँको वसन्तपुर दरबार भने राजा पृथ्वीनारायण शाहले निर्माण गरेका थिए । पछि पृथ्वीनारायण शाहले नुवाकोट तथा गोरखामा पनि दरबारहरू निर्माण गरे । यी दरबारहरूमा काठ तथा इँटाको प्रचुर मात्रामा प्रयोग भएको देख्न सकिन्छ । विशेष गरेर इँटाको रातो रङले गर्दा यी दरबारहरू अति नै जीवन्त देखिन्छन् । काठमा कुँदिएका विभिन्न बुट्टाहरूले पनि दरबारको सौन्दर्यमा झन् प्रखर रूपमा प्रस्तुत गरेको देखिन्छ ।

राणा कालमा पनि नवशास्त्रीय शैलीमा विभिन्न दरबारहरू बनेका छन् । खासगरी प्रधानमन्त्री जङ्गबहादुर बेलायतको यात्रा गरेर नेपाल फर्किएपछि यस्ता दरबारहरूको निर्माणको आरम्भ भयो । सिहंदरबार, केशरमहल यसका केही उदाहरणहरू हुन् । चुनको प्रयोग तथा विराट आकारले गर्दा यी दरबारहरू अति नै आकर्षक देखिन्छन् । यी दरबारहरू निर्माण गर्न प्रशस्त धनराशि खर्च भएको छ । विदेशी शैलीमा निर्माण गर्नुभन्दा स्थानीय शैलीमा निर्माण गरिएको भए अहिले नेपालमा तीनओटा दरबार स्क्वायरको सट्टा चालीसभन्दा बढी दरबार स्क्वायर हुने थिए होलान् । नेपाल अहिलेभन्दा पनि अति नै रमणीय हुने थियो होला । खड्गशमशेरले आफ्नी रानीको सम्झनामा पाल्पामा रानी महलको निर्माण गरेका हुन् । यो दरबार नेपालको ताजमहलको रूपमा परिचित छ । नदीको दोभानमा निर्मित यो दरबार अति नै रमणीय देखिन्छ ।

यी अनेकौँ दरबार मध्ये पाटनको दरबार अति नै सुन्दर मानिएको छ । यो उत्तर दक्षिण दिशामा फैलिएको छ र केशव नारायण चोक, नासल चोक, मूल चोक तथा सुन्दरी चोक जस्ता विभिन्न चोकहरूले सजिएको छ । यी मध्ये केशव नारायण चोक उत्तरी छेउमा छ भने सुन्दरी चोक दक्षिणी छेउलाई भनिन्छ । केशवनारायण चोक अवस्थित भएको स्थानमा पहिले किल्लासहितको एक दरबार थियो । सुन्दरी चोक सबभन्दा पहिले बनाइएको हो । यसको नामअनुसारको रूप तथा रङ पनि छ । विभिन्न अङ्ग तथा अवयवको अनुपात यति राम्ररी मिलेको छ कि मानौँ यो कुनै सङ्गीतको समष्टिगत स्वरूप हो । सङ्गीतमा बादकहरूले आफ्ना वादनहरूलाई एक अर्कासित सामञ्जस्यपूर्ण रूपले बजाए जस्तै यहाँका स्तम्भ, तोरण, टुँडालले एक लय, एक सुरलाई प्रतिध्वनित गरे जस्तो अनुभूति हुन्छ । त्यसै कारण पनि वास्तुकलालाई जमेको सङ्गीतका रूपमा चित्रण गरिएको होला । यसको बीचमा राजकीय स्नान कक्ष छ जुन झन् सुन्दर देखिन्छ । यसका विभिन्न भागमा लक्ष्मीनारायण गरुड तथा विभिन्न तान्त्रिक मूर्तिहरू राखिएका छन् । त्यसै गरी सुन्दरी चोकको उत्तरतर्फ मूल चोक अवस्थित छ, जहाँबाट तलेजु मन्दिर देख्न सकिन्छ । नासल चोकबाट देगुतले मन्दिर देख्न सकिन्छ । नासल चोकको उत्तरतर्फ रहेको चौखोट भत्केको हुनाले केशवनारायण चोकको निर्माण गरियो जुन अहिलेसम्म पनि विद्यमान नै छ । यस चोकको पूर्वतर्फ संरक्षण गर्ने क्रममा बनाइएको भवन आधुनिक निर्माणवस्तु प्रयोग गरेर बनाइएको छ, जुन अति नै आलोचित भएको छ । यस्तो ऐतिहासिक स्थानमा गरिँदा परम्परागत निर्माणवस्तु तथा शैलीलाई अवलम्बन गर्नुपर्ने हो तर त्यो हुन सकेको छैन ।

यो दरबारको भित्री भाग जति सुन्दर छ, त्यसभन्दा पनि सुन्दर यसको मोहडा छ । यसमा देखिने विभिन्न ढोका, झ्यालका साथै तिनीहरूमा भएका काठमा कुँदिएका बुट्टाले अति नै रमाइलो परिदृश्यको सिर्जना गरेको देख्न सकिन्छ । त्यसै कारण पनि एक जना वास्तुकलाविद् इतिहासकार पर्सेभल लन्डनले यसलाई यति सानो स्थानमा निर्मित अति नै सुन्दर भवनहरूको सङ्ग्रह भनी वर्णन गरेका छन् । त्यसै गरी सत्रौँ शताब्दीका कवि कुनु शर्माले यसलाई स्वर्गको एक भाग भनेर बयान गरेका छन् । हुन पनि इँटा तथा काठको संयोजनले अति नै रमणीय दृश्यको सिर्जना गरेको छ ।

नेपालमा विभिन्न समय विभिन्न आकार प्रकारका दरबारहरूको सिर्जना त भयो तर तिनीहरूको संरक्षण नहुँदा तिनको अस्तित्व लोप हुने स्थिति आएकाले तिनको संरक्षण गरिनु अति नै आवश्यक भएको छ । नेपालमा कैयौँ यस्ता दरबार छन् जसको संरक्षण गर्न नसकेर भग्नावषेशका रूपमा परिणत भइरहेका छन् । यी दरबारहरू नेपालको पहिचानका रूपमा पनि काम गर्ने भएकाले यिनीहरूको संरक्षण गरिनुपर्दछ ।

शब्दको अर्थ

शब्द	**अर्थ**
रङ्क :	गरिब
कीट :	किरा
रोमाञ्चक :	रमाइलो दिने
आवास :	घर
पर्यवेक्षण :	जाँचबुझ गर्ने काम
रम्य :	रमाइलो
महीश :	राजा
आयाम :	फैलावट
उत्खनन :	जमिनमुनि लुकेको धनमाल/वस्तु निकाल्न जमिन खन्ने काम
भाग्नावशेष :	भत्की बिग्री बाँकी रहेको अंश
मुक्तकण्ठ :	खुला हृदयले बोल्ने काम
नवशास्त्रीय :	नयाँ शास्त्रसम्बन्धी नयाँ प्रणाली
विराट् :	ज्यादै ठुलो
अवस्थित :	रहेको
किल्ला :	सिमाना
स्तम्भ :	खाँबो
तोरण :	माङ्गलिक कार्य गर्दा घरका भित्तामा बेरिने माला
टुँडाल :	घर बनाउँदा गारामा टेकाई छड्के पारेर राखिने एकप्रकारको फूलबुट्टे काठ
प्रतिध्वनित :	आवाज सुनिनु
सामञ्जस्य :	मेलमिलाप
आलोचित :	आलोचना भएको
अवलम्बन :	अनुकरण

अभ्यास

सुनाइ र बोलाइ :

१. तलका शब्दहरूको शुद्धसँग उच्चारण गर्नुहोस् :

आकार प्रकार, पर्यवेक्षण, रम्य, निकेतन, महीश, विद्ययान, पृष्ठ, ढिस्को, प्रतिध्वनित ।

२. पाठको दोस्रो अनुच्छेद सहजकर्ताले भनेको सुनेर लेख्नुहोस् ।

३. पाठको सातौँ अनुच्छेद सहजकर्ताले भनेको सुनेर तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

क) पाटनको दरबार कुन कुन चोकहरूले सजिएको छ ?

ख) सबैभन्दा पहिले बनाइएको चोक कुन हो ?

ग) सुन्दरी चोकको उत्तरतर्फ के छ ?

घ) निर्माण गरिएको भवन किन आलोचित छ ?

ङ) 'तोरण' र 'टुँडाल' शब्दको अर्थ के हो ?

४. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

- रवर-घर
- थाक-धाक
- ठाडो-डाडो
- घरा-झरा
- थाम-घाम
- ठाडे-ढाडे
- खाम-घाम

पठाइ :

१. 'दरबार' प्रबन्धलाई कक्षामा पालैपालो वाचन गर्नुहोस् ।

२. ठिक बेठिक छुट्याउनुहोस् :

क) साधारण घरलाई कुटी छाप्रो तथा झुपडी भनिन्छ ।

ख) नेपालमा दरबारको निर्माण भरखरै भएको हो ।

ग) नेपालमा राणकाललाई स्वर्णयुग भनिन्छ ।

घ) बसन्तपुर दरबार पृथ्वीनारायण शाहले बनाएका थिए ।

ङ) पाटन दरबारलाई रानी महल पनि भनिन्छ ।

३. पाठको तेस्रो अनुच्छेद ध्यानपूर्वक पढी तलका प्रश्नको उत्तर दिनुहोस् :

क) नेपालमा सर्वप्रथम राज्य गर्ने राजा को हुन् ?

ख) गोपाल राजाहरू कहाँ बस्थे ?

ग) पाटनको दरबार कसले बनाएका थिए ?

घ) गौतम बुद्धका पिता को थिए ?

४. खाली ठाउँ भर्नुहोस् :

क) किराँत राजाको दरबार .....भएको विश्वास् गरिएको छ ।

ख) खड्ग शमशेरले आफ्नी ..... सम्झनामा ..... रानी महलको निर्माण गरेका हुन् ।

ग) नासल चोकबाट ..... मन्दिर देख्न सकिन्छ ।

घ) दरबारहरू नेपालको पहिचान भएकाले ..... गरिनुपर्छ ।

लेखाइ :

१. माथिको प्रबन्ध पढी तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) समृद्ध घरलाई अन्य के के नामले चिन्न सकिन्छ ?

ख) दरबार स्क्वायरहरू कुन कुन सहरमा अवस्थित छन् ?

ग) भक्तपुर दरबार कसका पालामा बनेको थियो ?

घ) राणाकालमा कुन शैलीमा दरबार बनेका थिए ?

ङ) ऐतिहासिक स्थानहरू निर्माण गर्दा केमा ध्यान दिनु पर्छ ?

च) परम्परागत दरबारको संरक्षण कसरी गर्न सकिन्छ ?

२. 'दरबार' प्रबन्धको पहिलो अनुच्छेदबाट मुख्य मुख्य पाँच ओटा बुँदा टिप्नुहोस् ।

३. दरबारहरू नेपालको पहिचान हुन् भन्ने भनाइलाई पाठका आधारमा व्याख्या गर्नुहोस् ।

४. तलको वाक्यलाई शुद्ध पारेर सार्नुहोस् :

एस्तो ऐतीहाासीक स्थानमा निरमान गरीदा परम्परागत निरमानका वस्तु तथा सैलिलाइ अबलम्बन गर्नुपर्ने हो तर त्यो हून पुगेको छौन ।

५ तलको वाक्य पढेर के बुझ्नुहुन्छ, लेख्नुहोस् :

सङ्गीतमा वादकहरूले आफ्ना वादनहरूलाई एकअर्कासित सामञ्जस्यपूर्ण रूपले बजाएजस्तै यहा (पाटन दरबार)का स्तम्भ, तोरण, टुँडालले एक सुरलाई प्रतिध्वनित गरेजस्तो अनुभूति हुन्छ ।

६. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आकर्षक, महल, रमणीय, सहर, किल्ला ।

७. पाठको अन्तिम अनुच्छेद शुद्धसँग सार्नुहोस् ।

८. यस पाठमा दरबार/मन्दिरसाग सम्बन्धित स्तम्भ, तोरण, टुँडाल, चोक, ढोका, मोहडा जस्ता शब्द प्रयोग भएका छन् । यी शब्दको अर्थ बुझ्ने प्रयत्न गर्नुहोस् र पाठबाट अरू शब्द पनि टिप्नुहोस् । तपाइको टोल छिमेकमा पनि दरबार मन्दिर, मस्जिद, चर्च, विहार आदि हुन सक्छन् । तीसाग सम्बन्धित शब्द टिपोट गरी सहजकर्तालाई देखाउनुहोस् ।

दरबारसँग सम्बन्धित शब्द .....

मन्दिरसँग सम्बन्धित शब्द .....

मस्जिदसँग सम्बन्धित शब्द .....

चर्चसँग सम्बन्धित शब्द .....

विहारसँग सम्बन्धित शब्द .....

कार्यमूलक व्याकरण :

विराम चिह्नको प्रयोग

१. **पढ र बुझ :**

(क) **पूर्ण विराम** (।)

- मैले तिमीलाई माया गरेर हुर्काएँ ।
- अब म सबै सत्य कुरा बताउँछु ।

(ख) **प्रश्न चिह्न** (?)

- यिनीहरूले किन मलार्य यसरी हेरिरहेका छन् ?

- तिमी कुन पुस्तक पढ्दै छौ ?

(ग) **अल्प विराम चिह्न** (,)

- शास्त्रमा पनि विद्वान, विदुर्षी, ब्रह्मचारी र बालकलाई कहिल्यै मार्नु हुँदैन भनिएको छ ।
- उनीहरू मिलिजुली खेल्ने, खाने, बस्ने र घुमफिर गर्ने गर्थे ।

(घ) **अर्ध विराम** (;)

- तिनीहरू खुबै मिल्थे; जङ्गलमा विहार गर्थे; सिकार खेल्थे ।

शब्द र वाक्यबिच सम्बन्ध देखाउन, अर्थ खुलस्त पार्न र भावमा सिलसिला मिलाउन प्रयोग गरिने चिह्न लेख्य चिह्न हुन् ।

(क) कुनै भनाइ पुरा भएपछि वाक्यका अन्त्यमा प्रयोग गरिने चिह्नलाई पूर्ण विराम चिह्न (।) भनिन्छ । पूर्ण विराम चिह्नले वाक्य पुरा भएको सङ्केत गर्छ ।

(ख) कुनै कुराको जिज्ञासा राख्दा प्रश्न चिह्न (?) को प्रयोग गरिन्छ ।

(ग) वाक्यमा उकै किसिमका शब्दहरू क्रमिक रूपमा आए भने अल्प विराम (,) चिह्नको प्रयोग गरिन्छ । यस चिह्नले वाक्यमा छोटो अडानलाई जनाउँछ ।

(घ) कुनै वाक्यमा सहयोगी भएर विभिन्न उपवाक्यका बिचमा अर्ध बिराम (;) चिह्नका् प्रयोग गरिन्छ ।

२. उपयुक्त चिह्न प्रयोग गरी शुद्ध गर्नुहोस् :

पोथी सिंहले भन्यो सुन अब म सबै सत्य कुरा बताउँछु बाबु तिमी एउटा स्यालको बच्चा हौ ।

३. पाठमा पूर्ण विराम चिह्न प्रयोग भएका चार ओटा वाक्य टिप्नुहोस् ।

४. लेख्य चिह्न (।, , ; , ?, !) प्रयोग गरेर एक अनुच्छेद लेख ।

परियोजना कार्य :

१. 'देशको मूल कानुन - संविधान' शीर्षकमा निबन्ध लेख्नुहोस् ।

पाठ २२

नुनको सोझो

धेरै पहिलेको कुरा हो, भुमियाको गुरु नानकसँग भेट भयो । भुमियालाई गुरु नानकका बारेमा विशेष वृतान्त केही थाहा थिएन । उसले गुरु नानकलाई एउटा नवआगन्तुकका रूपमा लियो । साँझ पर्न लागेकाले गुरु नानक पनि आफ्नो भ्रमणलाई अगाडि बढाउने, विचारमा थिएनन् । भुमियाले पनि गुरु नानकलाई आफ्नो निवासमा त्यो रात आरामपूर्वक बिताउन अनुरोध गऱ्यो । भुमियाले सुनेको थियो साँझका पाउनाको सत्कार गर्नु मानवीय कर्तव्य हो । त्यसैले उसले गुरु नानकलाई त्यो रात आफ्नो घरमा रहेर बेलुकाको भोजन गर्न र उसलाई प्रसन्न तुल्याउन अनुरोध गरेको हो । यसबाट आफुलाई आनन्दको अनुभूति पनि हुने र सुख तथा सन्तोष पनि मिल्ने मनसायले गुरु नानकलाई त्यो रात आफुसँगै बस्ने व्यवस्था भुमियाले मिलायो चोर्नु हुन्न, साँचो बोल्नुपर्छ भन्ने सम्बन्धमा गुरु नानक विशेष जोड दिन्थे । जीवनको सर्वोच्च शिखरमा पुग्न र मानव जीवनको वास्तविक आनन्द पाउन सत्य र इमानदारीको मूल मार्गलाई अगाल्नुपर्छ र त्यो मूल मार्गबाट गरिने यात्रा नै सुखदायक र चिन्ताविहीन हुने छ भन्ने उनको सत्य सन्देश थियो । गुरु नानक भन्ने गर्ने सत्यलाई जीवको उद्देश्य बनाउने मानिसले सुखमय जीवनयापन गर्ने अवसरबाटै बिचलित हुनुपर्दैन । उनको सत्य नै ईश्वर र ईश्वर नै सत्य हो । स्वर्ग जाने मूल मार्ग भनेको नै सत्य हो । सत्यको मार्गलाई अँगालेर अगाडि बढेमा स्वर्गमै प्रवेश गरिन्छ । नरक अन्यत्र नै रहन्छ । परमात्माले असल, पुण्य र शुभ कार्यलाई एकदमै सरल रूपमा यस पृथ्वीमा प्रस्तुत गरेको छ, ती सबै कार्यको मूल स्रोत भनेको पनि सत्य नै हो । यिनै कुरालाई गुरु नानक अर्को रूपबाट सबैलाई सम्झाउँथे । झुटो बोल्न र वास्तविकतालाई लुकाउन धेरै सोचविचार गर्नु र निकै कृत्रिमतालाई अपनाउनु पर्ने हुन्छ । तर सत्यको अनुसरण गर्नका लागि कुनै नाटक गर्नु पर्दैन । असत्य वा झुटो व्यवहारलाई केही समयका लागि वास्तविकताको आभास दिन समेत पनि विभिन्न किसिमका प्रपञ्च रच्नुपर्ने आवश्यकता पर्न सक्छ । अतः इमानदार बन्नु र इमानदारीलाई अँगाल्नु वास्तवमा नै सरल र सहज कुरा मानिन्छ ।' भुमियासँग त्यस रातको भलाकुसारीमा गुरु नानकले यस किसिमबाट अर्तीउपदेशका धेरै कराकानी गरे । गुरु नानकका कुरालाई भुमियाले ध्यानपूर्वक सुन्यो । घरमा आएको पाहुनालाई उसको विचारमा विवाद गरेर पाहुनाको मनमा कुनै कष्ट पुऱ्याउनु जायज होइन भन्ने भुमियालाई लाग्यो ।

गुरु नानक भन्दै गए-"जीवनलाई सरल ढङ्गबाट यापन गर्नका लागि इमानदारीको आवश्यकता पर्छ । इमानदारीको अवलम्बन गर्नाले सामान्य हैसियतको मानिसलाई पनि जीवन वा व्यवहार चलाउन कुनै गाह्रो पर्दैन । तर व्यभिचार, आडम्बर, कालोबजार गर्न र सरकारी

कर छल्नलाई कति बनाओटी कार्य गर्नुपर्ने हुन आउँछ । यसमा मानिसलाई कष्ट वा दुःख हुन्छ । इमानदारीपूर्वक बाँच्न श्रमको आवश्यकता पर्छ तर कानुनी सजाय र सामाजिक अपवाद वा बदनामबाट सधैँ बचिरहन्छ ।' गुरु नानकको अर्ती उपदेशले भुमियाको अन्तर हृदयलाई धेरै प्रभाव पाऱ्यो । यस्तैमा बेलुकाको भोजनको समय भयो र भुमियाले गुरु नानकलाई भोजनका लागि आग्रह गऱ्यो ।

भुमिया त्यस गाउँमा चोरका रूपमा कहलिएको थियो । बाल्य कालबाट नै उसको बानी बिगिसकेको थियो । असत्य बोल्नु, हिंसा गर्नु र चोर्नु उसका लागि सामान्य कुरा भइसकेका थिए । सबै गाउँका सर्वसाधारण मानिस उसको व्यवहारबाट त्रसित थिए । उसको आपराधिक कर्तुतसँग कोही पनि अपरिचित थिएनन् । गाउँका सबैलाई कुनै पनि साधु महात्मालाई घरमा बास नदिन र त्यस्ता साधु महात्मा त्यस गाउँमा उसको घरमा पठाउन भुमियाले सूचना गरेको थियो । त्यसै सिलसिलामा संयोगले गुरु नानक पनि भुमियाको अतिथि बन्न पुगेका थिए । त्यो गाउँमा बस्ती बसेको धेरै भएको थिएन, सबैको हैसियत र जीवनस्तर सामान्य थियो । गाउँका कसैले पनि गुरु नानकको नाम पनि सुनेका थिएनन् र उनलाई देखेका पनि थिएनन् । गाउँलेले गुरु नानकलाई चिन्न सकेनन् । गाउँलेले भुमियाको घरमा नै त्यो रात बिताउन गुरु नानकलाई भनेका थिए । राम्रो बासका लागि गाउँलेले भुमियाको घर देखाएकै कारणबाट संयोगले गुरु नानक र भुमियाको भेट भएको थियो ।

गुरु नानकलाई पनि भुमियाका बारेमा कुनै कुरा थाहा थिएन । गुरु नानकको कुराकानीबाट उसको हृदय परिवर्तन भइसकेको थियो । भुमियाले सुमार्गमा आउने विचार गऱ्यो । उसको हृदयमा बदनामको कुमार्ग त्याग्ने विचार उब्ज्यो ।

'तिमी के पेसा गर्छौ, तिम्रो व्यवसाय कुन हो ?' गुरु नानकले भुमियासँग प्रश्न गरे । भुमियाले सत्य बताउन सङ्कोच मान्यो र वास्तविकतालाई लुकाउन लाग्यो । गुरु नानकको कुराले ऊ लज्जित बनेको थियो । उसले कसरी भनोस् कि उसको वास्तविक पेसा वा व्यवसाय भनेको चोरी, डकैती र हिंसा नै हो तापनि भुमियाले पश्चाताप र आत्मग्लानिको स्वरमा आफ्नो वास्तविकता जस्ताको तस्तै साधु महात्मालाई बतायो । किनभने भुमिया गुरु नानकको व्यक्तित्व र व्यवहारबाट पग्लिसकेको थियो । उसले कष्टपूर्वक आफ्नो कहानी गुरु नानकलाई बतायो ।

तिमी प्रायश्चित गर्न चाहन्छौ ?' गुरु नानकले भुमियालाई फेरि सोधे र यो पनि बताए कि तिम्रा लागि यही नै उचित हुन्छ । मानिसलाई लाग्छ, कि छलकपट छलछाम र व्यभिचार सजिलो हुन्छ तर सत्य, न्याय र इमानदारीको बाटो कठिन हुन्छ, वास्तवमा साँचो कुरो यो होइन र यस्तो हुँदैन । व्यभिचारले कुमार्गतर्फ र सदाचारले सुमार्गतर्फ अग्रसर गराउँछ । सदाचार

र सत्यप्रतिको निष्ठाबाट नै मानव देवता कहलाउन योग्य हुन्छ र स्वर्ग प्राप्ति गर्न सक्छ । गुरु नानकले भुमियालाई सत्मार्गमा लाग्न र केही सर्त पालना गर्न भने ।

"त्यस्तो के सर्त हो, अतिथि पहिले सुनाउनुहोस् न त्यसपछि पो पालना गर्ने नगर्ने कुरा हुन सक्छ ।" भुमियाले गुरु नानकसँग अुनरोध गऱ्यो ।

"त्यस्तो के सर्त हो, अतिथि महोदय । पहिले सुनाउनुहोस् न त्यसपछिपो पालना गर्ने नगर्ने कुरा हुन सक्छ ।" भुमियाले गुरु नानकसँग अनुरोध गऱ्यो ।

"भुमिया ! प्रतिज्ञा गर कि भविष्यमा सदैव 'साँचो बोल्छु, सत्यलाई नै अनुसरण गर्छु, जसको नुन खान्छ, त्यसको कुभलो हुने काम कदापि गर्दिनँ र कुनै पनि गरिबलाई कहिल्यै सताउन्नँ ।' यी सर्तहरूको पालनमा प्रतिबद्ध हुन सकेको खण्डमा तिम्रो पापको प्रायश्चित हुन सक्छ र तिमी सत्मार्गमा अग्रसर हुन सक्छौ ।" गुरु नानकले भुमियालाई सर्तसम्बन्धी रहस्य बताए । 'गुरु साधुमाहात्मा ! म प्रतिज्ञा गर्छु कि तपाईंले भन्नुभएका सर्तहरू पालना गर्न प्रयत्नशील रहने छु' भुमियाले टाउको निहुऱ्याएर गुरु नानकसँग बिन्ती बिसायो । भुमियाले त्यस दिनदेखि नयाँ जीवन बिताउन प्रारभ्म गऱ्यो र गुरु नानकलाई पनि प्रसन्न तुल्यायो ।

वास्तविकता वा यथार्थ यो हो कि लागेको बानी छुटाउन मानिसका लागि निकै कठिन कार्य हुन सक्छ । खराब आदतले जब मानिसको अन्तरात्मामा बास गर्छ , त्यसबाट मुक्ति पाउन मानिसका लागि मुस्किल पर्छ । छलकपट, हिंसा, चोरी आदि व्यभिचारी प्रवृत्तिले मानिसलाई बारम्बार लोभ्याउने गर्छ र अधोगतितर्फ आकर्षित गर्छ । 'अधो मति, अधो गति' भन्ने उखान समाजमा निकै प्रचलित छ ।

भुमिया एक रात फेरि चोर्न भनेर राजाको दरबारमा पुग्यो । धेरै बहुमूल्य वस्तुहरूलाई एकत्र गऱ्यो र कुलेलम ठोक्न तयार भयो । तर उसलाई भोकले पिरोलेको थियो, अलिकति केही तरान पेटमा नहाली ऊ भाग्न सक्ने अवस्थामा थिएन । भुमिया खाने कुराको खोजी गर्न भान्सामा गयो । उसले एउटा भाँडोमा केही खाने कुरा देख्यो र उसको मुखमा पानी आयो । उसले खाने कुरा खान थाल्यो । उसलाई निकै भोक लागेको थियो। नुनिलो र स्वादिलो चना चटपटेलाई उसले खुब मीठो मानीमानी निकै खायो ।

भरि भाँडोको चना चटपटेलाई भुमियाले खाएर के निखार्न लागेको थियो । एकाएक उसलाई गुरु नानकले भनेको वाणीको सम्झना भयो । उसले गुरु नानकसँग प्रतिज्ञा गरेको थियो कि जसको नुन खान्छ, त्यसको कुभलो हुने कार्य कदापि गर्ने छैन ।' यो वाणी सम्झेर भुमिया निद्राबाट ब्युँझे जस्तो झल्यास्स भयो । उसलाई सपना जस्तो लाग्यो तर वास्तवमा ऊ विपनामा नै थियो । ऊ राजाका बहुमूल्य सामान लिएर राजमहलबाट जोडतोडसँग भाग्ने सुरमा थियो ।

गुरु नानकको नुनको सोझो गर्नुपर्छ भन्ने उपदेशको सम्झना भने उसको हृदयमा प्रबल रूपमा देखा पऱ्यो । उसले आफुलाई अन्तरात्मादेखि धिकाऱ्यो । ऊ फेरि पश्चातापमा पिरोलियो । भुमियाको सुषुप्त मनमा तीव्र उथलपुथल हुन लाग्यो । आखिरमा बासनालाई विवेकले परास्त गऱ्यो । विवेकले बासनालाई परास्त गर्छ भन्ने कुरा भुमियाको मानसिक द्वन्द्वमा पनि सत्य सावित भयो । अतः भुमिया एकत्रित बहुमूल्य सामानलाई राजमहलमै छोडेर टाउकाको टोपी हातमा लिएका दौडँदै गुरु नानकको आश्रममा शरण लिन पुग्यो ।

राजमहलमा बहुमूल्य सामानहरू जतातत्तै छरिएको देख्ता राजालाई रातमा चोर आएको आशङ्का भयो । राजाले आफ्ना पहरेदारहरूलाई चोर पत्ता लाएर त्यसलाई आफ्ना समक्ष उपस्थित गराउने आदेश दिए । भुमियाले पनि गुरु नानकको निर्देशनमा सत्यको पालना गर्ने सङ्कल्पअनुसार राजाको सामु आफैँ उपस्थित भएर सारा वृत्तान्त सुनायो ।

“महाराज, आज तपाईंको नुन खाएँ त्यस बेलादेखि मेरो अन्तरआत्माले म आफुलाई नै बारम्बार धिक्कारिरहेको छ । म कुकर्मी र पापी हुँ, भविष्यमा म यस्तो कुकर्म गर्ने छैन । यस कुकर्मका लागि महाराजबाट जुन सजाय हुन्छ । त्यसलाई म भोग्न तत्पर छु । म जस्तो पापी र कुकर्मीले कुकर्म अनुसारको सजाय पाउनुपर्छ ।”

एक व्यभिचारीमा स्वयम् नै सुधार आएकामा राजा खुब खुसी भए । राजाले भुमियालाई रोजगारी प्रदान गरे । त्यस दिनदेखि भुमियाले कहिल्यै पनि चोरेन र असत्य पनि बोलेन ।

शब्द र अर्थ :

सत्य सन्देश	-	साँचो उपदेश
बृतान्त	-	विवरण
निवास	-	बस्ने ठाउँ, घर
मार्ग	-	बाटो
परमात्मा	-	ईश्वर
जायज	-	ठिक
विवाद	-	तर्क, खण्डन
अन्तर हृदय	-	भित्री हृदय
भोजन	-	खाना/खानेकुरा
कर्तुत	-	नराम्रो काम

त्रसित - डराएका

सुमार्ग - राम्रो बाटो

कुमार्ग - खराब बाटो

सङ्कोच - लाज

प्रायश्चित - अपराधको दोष मेटाउन गरिने कार्य

रहस्य - गोप्य कुरो

प्रारम्भ - सुरु

परास्त - पराजय

सुनाइ बोलाइ :

१. नुनको सोभ्रो कथाको पहिलो, दोस्रो, तेस्रो र चौथो अनुच्छेद पालैपालो पढेर सुनाउनुहोस् ।

२. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) गुरु नानक र भुमियाको भेट कहाँ भएको थियो ?

(ख) गुरु नानक र भुमियाका बीचमा केकस्ता कुराकानी भए ?

(ग) भुमियाले गुरु नानकलाई आफ्नो परिचय कुन रूपमा दियो ।

(घ) भुमिया राजमहलमा किन गएको थियो र त्यहाँ केकस्तो घटना भयो ।

- भुमियाको जीवनमा परिवर्तन आउनुका कारणहरू के थिए ।
- के तपाईंका समाजमा पनि भुमियाजस्ता मानव छन् ? छन् भने त्यस्तालाई सही बाटोमा ल्याउन तपाईंहरूको कस्तो भूमिका हुन सक्छ ? कक्षामा छलफल गर्नुहोस् ।

पढाइ

१. तलका शब्द शुद्धसँग पढ्नुहोस् :

अतिथि, पृथ्वी, बहुमुल्य, आगन्तुक, पहरेदार, मुक्ति, तीब्र, उलटपलट ।

२. 'नुनको सोभ्रो' कथा पढी त्यसको आसय बताउनुहोस् ।

३. थाका आधारमा लेख्नुहोस् :

क) गुरु नानक को थिए ?

ख) गुरु नानक र भुमियाको भेट कसरी भएको थियो ?

ग) भुमियाले गुरु नानकलाई आफ्नो परिचय कुन रूपमा दियो ?

घ) भुमिया राजमहलमा किन गएको थियो र त्यहाँ के कस्तो घटना भयो ?

ङ) गुरु नानकले भुमियालाई कस्तो मार्ग निर्देशन गरे र उसको जीवनमा के कस्तो परिवर्तन आयो ?

च) भुमियाको जीवनमा परिवर्तन आउनका कारणहरू के थिए ?

छ) नुनको सोझो कथाले के सन्देश दिन्छ ?

लेखाइ

१. तलका शब्दलार्य वाक्यमा प्रयोग गर्नुहोस् :

स्रोत, उपदेश, जीवनवाणी, अन्तरहृदय र यापन गर्नु ।

२. तलका उद्धरणको भाव स्पष्ट पार्नुहोस् ।

क) सत्यको मार्गलाई अँगालेर अगाडि बढेमा स्वर्ग मै प्रवेश गरिन्छ ।

ख) विवेकले बासनालाई परास्त गर्छ ।

कार्यमूल व्याकरण:

१. **पर्यायवाची शब्द :**

(**क**) **तलका वाक्यहरू** पढनुहोस् :

- बुबा विदेश जानुहुन्छ ।
- पिताजी घरमा बस्नुहुन्छ ।
- बा खेत काम गर्दै हुनुहुन्छ ।
- सागर बादल देखियो ।
- गगन भेदी बाल आया
- अन्तरिक्ष ढाकियो ।
- घरमा पाहुन हुनुहुन्छ ।
- आवास खाली छैन ।
- निवासमा को को हुनुहुन्छ ।

माथिका वाक्यमा (१) बुबा, पिताजी र बाउ (२) सगर, गगन र अन्तरिक्ष (३) घर, आवास

र निवास शब्दले उस्तै अर्थ दिएका छन् । यसरी उस्तै अर्थ दिने शब्दलाई पर्यायवाची शब्द भनिन्छ । नेपाली भाषामा पर्यायवाची शब्दहरू प्रशस्तै प्रयोग गरिन्छन् ।

(ख) **तलका पर्यायवाची शब्दहरू पढ्नुहोस् :**

शब्द	-	पर्यायवाची शब्द
आमा	-	माता, मुमा, जननी, मा
इच्छा	-	अभिप्रया, आकाङ्क्ष, कामना, चाहना
आँखा	-	नेत्र, नयन, चक्षु
आनन्द	-	खुसी, प्रशन्नता, सुख, हर्ष
ईश्वर	-	ईश, देउता, जगदिश्वर, भगवान, सुर
गरम	-	तातो, न्यानो, उष्ण
चतुर	-	चलाक, बाठो, धूर्त
जमीन	-	जग्गा, पृथ्वी, भुइँ
डर	-	त्रास, भय
चन्द्रमा	-	इन्दु, जून, चन्द्र, निशाकर, शशि, मौम
पति	-	लोग्ने, पोइ, श्रीमान्, स्वामी, खसम
बाटो	-	पथ, मार्ग
रात	-	रात्री, निशा, रजनी
विद्यालय	-	पाठशाला, विद्यागृह, स्कुल
मासिन	-	मान्छे, मानव, मनुष्य, मनवा
स्त्री	-	नारी, महिला, स्वास्नी मान्छे

(ग) **खाली ठाउँ भर्नुहोस् :**

- 'बाटो' शब्दको पर्यायवाची शब्द ..... हो । (नर सुर मार्ग)
- 'निशा' कुन शब्दको पर्यायवाची शब्द ..... हो । (रजनी, यय, खसम)
- 'जून' ..... को पर्यायवाची शब्द हो । (घाम, नाम, चन्द्र)

- 'हर्ष' ..... शब्दको पर्यायवाची शब्द हो । (आनन्द, रिस, दु:श)
- 'गोडा' शब्दको पर्यायवाची शब्द ..... हो । (पाउ, घाउ, च्याउ)

२. **विपरीतार्थ शब्द :**

(क) **तलका शब्दहरू पढ्नुहोस् :**

अमृत - विषृ,	असर - खराब,	जीवन - मरन
लाभ - हानि,	व्यावहारिक - अव्यावहारिक,	विनाश - निर्माण
ठुलो - सानो,	नाफा - नोक्सान,	संयोग - वियोग
सुगम - दुर्गम,	हार - जीत,	निरक्षर - साक्षर

माथिका शब्दले उल्लेटा अर्थ दिएका छन् । यसरी सुल्टो अर्थ दिने शब्दलाई विपरीतार्थ वा विपरीतार्थी शब्द भनिन्छ ।

(ख) **तलको खाली ठाउँमा विपरीतार्थ शब्द भर्नुहोस् :**

- रामो ....., सुन्तर ....., असल .....
- नयाँ ....., शुद्ध ....., भित्र .....
- पराजय ....., जीवन ....., सज्जन .....
- सपना ....., सत् ....., होस, ...

३. **अनेकार्थ शब्द**

(क) **तलका वाक्य पढ्नुहोस् :**

कर :

- हरेक नागरिकले राज्यलाई कर तिर्नुपर्छ
- तिमी मलाई त्यो काम गर्न कर नलगाऊ ।
- तपाईंसँग मेरा कर जोडी विन्ती छ, तपाईं कसैको कुभलो नगर्नुहोसे ।

हात

- आज मेरा हात दुखिरहेको छ ।
- स्मीतालाई विजयी बनाउन प्रज्ञाको ठुलो हात छ ।

माथिका वाक्यमा चिह्न लगाइएका शब्दहरू अनेकार्थी शब्द हुन् । यहाँ एउटै 'कर' शब्द र 'हात' शब्दले एकभन्दा बढी अर्थ दिएका छन् । यसरी एकभन्दा बढी अर्थ दिने शब्दलाई अनेकार्थी शब्द भनिन्छ । अनेक अर्थ दिने शब्द भनिन्छ । अनेक अर्थ दिने शब्द नै अनेकार्थी शब्द हुन् ।

(ख) **तल 'रस' र 'पक्ष' शब्दका अनेकार्थी वाक्य पढ्नुहोस् :**

रस

- आलु तामाको रस ज्यादै स्वादिलो हुन्छ ।
- मोतिराम भट्टले शृङ्गार रसका कविता लेखेका छन् ।

पक्ष

- विवेकी मानिसले कसैको पनि पक्ष लिँदैन ।
- बुद्धिमानले सबै पक्ष विचार गरेर निर्णय गर्छ ।

४. **श्रुति समभिन्नार्थक शब्द**

(क) **तलका शब्द पढ्नुहोस् :**

आँत - आँत, खालि - खाली, आवास - आभास, सव, शव, दिन - दीन ।

माथिका शब्द सुन्दा उस्तै सुनिने तर अर्थ फरक हुने शब्द हुन् । यसरी सुन्दा उस्तै सुनिने तर फरक अर्थ दिने शब्दलाई श्रुति समभिन्नार्थक शब्द भनिन्छ ।

(ख) **तलका वाक्य पढ्नुहोस् :**

आँट – आँत

- हिमाल चढ्न ठुलै आँट चाहिन्छ ।
- बालक अवस्थामा पोषिलो खाना नपाउँदा श्यामको आँत कमजोर छ ।

खालि – खाली

- हामीले खालि खेल्ने मात्र कुरा गर्नु हुँदैन ।
- पानी सकिएर गाग्री त पुरै खाली भएछ ।

आवास – आभास

- भुकम्पले सबैको आवास हल्लायो ।

- खुला विद्यालयमा पढ्न पाउँदा अनौठो आभास भएको छ ।

सव – शव

- हामी सव मिले देशको विकास गर्नुपर्छ ।
- कतारबाट नेपालीको शव आर्यघाटमा ल्याइयो ।

दिन – दीन

- लक्ष्मीप्रसाद देवकोटा लक्ष्मीपूजाका दिन जन्मेका थिए ।
- हामी सबैले दीन दु:खीलाई सहयोग गर्नुपर्छ ।

४. **शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) 'गणन' शब्दको पर्यायवाची शब्द ..... हो । (दिन, आकाश, पृथ्वी)

(ख) 'लाभ' शबदको विपरीतार्थ शब्द ..... हो । (फाइदा, हानि, हामी)

(ग) 'दिन' शब्दको श्रुति समभिन्नार्थ ..... हो । (छिन, रिन, दिन)

सिर्जनात्मक अभ्यास

१. तपाईंले सुने जानेको कुनै एक नीति कथा घरबाट लेखेर ल्याई कक्षामा सुनाउनुहोस् ।

पाठ १९

काठमाडौँको मन दुख्यो कि दुखेन ?

- क्षेत्रप्रताप अधिकारी

पहाडतिर पैरो गयो भन्छन्
तराईतिर बस्ती डुबे भन्छन्
काठमाडौँको मन दुख्यो कि दुखेन होला ?
नदुखेको भए कदाचित्
एउटा नेपाल भन्न मिल्दैन ।

इतिहासको घाउ कोट्याउँदा
मुटु छुने चस्कोले
वर्तमान छोयो कि छोएन होला ?
टनकपुरमा उठेको प्रश्नले
जनकपुर छोयो कि छोएन होला ?
नछोएको भए कदापि
सिङ्गो नेपाल भन्न मिल्दैन ।

भेरीमा फेरी पल्टेर
जुम्लाको रिमाल हराउँदा
झापाको धिमाल रोयो कि रोएन होला ?
धनकुटामा भूकम्प भासिएर
राईगाउँ तमोरमा बग्दा
धनगढीको धामी रोयो कि रोएन होला ?
नरोएको भए किञ्चित्
सबै नेपाली भन्न मिल्दैन ।

सुखीरामको घरमा
भतेर पाकेको दिनमा
दुखीरामको धुरीबाट
धुँवा आयो कि आएन होला ?
बलवानले पेटभरि खाँदा
दुर्बलमानले आधा भेट खायो कि खाएन होला ?
सबै धुरीबाट धुँवा नआएको भए
दुर्बलमानहरूले नखाएको भए
सबै नेपाली भन्न मिल्दैन ।

एउटा नेपाल भन्ने हो भने
सिङ्गो नेपाल भन्ने हो भने
सबैको मुटुमा सधैँ
एउटै नेपाल दुख्नुपर्छ
सबैको घरआँगनमा सधैँ
दाल-भात-डुकु पाक्नुपर्छ ।
फूलमायालाई गानो जाँदा
धनिमायालाई पनि दुख्नुपर्छ
मैचालाई पनि दुख्नुपर्छ ।

शब्द र अर्थ :

कदाचित् : अन्यथा, अर्को स्थिति भएमा
इतिहास : वितेका घटनाहरूको वर्णन
चस्को : काँडा बिझ्दाको दुखाइ

फेरी : नदी तर्न प्रयोग गरिने साधन

पैरो : पहिरो

अभ्यास

सुनाइ र बोलाइ :

१. सहजकर्ताले कविता वाचन गरेको सुन्नुहोस् र तल दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

क) एउटा नेपाल भन्न के हुनु पर्छ ?

ख) टनकपुरमा उठेको प्रश्नले कसलाई छुनुपर्छ ?

ग) राईगाउँ तमोरमा बग्दा कसको मन रुनु पर्छ ?

घ) सिङ्गो नेपाल भन्न के हुनु पर्छ ?

ङ) सबैको घर आँगनमा के पाक्नु पर्छ ?

२. तल दिइएका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

चस्को, सिङ्गो, धनगढी, दुखीराम, दर्बलमान, घरआँगन, मैचा

३. माथिको कविता सहजकर्ताबाट सुन्नुहोस् ।

पढाइ :

१. कविताका सबै हरफहरू पालैपालो वाचन गर्नुहोस् ।

२. माथिको कविता मौन वाचन गर्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :

क) कविले सबै नेपाली बन्न के हुनुपर्छ ? भनेका छन् ।

ख) यस कवितामा केले मन छुनुपर्ने कुरा गरिएको छ ?

ग) जुम्लाको रिमाल हराउँदा कसलाई दुख्नु पर्छ ?

घ) सबै नेपाली सम्पन्न कसरी बन्छन् ?

३. पाठका आधारमा तलको श्लोक पुरा गर्नुहोस् :

..... घरमा

.....

दुखीरामको .....

..... आएन ..... ?

४. कविताको मूल आशयबारे कक्षामा लछफल गर्नुहोस् ।

लेखाइ :

१. कविताको तेस्रो श्लोकको मूल भाव लेख्नुहोस् ।

२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

फुलमायालाई गानो जाँदा

धनिमायालाई पनि दुख्नुपर्छ

मैचालाई पनि दुख्नुपर्छ ।

३. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

भतेर, सिङ्गो, तराई, धुवाँ, किञ्चित ।

४. कवितामा म र न प्रयोग भएका शब्दहरू टिप्नुहोस् ।

५. माथिको कविता राम्रा अक्षर पारेर कापीमा सार्नुहोस् ।

कार्यमूलक व्याकरण :

१. तल दिइएका लेख्य चिह्नको परिचय पढ्नुहोस् :

(क) उद्गार चिह्न (!)

- अहो ! हिडेछ है ।
- कठै ! ठहरै परेछ ।

(ख) योजक चिह्न (-)

- प्रज्ञा-प्रतिष्ठान
- वर्ण-विन्यास

(ग) कोष्ठक चिह्न [(), [ ], { }]

- नेपाल भूपरिवेष्ठित (चारैतिर जमिनले घेरिएको) देश हो ।

(घ) उद्धरण चिह्न (‘ ’, “ ”)

- म ‘मधुपर्क’ मासिक पढ्छु ।
- रामले भन्यो “म घर जान्छु ।”

(ङ) निर्देशन चिह्न (-:, :-)

- तुरुन्त चाहियो : कलम, कापी, मोबाइल

अ) हर्ष, घृणा, आश्चर्य आदि बुझाउन उद्गार चिह्नको प्रयोग गरिन्छ । यसलाई विस्मय सूचक चिह्न (!) पनि भनिन्छ ।

आ) दुई वा दुईभन्दा बढी शब्दलाई जोड्नुपर्दा वा हरफको अन्त्यमा शब्द नअटाई अर्को हरफमा लेख्नुपरेमा योजक (-) चिह्नको प्रयोग गरिन्छ ।

इ) वाक्यको बिचमा कुनै शब्दको अर्थलाई स्पष्ट पार्नुपरेमा कोष्ठक [(), [ ], { }] चिह्नको प्रयोग गरिन्छ ।

ई) कसैको भनाइलाई जस्ताको तस्तै राख्दा उद्धरण (“ ”) चिह्नको प्रयोग गरिन्छ ।

उ) कुनै कुरालाई तोकेर देखाउँदा वा निर्देशन गर्दा निर्देशन (–) चिह्नको प्रयोग गरिन्छ ।

२. उद्गार, योजक, कोष्ठक, उद्धरण र निर्देशन चिह्न प्रयोग गरी दुई दुई वाक्य बनाउनुहोस् ।

परियोजना कार्य :

१. ‘सबै मिल्नुपर्छ’ शीर्षकमा गद्य कविता रचना गर्नुहोस् ।

२. कुनै कविले लेखेको गद्य कविता खोजेर कक्षामा सुनाउनुहोस् ।

पाठ २०

प्रधानाध्यापकलाई निवेदन

श्रीमान् प्रधानाध्यापक, २०७३।१२।१०

श्री अमर आधारभूत विद्यालय

मकवानपुर, हेटौँडा ।

विषय : छात्रवृत्ति पाऊँ ।

महोदय,

यस विद्यालयको मिति २०७३।१२।०३ मा प्रकाशित छात्रवृत्ति सम्बन्धी सूचना पढ्ने अवसर प्राप्त भयो । सूचनामा उल्लेख भएको बेहोराअनुसार म पनि उपयुक्त उम्मेदवार भएकीले यो निवेदन दिएकी छु ।

म यस आधारभूत विद्यालयको खुला सिकाइ दोस्रो तहमा अध्ययनरत नियमित छात्रा हुँ । म पहिलो तहको परीक्षामा प्रथम भएकी कुरा हजुरलाई विदितै छ ।

म आर्थिक रूपले विपन्न परिवारकी व्यक्ति हुँ । साधारण खेतीपाती बाहेक मेरो आम्दानीको अरू कुनै स्रोत छैन । मेरा बुबा आमाले रात दिन परिश्रम गर्दा पनि उउहाँहरूको कमाइले परिवारको दैनिक छाक टार्न निकै कठिन परिरहेको छ । मैले आफ्नो पढाइका लागि आवश्यक पर्ने किताब कापीसमेत जुटाउन सकिरहेकी छैन । यस्तै समस्याले गर्दा मेरा बुबा आमाले मलाई विद्यालय पढाउन नसक्ने अवस्था सिर्जना भई दुई वर्ष अगाडि पनि मैले विद्यालय छाड्नुपरेको थियो ।

यसरी म गरिब र जेहेनदार विद्यार्थी भएकाले यस विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति पाउन यो निवदेन पेस गरेकी छु । मलाई छात्रवृत्ति प्रदान गरी आवश्यक किताब कापी जुटाएर मिहिनेत साथ पढाइमा लाग्ने सुअवसर प्रदान गर्नुहुन सादर अनुरोध गर्दछु ।

आज्ञाकारी छात्रा
डोमा शेर्पा
खुला सिकाइ, दोस्रो तह
रोल नं. ५

श्री अमर आधारभूत विद्यालय

अभ्यास

सुनाइ र बोलाइ :

१. माथिको निवेदन पालैपालो हाउभाउ सहित पढेर सुनाउनुहोस् ।

२. डोमा शेर्पाले लेखेको निवेदन पढेका आधारमा तलका प्रश्नको उत्तर खोज्नुहोस् :

क) छात्रवृत्ति भन्नाले के बुझिँदो रहेछ ?

ख) सूचना केका लागि टाँस गरिएको थियो ?

ग) किसान परिवारको मुख्य समस्या के हो ?

घ) निवेदकले छात्रवृत्ति माग गर्नु पर्ने कारण के रहेछ ?

ङ) निवेदनमा देखिएअनुसार निवेदकको योग्यता र क्षमता के कस्तो छ ?

३. माथिको निवेदन सहजकर्ताबाट सुन्दै लेख्नुहोस् ।

पढाइ :

१. माथिको निवेदन मौन वाचन गर्नुहोस् र तलका प्रश्नको उत्तर लेख्नुहोस् :

क) डोमा शेर्पाको आर्थिक अवस्था कस्तो छ ?

ख) डोमा शेर्पा र तपाईंको आर्थिक अवस्थामा के फरक छ ?

ग) निवेदकले के अनुरोध गरेकी छिन् ?

घ) गरिबीले कस्तो समस्या निम्तिन्छ ?

ङ) 'आज्ञाकारी' शब्दको अर्थ लेख्नुहोस् ।

लेखाइ :

१. आफु जेहेन्दार विद्यार्थी भएको जनाउँदै प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

२. तलका शब्दहरू शुद्धसँग सार्नुहोस् :

आज्ञाकारि, मिहीनत, छात्रविर्ती, सुचना, इछुक ।

३. तलका शब्दहरू प्रयोग गरी वाक्य बनाउनुहोस् :

निवेदक, छात्रवृत्ति, मिहिनेत, व्यहोरा, परिश्रम ।

४. 'गरिबीले जेहेन्दार विद्यार्थीको पढाइमा बाधा पुग्छ' भन्ने भनाइको भाव स्पष्ट पार्नुहोस् ।

कार्यमूलक व्याकरण :

१. तल दिइएका अनुकरणात्मक शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

चटक्क, जुरुक्क, झमझम, सुरुक्क, तिरिमिरी, भुसुक्क, टलपल, डम्म, फतक्क, चसक्क, भतभत्ती, लहलह, प्याट्ट ।

२. पाँच ओटा अनुकरणात्मक शब्द खोजी वाक्यमा प्रयोग गर्नुहोस् ।

परियोजना कार्य

१. जिल्ला शिक्षा कार्यालयबाट प्रत्येक वर्ष वितरण गरिने छात्रवृत्ति आफुलाई प्राप्तहोस् भन्ने विषय समेटी निवेदन लेख्नुहोस् ।

पाठ २१

सङ्घर्ष

- पं. बद्रीनाथ भट्टराई

लमजुङे फौजलाई लखेट्दै चेपे तारिसकेपछि लामो सास फेरी आकाशतिर हेरेर द्रव्य शाहले मनमनै भने, ...ग्रह, तारा, नक्षत्रहरू आफ्नो आफ्नो चालमा चलेका छन् । टक्कराउनुको कुरा त परै रहोस् । छायाँले पनि आपसमा बाधा पार्न चाहँदैनन् । जुधिएला भनेर हो कि बादलहरू पनि सकेसम्म अलग्ग भएर हिँड्दछन । पशु, पंक्षी, किरा फट्याङ्ग्राहरूको अरू दाजुभाइको विरोध छ झन् स्वभाविक जस्तै हुँदै आइरहेछ । उही तत्त्वमा पनि मात्र स्वाहा भएका होइनन्, किन्तु अरूलाई समेत गोल बनाइदिए । यदि इतिहास हेर्न हो भने यस्ता दृष्टान्त असङ्ख्य छन् । यस्तै फुटबाट राजपुतहरू बिलाए । के मानवताको आदर्श यही हो ? हो, एउटाको हत्या गरेर हजार जना बाँच्दछन् भने मुनासिब छ, तर निहुरेको घाँसमाथि हतियार चलाउनु के मनुष्यता हो ? दाज्यू भनेर पाउ पर्दापर्दै पनि उनलाई डाहा भएको किन ? मैले उनको के बिगार गरेको थिएँ र ? भाइको उन्नति देख्न नसक्ने पनि कहीँ मानिस क लाउला ? यो खाली रिसइबीको प्रतिफल हो । पार्श्ववर्तीहरूले कुरा लगाए पनि के उनले विचार गर्नु पर्दैन ? कुरा के हो भने बानरले आफु पनि घर बनाउँदैन, अर्काको घर पनि भताभुङ्ग पारिदिन्छ ।'

'विश्वलाई नो बन्धु सम्झनु पर्नेमा एउटै पेटबाट जन्मेका हौँ भन्ने कुरालाई पनि दाज्यूले कसरी बिर्सेका होलान् । हुन त आफूलाई आदर्श राम ठानेर कान्छो भाइले भरतको आचरणलाई लत्यायो भनी उनी उड्कन्छन्, तर नदीको किनारमा बाबुको श्राद्ध सँगसँगै गर्ने निहुँले बोलाई एक्लो र हतियार नलिएको मौका छोपी भाइ मार्ने विचार रामको मनमा उब्जन पनि उब्जियन । श्राद्ध गरिसकेपछि भाइकी छोरीको आँखातिर मेरो दृष्टि नपुगेको भए भात खाँदाखाँदै यो गर्धनमा तरवारको धारको भार पर्ने रहेछ । उसले इशारा गरी र पो बाहिर बस्ने निहुँले लोटा लिएर म यतातिर आएँ । मलाई मार्नाका लागि प्रशस्त हतियार जिमिनभित्र दाज्यूले त लुकाइसकेका रहेछन् । त्यो बेला फुल्कन मलाई कत्रो मुश्किल पऱ्यो । तर यसमा मेरो पनि दोष छ । विषको गाग्रो भन्ने थाहा पाइसकेपछि पनि अमृतको कलश सम्झेर अँगाल्न खोज्ने म कस्तो हुस्सु ? श्राद्ध गर्न चेपेको किनारमा आइज भन्ने दाइको चिठीलाई च्यातेर रछानमा फालिदिएको भए भइहाल्थ्यो । सारा सभासद्को राय किन लिइरहनपर्थ्यो ? आमाकै सामुन्ने बिताउन खोज्ने दाज्यूले आमाका सेखपछि मसँग मिल्न खोज्छन् भन्ने कुरामा पत्यार गर्नु कस्तो बेहोसी ! सर्पको मुखबाट कहीँ दुध निस्कला ! यस्तो

धोखा दिएर आफ्नो रगत पिउन खोज्ने दाज्यूलाई कसरी पुजूँ ! तर यसै गरी आपसी झगडा चलिरहन्छ भने कुनै देशको पनि उन्नति हुन सक्दैन ।'

"त्यो षड्यन्त्र खुस्किएपछि पनि फेरि मलाई खुलेआमा कत्तल गर्ने विचारले पछि पछि लखेट्तै त्यत्रो फौज पठाएको सम्झदा त झन् अचम्म लाग्छ ओहो ! पछेडा लिँदै बेइमानहरू गुङथोकसम्म आइपुगिसकेका थिए । गोरखाबाट तुरुन्तै फौज ल्याई त्यहाँको घोर घमासानमा यमराज बन्न नसकेको भए गोर्खा खतम हुने थियो अनि यतिन्जेल गरेको सारा मिहिनेत माटोमा मिल्ने थियो, तर गोरखनाथको दयादृष्टिले गर्दा हटाउँदै हटाउँदै दरौँदी तारेँ अनि हार्मिभन्ज्याङ पारि पुऱ्याएर बल्लतल्ल अहिले चेपे कटाएँ ।

सहोदर भाइमाथिको विशुद्ध स्नेह-प्रवाहमा दाज्यूले पीप मिसाएपछि म मात्र किन भ्रातृभक्तिको धारा बहाइरहूँ 'शठे शाठ्य' समाचरेत्' भन्ने नीतिको कदर नगर्ने कुनै पनि राजनीतिक सफल भएको छैन । उनी अब पुरा शत्रु भए । शत्रुको शेष राख्ने व्यक्ति मूर्ख हो । लमजुङलाई नउडाई कल्याण हुने देखिन्न । रात दिन त्रासको ग्रास बनिरहेपछि कति दिन टिकिएला ? फेरि सधैँको यो ऱ्याक ऱ्याकमा अरु के काम गर्न सकिएला । उसैले सदा सर्वदा विषवृक्षको हाँगाविँगा मिलिरहेन कष्ट उठाइरहनुभन्दा जरो नै उखेलिदिनु धेरै बेस हो नि । यो सकली राष्ट्रियताको सिद्धान्त हो । यसलाई धक्का दिन्छ भने नातागोता, कुलकुटम्ब, इष्टमित्र कसैको पनि मुलाहिजा राखिँदैन । आगोले जनमाउने अरणिलाई स्वाहा परिदिन्छ, जोरी खोज्ने फलामलाई गलाइदिन्छ, शरण पर्ने सुनलाई पगालेर पनि इज्जत बढाइदिन्छ । तर आगोको नजीकै पानी बन्नु पाप हो, अनि सूर्य बन्नु धर्म हो । क्रान्तिले निम्त्याएको बेलामा शान्तिकहाँ पाहुना बन्न जानेको भविष्य कस्तो होला !

बरु आधा राज्यको माग त गणेश पाँडेले पो गर्नु पर्ने किनभने उनी नभएका भए गोरखा मेरो हात पर्ने थियो कि थिएन ! अझ साँच्चिकै भन्ने हो भने दोस्रो चाणक्य बनेका उनले नै उठान र बैठानसमेत गरिदिएका हुन् । गङ्गाराम रानाहरूलाई उनले आफ्नो हातमा नलिएको भए अनि उनकै सल्लाहमुताबिक लिगलिग हात नपरेको भए मेरो मात्र के लाग्थ्यो ? पाँडे, पन्थ, अर्याल, खादाल, खस, मगर सबैलाई आफ्नो गुटमा मिलाई राज्यभिषेक दिएको उनैले हो । तागाधारीलाई मदिराको घोडा चढाउन खोज्ने खाड्का राजाको अन्याय देख्न नसकेर नै तरवारको धारमा आफ्नो ज्यानसमेत सुम्पेर क्रान्तिका साथ आधारातमा त्यो परिवर्तन गराए । अंशबण्डामा त त्यही जाबो रागिनास मोइडा पाएको न हुँ ! अरू त सारा यिनै गणेश पाँडेले दिलाएका हुन् ।

सहनुको पनि हद हुन्छ । शत्रुले लात हानिसकेपछि पनि क्षमाको महत्त्व गाउँदै चुप लाग्ने

नपुङ्सक हो । देवताको पूजा तहाँसम्म हुन्छ जहाँसम्म उनीहरू आफ्नो स्थानमा रहन्छन् । खेतीवालले कमाएको बाली लुट्न आउने साँढेलाई नचुटेर साध्य होला र ! जोसुकै भए पनि आततायीलाई बजाउनै पर्छ । जलदान गर्न लाग्दा बादल गर्जन्छ भने शत्रुले धोखा दिइसक्दा पनि के मुख सिएर बस्ने ? हात जोडेर सर्पको खुट्टा समात्न सकिँदैन ।

साँध नाघ्नु पनि त ठिक होइन । दाज्यूले घाँस खाए भन्दैमा के म पनि उनकै पछि लागूँ ? यही भविष्य देखेरै न हो ! यही चेपेमा पाउ लाग्नु भएर माताजीले नियम बाँधिदिएको । 'लडाइँका लागि दुवै भाइले चेपे नतर्नू, जो तर्ला उलाई मेरो दूधको पातक लाग्ला' भनी उहाँले छेकबार लाइदिएकोले नै न हो चेपे तर्न नसकेका, अनि माता मुक्त भएपछि हाल उनले सँगसँगै श्राद्ध गर्ने जाल बुनेका । यताबाट माताजीको आज्ञा भङ्ग भएन भन्ने उनको विचार होला । तर उहाँको मनसाय चेपे नतर्नु भन्ने होइन, किन्तु आपमा मारामार नगर्नु भन्ने हो । त्यही आशय बुझेर मिलजुल गरी मेरो विशाल राष्ट्रिय योजनामा सहयोग दिनु पर्नेमा झन् उल्टो प्रतिक्रया । 'गाई भए गोरस भाइ भए मरोस' भनेको त बिलकुल उल्टो पो भयो ए !

जे होस्, माताको आज्ञा म निघ्दिना । बाहिर आडम्बर देखाएर श्राद्ध गर्नुभन्दा बाबु आमाको आशयमुताबिक चल्नु नै छोरा छोरीको कर्तव्य हो । उसैले यहाँभन्दा अगि बढ्नु ठिक होइन, तर कानमा तेल हालेर बस्नु पनि हुँदैन । आधा रातमा हमला गर्न पनि यिनीहरू बेर लाउँदैनन् । अधर्मीले के गर्छ के गर्दैन । उसैले यही लिगलिग कोटामा आड पयाड बलियो गरी फौज राख्छु । चेपे तरेर आए भने चाँहि दाज्यूलाई केही भन्ने होइन । कर्मयोगका आडमा खास यमराज बन्छु ।

शब्द अर्थ :

वैमनस्य	:	मनको खिन्नता
क्रोधाग्नि	:	रिसको ज्वाला
दृष्टान्त	:	उदाहरण
मुनासिब	:	उचित
पार्श्ववर्ती	:	नजिकमा रहेको, अङ्ग रक्षक
आचरण	:	व्यवहार
कत्तल	:	हत्या
शेष	:	बाँकी

मुलाहिजा : पक्षपात

अरणि : ठुलो यज्ञमा आगो पार्ने जोडी काठ

आततायी : लुटपिट

अभ्यास

सुनाइ र बोलाइ :

१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

टक्कर, फट्याङ्ग्रा, वैमनस्य, पार्श्ववर्ती, मनुष्यता ।

२. कथाको पाँचौं अनुच्छेद शिक्षकबाट सुनी तलका प्रश्नको उत्तर दिनुहोस् :

क) गणेश पाँडेको भूमिकाबारे के भनिएको छ ?

ख) गणेश पाँडेले कसलाई आफ्नो गुटमा मिसाएका थिए ?

ग) द्रव्य शाहले अंशबण्डाबाट के पाएका थिए ?

घ) 'राज्याभिषेक' को अर्थ के हो ?

३. तपाईंले जानेको कुनै कथा कक्षामा सुनाउनुहोस् ।

पढाइ :

१. 'सङ्घर्ष' कथा सहजकर्ताको निर्देशनमा पालैपालो वाचन गर्नुहोस् ।

२. कथा पढी केही जिज्ञासा भए सहजकर्तालाई सोध्नुहोस् ।

३. कथा पढेर तलका भनाइहरू ठिक भए (✔) र बेठिक भए (✘) चिह्न लगाउनुहोस् ।

(क) द्रव्य शाह आफ्नै भाइको डरले भागेका हुन् ।

(ख) शत्रुको शेष राख्ने व्यक्ति मुर्ख होइन ।

(ग) गणेश पाँडेले राज्य प्राप्त गर्न सहयोग गरेका हुन् ।

(घ) रागिनास मौजा अंशबण्डाबाट पाएको होइन ।

लेखाइ :

१. कथाको तेस्रो अनुच्छेद अनुलेखन गर्नुहोस् ।

२. कथाको चौथो अनुच्छेदबाट मुख्य चार बुँदा टिपोट गर्नुहोस् ।

३. कथाको अन्तिम अनुच्छेदलाई एक तिहाइ हुने गरी सारांश लेख्नुहोस् ।

४. **व्याख्या गर्नुहोस्**

(क) बाहिर आडम्बर देखाएर श्राद्ध गर्नुभन्दा बाबु आमाको आशयमुताबिक चल्नु नै छोरा छोरीको कर्तव्य हो ।

(ख) खेतीवालले कमाएको बाली लुट्न आउने साँढेलाई नचुटेर साध्य होला र !

५. तल दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

भताभुङ्ग, बन्धु, अन्याय, शेष, इज्जत, घाँस ।

कार्यमूलक व्याकरण :

इच्छार्थ :

१. तल दिइएका क्रियापदहरू प्रयोग गरी वाक्य बनाउनुहोस् ।

भएस्, गएस्, गए, पढे, जाऊँ, पढूँ, जाऔँ, पढौँ, जाओस्, पढोस्, जाऊन् ।

२. इच्छार्थ भावले वक्ता वा लेखकको अनुरोध, अनुनय, बिन्ती, प्रार्थना, इच्छा आदि जनाउँछ ।

जस्तै :

- उनीहरू चर्चित होऊन् ।
- तँ चिरायु भएस् ।
- हरि चर्चित होओस् ।

३. इच्छार्थ भाव प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।

४. तलका वाक्यलाई इच्छार्थ वाक्यमा परिवर्तन गर्नुहोस् :

क) उनीहरू कविता लेख्छन् ।

ख) ऊ देशका लागि लड्छ ।

ग) हामी गौरवसाथ बाँचेका छौँ ।

घ) तिमी गीत गाउँछौ ।

परियोजना कार्य :

१. सहयोगी शिक्षकबाट कुनै ऐतिहासिक घना सुनेर त्यसलाई कथा बनाई लेख्नुहोस् ।